
शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३२ अंक १९५ काठमाडौं | १५ भदौ २०८१ शनिबार भाद्र कृष्णपक्ष त्रयोदशी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, August 31, 2024 | पृष्ठ ६+२+४ | १० रुपैयाँ




HONDA
From City Lights to Mountain Heights
Ride It All !
NX 200
at just
Rs. 484,900/-

शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com
वर्ष ३२ अंक १९५ काठमाडौं | १५ भदौ २०८१ शनिबार भाद्र कृष्णपक्ष त्रयोदशी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, August 31, 2024 | पृष्ठ ६+२+४ | १० रुपैयाँ

## बेवारिस बम विस्फोटमा दुवै हात गुमाए, द्वन्द्वपीडितको साथ जुटाए

**जंगलमा बाख्रा पछ्याउँदा विस्फोटमा परेर दुवै हात गुमाएका म्याग्दीका सुरेन्द्र खत्रीले अपांगता भएका द्वन्द्वपीडितको सञ्जाल बनाए, शान्ति सम्झौतापछि पनि बेवारिस बम विस्फोटमा घाइते भएकाहरूलाई परिपूरण तथा न्याय दिलाउने प्रावधान उनीहरूकै खबरदारीले कानुनमा भर्खरै थपिएको छ**



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

**सशस्त्र द्वन्द्वकालमा विस्फोटमा परी दुवै हात गुमाएका म्याग्दीका सुरेन्द्र खत्री (बीचमा) बेपत्ता पारिएका पीडितको १४ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा माइतीघर मण्डलमा शुक्रबार दीप प्रज्वलनमा सहभागी हुँदै । खत्रीले १९ वर्षको हुँदा म्याग्दीको जंगलमा भएको विस्फोटमा दुवै हात गुमाएका थिए ।**

**घनश्याम खड्का** (काठमाडौं)

सुरेन्द्रबहादुर खत्रीलाई सुरुमा देख्ने जो पनि एकै पटक हर्ष र विस्मात्ले घेरिन पुग्छ । हँसिलो अनुहार र फुर्तिलो जीउमा देखिने ऊर्जा देख्दा जोसुकैको हृदय रमाउँछ । तर कुइनाभन्दा अलिक तलबाट बिलाएका उनका दुवै हातमा आँखा पर्दा हृदय खलबलिन्छ ।

असंख्य अपरिचितले उनलाई पहिलो भेटमै सोधेका छन्, 'के भयो यस्तो, कसरी भयो यस्तो ?'

यही प्रश्नलाई झेल्न नपरोस् भनेर सुरेन्द्रले झन्डै एक दशकसम्म ज्याकेटको लामो बाहुलाको सहारा लिए ।

'मलाई सहानुभूति मन पर्दैन,' भन्छन्, 'कुन जुनीको पापले यस्तो भयो होला भन्छन्, यस्तो दया त झन् मन पर्दैन । त्यसैले आठ वर्षसम्म हात कसैलाई देखाइनँ ।'

> म विस्फोटमा पर्दा सशस्त्र द्वन्द्व चलिरहेको थियो, तर शान्ति सम्झौतापछि पनि बारुदी सुरुङ र बेवारिस बम पड्केर अरू धेरै घाइते तथा अपांगता भएका छन्, यी घटनालाई राज्यले बेवास्ता गर्न मिल्दैन
>
> • सुरेन्द्रबहादुर खत्री

म्याग्दीको मंगला गाउँपालिका-२ सल्यानमा जन्मेहुर्केका सुरेन्द्रका हात २०६३ असार १२ को बेलुका ४ बजेसम्म ठीकठाक थिए । भारतीय गोर्खा सैनिकका लाहुरे बाबु लालबहादुर खत्रीको सपना थियो- छोरालाई पनि फौजी बनाउने । आठ पास गरे भर्ती हुन योग्यता पुग्थ्यो । २०४२ असोज १२ मा जन्मेका सुरेन्द्र १० कक्षा पुगेपछि एसएलसी नदिई लाहुरे बन्ने धुनमा लागे । शारीरिक व्यायाममा पारंगत भएपछि भर्ती हुन उनी २०६२ मा बनारस गए । दौडमा छानिए र शारीरिक जाँचमा पनि पास भए ।

अब केही कागजपत्र बनाउनुपर्ने थियो । त्यसैका लागि उनी बनारसबाट घर फिरे । भलिबलमा उनको रुचि थियो । जिल्लामा हुने अनेकन् प्रतियोगितामा खेल्न भनेर उनी धेरै ठाउँमा पुगेका पनि थिए । त्यो दिन पनि उनी नजिकको वनमा बाख्रा छाडेर सुटुक्क भलिबल खेल्न जाने सुरमा घरबाट निस्किए । तर वन पुगेपछि बाख्रा भाग्यो । पछिपछि कुद्दै जाँदा प्लास्टिकको एउटा थैलोमा उनको खुट्टा अल्झिन पुग्यो । **बाँकी पृष्ठ ५**

## भ्रष्टाचार मुद्दामा हदम्याद सरकारले नै फिर्ता लिने

**निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने कि नल्याउने, बेनामी उजुरी लिने कि नलिने, भ्रष्टाचार मुद्दा दर्ता भएपछि सार्वजनिक पद धारण गरेको व्यक्ति निलम्बनमा पर्ने कि नपर्ने र नीतिगत भ्रष्टाचारको विषयलाई कहाँ सम्बोधन गर्नेलगायत विषय टुंग्याउन बाँकी**

**राजेश मिश्र** (काठमाडौं)

चौतर्फी आलोचनापछि सरकारले भ्रष्टाचारको मुद्दामा '५ वर्षे हदम्याद' को प्रावधान फिर्ता लिने भएको छ । गृहमन्त्री रमेश लेखकले शुक्रबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा सरकार 'हदम्याद' को प्रावधान फिर्ता लिन तयार भएको बताएका हुन् । समितिले अब हदम्यादसम्बन्धी कुनै प्रावधान विधेयकमा नराख्ने भएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक 'हदम्याद' को प्रावधानका कारण विवादित बनेको थियो । विधेयकको दफा ४५(१) भनिएको छ- 'भ्रष्टाचारजन्य कसुरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्नेछ ।' उक्त प्रावधानले भ्रष्टाचारीलाई जोगाउने भन्दै सडकदेखि संसद्सम्म विरोध भएको थियो ।

शुक्रबार त्यही बुँदामा छलफलका लागि गृहमन्त्री लेखकलाई समितिले बोलाएको थियो । समितिमा उपस्थित सबैजसो सदस्यले उक्त बुँदा हटाउनुपर्ने बताएका थिए । बैठकमा गृहमन्त्री लेखकले 'हदम्याद' को विषयको सन्दर्भमा सरकारले कहिल्यै पनि 'पोजिसन' लिएर नबसेको र फिर्ता लिन तयार भएको बताए । 'हदम्यादको सन्दर्भमा सरकारले कहिल्यै पनि पोजिसन लिएको थिएन । यो विषयमा ज्यादा चर्चा भएको देखियो । समिति बैठकमा सरकारका तर्फबाट मैले उक्त विषयलाई फिर्ता लिने बताएँ,' उनले भने ।

समिति सभापति रामहरि खतिवडाले भ्रष्टाचार मुद्दामा 'हदम्याद' सम्बन्धी व्यवस्था हटाउन समिति एकमत रहेका बेला सरकार पनि त्यसलाई फिर्ता लिन तयार भएको बताए । 'हदम्याद फिर्ता लिने सरकारको प्रस्तावलाई समितिले सर्वसम्मतिले अनुमोदन गरेको छ । अब विधेयकमा हदम्यादको प्रावधान रहने छैन । भ्रष्टाचार कसुरमा जुनसुकै कालखण्डमा मुद्दा चलाउन बाधा व्यवधान नपुग्ने गरी समितिले विधेयकलाई अन्तिम रूप दिनेछ,' उनले भने ।

समिति सदस्य माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले विधेयकमा आएको उक्त ५ वर्षे हदम्यादको प्रावधान अमूर्त भएको र कारबाही हुनेमा आशंका देखिएकाले विरोध गरेको बताए । 'दुई ठूला दलको सरकार रहेका बेला सरकारले जे चाहन्छ, त्यही हुने आशंका कायम थियो,' उनले भने 'तर, सबैतिरबाट जुन खालको विरोध भयो, समिति पनि एकमत देखियो, सरकार पनि पछि हट्न बाध्य भयो ।' **बाँकी पृष्ठ ५**

> हदम्यादको सन्दर्भमा सरकारले कहिल्यै पनि 'पोजिसन' लिएको थिएन, समिति बैठकमा सरकारका तर्फबाट मैले उक्त विषय फिर्ता लिने बताएको छु
>
> • रमेश लेखक
> गृहमन्त्री

> हदम्याद फिर्ता लिने सरकारको प्रस्ताव समितिले सर्वसम्मतिले अनुमोदन गरेको छ, अब हदम्यादको प्रावधान रहने छैन
>
> • रामहरि खतिवडा
> सभापति, राज्य व्यवस्था तथा सुशासन समिति

**प्रहरीमा ३० वर्षे सेवा अवधि नै कायम**
पृष्ठ ५




### कोसेली

- बेलायतभन्दा रमाइलो भेडीगोठ



- क्वियरका मनका कुरा
- आखिर के राखिएको छ नाममा ?

### कान्तिपुर जनमत

**नतिजा**

कामको खोजीमा विद्यार्थीको रुपमा रुस पुगेका १५० युवा अलपत्र परेका छन् । उनीहरूका लागि तत्काल के गर्नु उपयुक्त होला ?

| | |
|---|---|
| सरकारले स्वदेश फर्काउनुपर्छ | २७.१९% |
| रुसको भिसा अवधि बढाउन पहल गरिदिनुपर्छ | ८.६% |
| अलपत्र पार्ने बिचौलियालाई पक्राउ गरी क्षतिपूर्ति दिलाउनुपर्छ | ५८.०६% |
| केही भन्न चाहन्नँ | ६.१५% |

**आजको प्रश्न**

द्वन्द्वकालमा लुकाइएको बम विस्फोटबाट पाँचथरमा दुई बालबालिकाले ज्यान गुमाएका छन् । यो घटनाबारे सरकारलाई तपाईं मुख्य रुपमा के भन्नुहुन्छ ?

आफ्नो राय राख्न जानुस् www.ekantipur.com वा Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

Google play | App Store

## आँखा अस्पतालहरूमा भारतीयको आकर्षण



तस्बिर : सन्जु पौडेल/कान्तिपुर

**भैरहवास्थित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरमा आँखाका बिरामी ।**

**कान्तिपुर टिम** (काठमाडौं)

भारतको महाराजगन्ज जिल्लाकी ७० वर्षीया सावित्री पाण्डे रूपन्देहीको भैरहवास्थित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरमा शल्यक्रियाका लागि पालो पर्खिरहेकी थिइन् । तीन महिनाअघि दुवै आँखाको शल्यक्रिया गरेकी उनको आँखाको झिल्लीमा समस्या देखिएपछि पुनः शल्यक्रियाका लागि गतसाता आएकी हुन् । 'अघिल्लो पटक पनि राम्रो उपचार भयो, त्यसैले फेरि यहीँ आएँ,' उनले भनिन् ।

> भारतमा भन्दा सस्तो र स्तरीय सेवा रहेकाले नेपालसम्म धाएर उपचार गराउने बढ्दो

भारतकै बलरामपुर पिपरी चन्दापुरका ५५ वर्षीय मुर्तजा साह कपिलवस्तुको बहादुरगन्जस्थित छन्द (काले बाबु) नारायणी आँखा अस्पतालमा भेटिए । उनको घरबाट आधा घण्टा दूरीमा रहेको बलरामपुर बजारमा पनि आँखा अस्पताल छ । तर पनि उनी सीमावारिको नेपाली अस्पताल आएका थिए । भारतमा भन्दा सस्तो र स्तरीय सेवा उपलब्ध रहेकाले यहाँ आएको उनले बताए । **बाँकी पृष्ठ ५**

# भ्रष्टाचारका नयाँ बहाना बने कर्णालीका 'हाइटेक' नर्सरी

कर्णाली प्रदेश सरकारले करोडौं रुपैयाँ विनियोजन गरेर २३ वटा 'हाइटेक' नर्सरी निर्माण सुरु गरेको पाँच वर्षसम्म अधिकांश बनेनन्, बन्दै गरेका पनि अलपत्र



तस्बिर : ज्योति/कान्तिपुर

ठाँटीकाँध-१ को जिउनी दूधेपानीमा ४६ लाखमा बनाइएको हाइटेक नर्सरीको जीर्ण अवस्थामा रहेको भवन । नर्सरीभित्र उम्रिएको घाँस (तल) ।

**ज्योति कटुवाल** (सुर्खेत)

कर्णाली प्रदेश सरकारले चार वर्षको अवधिमा उच्च प्रविधियुक्त (हाइटेक) नर्सरी कार्यक्रमका लागि ३२ करोड ८६ लाख रुपैयाँ विनियोजन गर्‍यो । तर, कुल खर्च भने १० करोड मात्र हुन सकेको छ । एकातिर वन र कृषि क्षेत्रको विकासका साथै रोजगार सिर्जनाका लागि विनियोजित बजेट फ्रिज हुन पुगेको छ भने अर्कोतिर खर्च भएको रकम पनि दुरुपयोग भएको छ ।

प्राप्त कागजात र फिल्ड अवलोकनअनुसार, अधिकांश हाइटेक भनिएका नर्सरीमा लगानी नै नगरी रकम हिनामिना गरिएको छ । केही नर्सरी बनाउने नाममा जमिन सम्याउने र तारबारबाहेक अन्य काम अघि बढेको छैन । आर्थिक वर्ष २०७५/७६ मा हाइटेक नर्सरी कार्यक्रम लागू गर्दा मुख्यमन्त्री महेन्द्रबहादुर शाही, उद्योग वन तथा वातावरणमन्त्री नन्दसिंह बुढा र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसी थिए । हाइटेक नर्सरी स्थापनाका लागि कर्णाली प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सबैभन्दा बढी बजेट दैलेखमा विनियोजन गरेको थियो । मन्त्रालयका अनुसार आव २०७५/७६ मा दैलेखको नारायण नगरपालिका-१०, ठाँटीकाँध गाउँपालिका-१ र भगवतीमाई गाउँपालिका-३ मा एक/एकवटा हाइटेक नर्सरी सञ्चालनका लागि कुल ४ करोड १२ लाख रुपैयाँ विनियोजन गरिएको थियो । तर, पाँच वर्ष बितिसक्दा पनि यी तीनवटै नर्सरी सञ्चालमा आउन सकेनन् ।

भगवतीमाई गाउँपालिका-३ को सान्तडामा नर्सरीका लागि २० लाख खर्च गरेर बनाइएको संरचना अहिले केही स्थानीयको आवास गृह बनिरहेको छ । बाँकी संरचना पनि जीर्ण भइसकेको छ । एक करोड बजेटको सम्झौता भए पनि उपभोक्ता समितिले २० लाख पेस्की लिएर काम सुरु गरेको थियो । उपभोक्ता समितिका अध्यक्ष कमल रेग्मी आफूलाई प्राप्त बजेटअनुसारको काम गरेको तर, थप रकम नपाएपछि अलपत्र छाड्नुपरेको बताउँछन् । 'डिभिजन वन कार्यालयले प्रदेशले बजेट निकासा नगरेकाले थप रकम दिन नसक्ने जवाफ दियो,' रेग्मीले भने ।

ठाँटीकाँध गाउँपालिका-१ को जिउनी दूधेपानीमा हाइटेक नर्सरी निर्माणका लागि ४६ लाख पेस्की लिएर उपभोक्ता समितिले फिल्डमा घेराबेरा गर्‍यो, करिब ५ सय मिटर बाटो खन्यो र कर्मचारी बस्ने सानो दुईकोठे भवन बनायो । अहिले भवनका झ्याल-ढोका उप्किएका छन् भने घेराबारा गरिएका सामग्री पनि छैनन् । वडाध्यक्ष चक्र विक तत्कालीन सरकारले कार्यकर्ता रिझाउन यो कार्यक्रम ल्याएको आरोप लगाउँछन् । भन्छन्, 'त्यसो नहुँदो हो त, काम सम्पन्न गर्नका लागि तोकिएको बजेट निकासा गर्नुपर्थ्यो, भएका संरचनाको जिम्मेवारी कसैले लिनुपर्थ्यो ।' उपभोक्ता समितिका अध्यक्ष मोहन विक भने बजेट नहुँदा थप काम गर्न नसकिएको बताउँछन् । उनलाई पनि डिभिजन वन कार्यालयले प्रदेशबाट बजेट नआएको बताएको छ ।



जाजरकोटकै नारायण नगरपालिका-१०, जोतडाको भवानी हाइटेक नर्सरी पनि उस्तै लथालिंग छ । निर्माणमा उपयोग गरिएका ताजाली, पाइपलगायतका सामग्री अहिले हराइसकेका छन् । 'निर्माण अपुरो, अलपत्रै भए,' स्थानीय बासिन्दा वीरेन्द्र बस्नेतले भने, 'निर्माण सामग्री पनि खै क-कसले उठाएर लगे ।' सुरुमा १ करोड लागतमा बनाउने भनिए पनि डिभिजन वन कार्यालयले ५० लाखमा सम्झौता गराई ३१ लाख मात्रै भुक्तानी दिएको उपभोक्ता समितिका अध्यक्ष रत्नप्रसाद उपाध्याय बताउँछन् । भन्छन्, 'कोरोनाको मारमा सामान पनि निकै महँगो पर्‍यो तर थप बजेट दिएनन् ।'

दैलेखका डिभिजन वन अधिकृत धर्मराज उपाध्याय प्रदेश सरकारले नै बजेट नपठाउँदा उपभोक्ता समितिहरूलाई बाँकी कामका लागि रकम दिन नसकिएको जिकिर गर्छन् । 'त्यतिञ्जेल म प्रमुखको जिम्मेवारीमा थिइनँ, अहिले बुझ्दै जाँदा थाहा भयो, खर्च भएको रकमले पनि भवन र फिल्डमा बाहेक थप केही भएको रहेनछ,' उनले थपे, 'मन्त्रालयले योजनाअनुरूप सम्पन्न गराउन पनि चासो दिएको भए यस्तो हुँदैनथ्यो होला ।'

### सुर्खेतमा घरै अर्कालाई

प्रदेशको कृषि विकास निर्देशनालय र सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ लाटीकोइलीस्थित आदर्श ग्रामीण बहुउद्देश्यीय सहकारीबीच २०७७ वैशाख २८ मा हाइटेक नर्सरी निर्माणका लागि सम्झौता गरियो । सम्झौतामा हाइटेक नर्सरी निर्माण स्पष्ट उल्लेख भए पनि सहकारीले सम्झौताविपरीत काम गरिरहँदा पनि निर्देशनालयले भुक्तानी दिइरह्यो । झन्डै ९६ लाखमा निर्माण गरिएको नर्सरी अहिले भताभुङ्ग अवस्थामा छ । नर्सरीका सामग्री भण्डारणका लागि अनुदानकै रकमले बनाइएको भवनमा जुम्लाकी वेदकली भट्टराईको परिवार बस्छ । वेदकलीले सहकारीका अध्यक्ष राजेन्द्र बुढाबाट उक्त घर खरिद गरेको बताइन् ।

### कालीकोटमा पेस्की लिएर फरार

कालीकोटको खाँडाचक्र नगरपालिका-६ दाहामा हाइटेक नर्सरी निर्माणका लागि गठित उपभोक्ता समितिले निर्माण सामग्री आपूर्तिका लागि जुम्लाका छत्र शाही र कर्ण बुढासँग २०७६ जेठ ११ मा सम्झौता गर्‍यो । सामेल एग्रिकल्चर प्रालि नामक बुढाको फर्ममार्फत समितिसँग जोडिएका शाहीले उपभोक्ता समितिबाट १८ लाख पेस्की लिएर सामग्री आपूर्ति नगरी सम्पर्कविहीन भए । 'हाइटेक नर्सरी निर्माण गर्ने भनेर चहलपहल बढेको थियो । निर्माण स्थलमा केही सामान झारेका पनि थिए,' स्थानीय बासिन्दा बिर्खबहादुर विकले भने, 'फेरि रातारात ती सामान उठाएर लगेछन्, अहिले अत्तोपत्तो छैन ।'

कार्यविधिअनुसार हाइटेक नर्सरीको स्थान छनोट गर्दा थ्री फेज विद्युत् लाइन र सडक पुगेको हुनुपर्छ । तर झूटा विवरण पेस गरी रकमको दुरुपयोग हुँदासमेत डिभिजन वन कार्यालय रमिते बनेको विकको आरोप छ । उपभोक्ता समितिका सचिव पर्व नेपाली पनि छत्रबहादुरले पेस्की रकम लिई भागेको बताउँछन् । डिभिजन वन कार्यालयले पेस्की रकम फिर्ता गर्न उपभोक्ता समितिलाई पत्राचार गरे पनि फरार भनिएका व्यक्तिविरुद्ध कतै उजुरी गरेको छैन । कालीकोटकै रास्कोट नगरपालिका-७ मा बनाउन थालिएको अर्को हाइटेक नर्सरी पनि अलपत्र छ । २०७६ जेठ ११ मा ९० लाखको लागत सम्झौता भई १७ लाख १० हजार रुपैयाँ पेस्की लिएको समितिका अध्यक्ष कपुर महताराले बताए । तर पाँच वर्ष पुग्दासम्म पनि काम भएको देखिँदैन ।

महताराका अनुसार १७ लाखमा जग्गा सम्याउनेभन्दा बढी काम हुन सकेन । 'त्यसपछि वन कार्यालयले पनि चासो दिएन । हामीले पाएको रकम बराबरको काम गर्‍यौं,' रास्कोट नगरपालिका-७ का वडाध्यक्षसमेत रहेका महताराले भने । डिभिजन वन कार्यालय, कालीकोटका प्रमुख महेश कुमाई उपभोक्ता समितिले सम्झौता गरी पेस्की रकम लिएर पनि काम नगरेको आरोप लगाउँछन् । 'काम गरेको भए सम्झौताअनुसारको रकम भुक्तानी हुनुपर्ने हो,' उनले भने, 'दुवै उपभोक्ता समितिले पेस्की रकम फछ्र्योट गरेका छैनन् ।' अहिले योजनाका लागि तोकिएको अवधि सकिएको छ र खर्च हुन नसकेको बजेट फ्रिज भएको छ । महालेखा परीक्षकको कार्यालयले २०७६ भदौ ३० को अन्तिम लेखा परीक्षणबमोजिम पेस्की रकम बेरुजुका रूपमा असुल गर्न कार्यालयलाई पत्राचार गरे पनि असुल भएको छैन ।

### डोल्पामा कार्यालय प्रमुखबाटै हिनामिना

कृषि ज्ञान केन्द्र डोल्पाका तत्कालीन प्रमुख सम्पत्ति बुढाले ठूलीभेरी नगरपालिका-८ मा ओबी हाइटेक नर्सरी निर्माणका लागि श्रीमती सोनकली बुढाको फर्मलाई उपयोग गरेर रकम हिनामिना गरेका छन् । उनले २०७५ सालमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट नर्सरी निर्माण र शीत भण्डारका लागि ३७ लाख ५० हजार रुपैयाँ अनुदान पाएका थिए । त्यसका लागि कार्यालय प्रमुख बुढाकी श्रीमती

> **स्थानीयको आवश्यकता नबुझी, सम्बन्धित काममा दक्षता नभएका उपभोक्ता समिति र संस्थाहरूलाई हचुवाको भरमा निर्माण जिम्मा**

सोनकलीका नाममा दर्ता भएका ओबी फलफूल, नर्सरी र शीत भण्डारलाई प्रयोग गरियो ।

नर्सरी र कोल्ड स्टोर दुवै अहिले सञ्चालनमा नरहेको स्थानीय किसान बिर्ख बुढा बताउँछन् । 'अनुदान रकम खानलाई अलिअलि चलाएको जस्तो गरे पनि उत्पादनमुखी छैन,' उनी थप्छन्, 'कार्यालय प्रमुखले श्रीमतीको फर्मलाई प्रयोग गरी अनुदान आफैं कुम्ल्याए ।' हाल बागबानी केन्द्र डोल्पाका कार्यालय प्रमुख रहेका बुढा भन्छन्, 'हामीले राज्यलाई दुईवटा फर्मको कर तिरेका छौं, जसको नाममा फर्म छ उसैले काम गर्ने हो, मेरा छोराछोरीले पनि काम गर्छन् । नर्सरी चलेन त के गरौं ?'

जिल्ला कृषि विकास कार्यालय, डोल्पाका तत्कालीन निमित्त प्रमुख शरद लामाले पनि श्रीमतीको फर्म प्रयोग गरी हाइटेक नर्सरीको बजेट दुरुपयोग गरेका छन् । उनले श्रीमती दावाक्यामु लामाको पूर्णिमा हिउँदे फलफूल नर्सरीका नाममा ५ लाख रकम अनुदान लिएको कार्यालयको विवरणमा भेटिन्छ । तर, उक्त नर्सरी अहिले सञ्चालनमा छैन । सरकारी अनुदान लिएका निमित्त कार्यालय प्रमुख लामा बिरुवा बिक्री हुन छाडेपछि नर्सरी पनि बन्द गरेको बताउँछन् ।

आव २०७५/७६ मा डोल्पाको ठूलीभेरी नगरपालिका-३ मा ३७ लाख ५० हजार खर्च गरेर जीवन कृषि फलफूल तथा नर्सरीको पूर्वाधार बनाइएको भनिए पनि अहिले त्यहाँ कुनै संरचना देखिँदैन । उपभोक्ता समितिका अध्यक्ष दलबहादुर ठकुल्ला पेस्की लिएको १८ लाख रुपैयाँले जग्गा सम्याउनेभन्दा बढी काम हुन नसकेको बताउँछन् । भन्छन्, 'त्यो पनि पहिरोले पुरेर व्यर्थै बनाइदिएको छ ।'

डोल्पाका तत्कालीन प्रदेश सांसद नन्दसिंह बुढा २०७४ देखि २०७८ सम्म कर्णाली प्रदेश सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री थिए । उनको कार्यकालमा डोल्पामा हाइटेक नर्सरी शीर्षकमा २ करोड २४ लाख विनियोजन भएको थियो । तर, नर्सरी निर्माणको काम कतै सुरु नै भएन भने कतै सम्पन्न नगरी अलपत्र छाडियो । डोल्पामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पनि ४ वटा हाइटेक नर्सरी निर्माणका लागि ३ करोड १४ लाख विनियोजन गरेको थियो । ती आयोजनामा पनि काम भएको छैन ।

### के हो हाइटेक नर्सरी ?

वन तथा कृषि पैदावरका लागि गुणस्तरीय बिरुवा उत्पादन गर्ने उच्च प्रविधियुक्त नर्सरी हो, हाइटेक नर्सरी । वातानुकूलित र स्वचालित यस्तो नर्सरीमा परावैजनी किरण अवरोधक ग्रिन हाउस बनाइएको हुन्छ । तापमान नियन्त्रणका लागि एग्रिनेट र किराको प्रकोपबाट बचाउन इन्सेक्ट नेट जस्ता व्यवस्था गरिएको हुन्छ । आधुनिक प्रविधियुक्त सिँचाइको व्यवस्था, बिरुवा उमार्नका लागि आवश्यक पोषण आदिको व्यवस्था गरिएको यस्तो नर्सरीमा बेमौसमी तरकारीका बिरुवा साथै फलफूल र अन्य बिरुवाहरू कम समयमा र ठूलो परिमाणमा उत्पादन गर्न सकिन्छ । तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीका पालामा 'एक निर्वाचन क्षेत्र एक हाइटेक नर्सरी' नाराका साथ यो कार्यक्रम ल्याइएको थियो । सम्भाव्यता अध्ययन र स्थानीय आवश्यकतालाई बेवास्ता गरी हचुवाका भरमा ल्याइएको यो कार्यक्रमले राज्यको रकम खेर फाल्नेबाहेक केही नगरेको हाल प्रदेश योजना आयोग उपाध्यक्ष रहेका कृषि विज्ञ सूर्यनाथ योगी बताउँछन् । योगीका अनुसार हाइटेक नर्सरी कार्यक्रमको पेस्की रकममै बदमासी भएको छ । तत्कालीन मुख्यमन्त्री शाही, उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री नन्दसिं बुढा र कृषिमन्त्री विमला केसी साढे तीन वर्षसम्म पदमा बहाल थिए । एक पटक बजेट विनियोजन गरेपछि त्यो कामको अनुगमन, मूल्यांकन नहुनु र मातहतका निकायले पनि काम नगर्नुले नेतृत्वमाथि नै प्रश्न उठ्ने उनी बताउँछन् ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव केदार बरालले अनियमितता भएको व्यापक गुनासो आएपछि हाइटेक नर्सरी कार्यक्रमलाई प्रदेश सरकारले निरन्तरता नदिएको बताए । भने, 'अहिले निरन्तरता दिएका छैनौं, अख्तियारले अनुसन्धान गरिरहेको हुँदा हामीले बेग्लै छानबिन पनि गरेका छैनौं ।'

### सिम्ता 'केस स्टडी'

सुर्खेतको सिम्ता गाउँपालिका-५, आलीमा हाइटेक नर्सरी निर्माणका लागि २०७५/७६ मा प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक करोड विनियोजन गर्‍यो । तर, अहिलेसम्म पनि उक्त नर्सरी सञ्चालनमा आएको छैन । बनेका संरचना भग्नावशेषमा परिणत भएका छन् । उच्च प्रविधियुक्त नर्सरी स्थापना र सञ्चालन कार्यविधि, २०७५ ले निर्देशित गरेका हाइटेक नर्सरी निर्माणका लागि विद्युत्‌को थ्री फेज लाइन जडान, सार्वजनिक बाँझो जमिन, यातायातको पहुँचलगायतका सर्त सिम्तामा पालना भएन ।

उपभोक्ता समितिका अध्यक्ष जगत महतारा भन्छन्, 'सुरुमा थ्री फेज लाइन भएको स्थान छनोट गरौं भनेका थियौं, तर प्राविधिक इस्टिमेटमै नराखेपछि हाम्रो के लाग्छ ।' महतारा त नर्सरीका लागि प्रविधि र अन्य सामग्री आपूर्तिको जिम्मा लिएका काठमाडौंस्थित नाफ सिड्सका प्रतिनिधि प्रह्लाद गौतमले नेता र कर्मचारीलाई मिलाउनुपर्छ भन्दै उपभोक्ता समितिबाट ६ लाख रुपैयाँ माग गरेको आरोप लगाउँछन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डिभिजन वन कार्यालयका कर्मचारी र उपभोक्ता समिति मिलेर फर्जी कागज तयार पारी नियमविपरीत भुक्तानी लिई भ्रष्टाचार गरेको आरोपमा २०८० फागुन २३ मा विशेष अदालतमा मुद्दा दायर गर्‍यो ।

अख्तियारले डिभिजन वन कार्यालयका तत्कालीन प्रमुख गोविन्दप्रसाद दाहाल, सहायक वन अधिकृत टेकबहादुर रावल र लेखापाल लक्ष्मीकुमारी थापा क्षेत्रीले उपभोक्ता समितिसँगको मिलेमतोमा फर्जी कार्य सम्पन्न प्रतिवेदन बनाई रकम भुक्तानी गरेको आरोप लगाउँदै नर्सरी उपभोक्ता समितिका अध्यक्ष जगत महतारा, गाउँपालिकाका तत्कालीन अध्यक्ष कवीन्द्रकुमार केसीसमेत ११ जनालाई विपक्षी बनाएको थियो ।

यद्यपि, अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थलगत र प्राविधिक प्रतिवेदनबाट सम्झौताबमोजिमको हाइटेक नर्सरी निर्माण भएको स्वीकार भएको देखिएको, कृषि खेती नर्सरी व्यवस्थापन सञ्चालन कार्यविधि २०७८ चैत २ मा जारी भएकाले त्यसअघि भएका काममा सम्बन्धमा को-कसले जिम्मेवारी लिने भन्ने विषय नखुलेको आदि कारण देखाउँदै विपक्षीलाई सफाइ दियो ।

अधिवक्ता दुर्गा सापकोटा उक्त मुद्दामा विपक्षीले सफाइ पाउनुमा अख्तियारकै कमजोरी रहेको आरोप लगाउँछन् । 'अख्तियारले पर्याप्त अनुसन्धान गर्न सकेन,' उनी भन्छन्, 'अनुसन्धान र अभियोजन राम्रोसँग गरेको भए हार्नुपर्ने आधार नै थिएन । अख्तियारमा कसैको मोलाहिजामा परेर अनुसन्धान फितलो पार्ने प्रवृत्ति देखिएको छ ।' तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसी पनि हाइटेक नर्सरीमा अपेक्षाअनुसारको काम नभएको स्विकार्छिन् । उनले भनिन्, 'तरकारी र फलफूलका बिरुवा बाहिरबाट आयात भइरहेको देखेर कर्णालीलाई आत्मनिर्भर गराउने उद्देश्यले कार्यक्रम लागू गरिएको हो । तर हाम्रो विज्ञता नपुगेर समस्या आयो ।'

सिम्ता गाउँपालिकाका स्थानीय बासिन्दा प्रचण्ड पोखरेल हाइटेक नर्सरीका नाममा राज्यको सम्पत्तिको व्यापक दुरुपयोग भएको बताउँछन् । भन्छन्, 'अख्तियारले कस्तो अभियोजन गर्‍यो, अदालतले के भनेर सफाइ दियो हामीलाई थाहा छैन । तर, निर्माण भएको भनिएको हाइटेक नर्सरी आँखै अगाडि छ, त्यहाँ काम नगरेर पैसा सकिएको प्रस्टै देखिन्छ । यस्तो बेथिति किन कसैले देख्दैन ?'

सिम्तामा जस्तै बदनियतपूर्ण तरिकाले रकम हिनामिना गरेको भन्दै अख्तियारले कालीकोटको रास्कोट नगरपालिका-३ स्थित कोलीगाउँमा बनाइएको हाइटेक नर्सरी निर्माण गर्ने सिमनाथ कृषि विकास सहकारी संस्था र कृषि ज्ञान केन्द्रका तत्कालीन प्रमुखविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । तर, यो मुद्दामा पनि अदालतले प्रतिवादीहरूलाई सफाइ दिएको छ । अहिले ६६ लाख ५० हजार रुपैयाँ खर्च गरेर बनाइएको उक्त हाइटेक नर्सरीलाई गाउँलेले बारी बनाएका छन् । यो नर्सरी निर्माणको जिम्मा लिएको थियो, सिमनाथ कृषि सहकारी संस्थाले । संस्थाका कोषाध्यक्ष सुरेन्द्र शाही तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको सचिवालयमा कार्यरत थिए ।

सुरेन्द्र र सहकारीका अध्यक्ष कमल शाहीले आफ्नै सिमनाथ कृषि सहकारी संस्थामार्फत निर्माण गरेको भनिएको नर्सरीको संरचना अहिले अलपत्र रहेको रास्कोट नगरपालिका-३ का वडाध्यक्ष राजेन्द्रनाथ योगी बताउँछन् । 'स्थानीय बासिन्दा हामीलाई सोध्छन्, तर, यो संरचना निर्माण गर्दा स्थानीय सरोकारवाला कसैको पनि सहभागिता छैन,' योगीले भने । प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले अघिल्लो सरकारका पालामा सञ्चालित अनुदानमुखी आयोजनामा अनियमितता भएको जनगुनासो आएपछि हाल अनुदान रोकिएको बताउँछन् । 'दसवटै जिल्लामा वितरण गरिएका अनुदानको अनुगमनपछि मात्र ती कार्यक्रमलाई निरन्तरता दिने वा नदिने टुंगोमा पुग्छौं' उनले भने ।

स्थानीयको आवश्यकता नबुझी, सम्बन्धित काममा दक्षता नभएका उपभोक्ता समिति र संस्थाहरूलाई हचुवाको भरमा उच्च प्रविधियुक्त नर्सरी निर्माणको जिम्मा लगाइएकाले यो कार्यक्रम असफल भएको प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीको बुझाइ छ । *(खोज पत्रकारिता केन्द्र)*

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै कुराले मनमा खुलदुली हुन सक्छ । अनपेक्षित रुपमा मन चिन्तित रहला । कुनै कामको जिम्मेवारीले गर्दा आफूलाई समय दिन भ्याइने छैन ।

**वृष** कतै कसैकोमा कुनै जमघट हुन सक्छ । सकेसम्म समयानुकूल रहन खोजिनेछ । पारिवारिक सुख एवं समृद्धि बढ्नेछ ।

**मिथुन** तपाईंको तार्किक विचारको सम्मान गरिनेछ । कुनै कार्यक्रममा सहभागिता जनाउने मौका मिल्ला । कुनै कुराले मनमा केही अलमल हुन सक्छ ।

**कर्कट** समयलाई आफू अनुरुप तह लगाउन खोजिनेछ । आफूलाई मनपर्ने कुरामा बढी जोड दिइनेछ । जे जसरी मन खुसी हुन्छ उसरी नै आफूलाई प्रस्तुत गरिनेछ ।

**सिंह** जुनै पनि काम गर्दा नहतारिएकै वेश हुनेछ । ससाना कुराले पनि ठूलै प्रभाव पार्न सक्छ । समयानुसारका क्रियाकलापमा सजग रहनुपर्ने बेला छ ।

**कन्या** कुनै कामका लागि खर्च हुन सक्छ । व्यक्तिगत कामकाजका निम्ति कतै जानुपर्ने हुन सक्छ । सकेसम्म सबै कुरालाई यथावत् रुपमा सम्पन्न गर्न खोजिनेछ ।

**तुला** कुनै कुराले गर्दा दिन सहज बन्नेछ । कतै कुनै जमघटमा सामेल हुने मौका मिल्न सक्छ । जसरी पनि समय आफूअनुकूल नै रहनेछ ।

**वृश्चिक** कुनै कुराको अप्रत्याशित जिम्मेवारी आइलाग्ला । कतै कुनै कामले निस्किनुपर्ने हुन सक्छ । सकेसम्म सबैको कुरा बुझी आफूलाई प्रस्तुत गर्न खोजिनेछ ।

**धनु** कुनै पनि कामकुरा गर्दा नहतारिएकै वेश हुनेछ । आफूलाई केही समय दिनु राम्रो हुनेछ । अरुको देखासिकीमा रम्न नखोज्नु नै उचित हुनेछ ।

**मकर** कतै कुनै जमघट या यात्रामा रमाउने मौका मिल्न सक्छ । कुनै कुराले अनपेक्षित खुसी दिलाउनेछ । विभिन्न माध्यमबाट काममा सहयोग मिल्नेछ ।

**कुम्भ** प्रायः सबै कुरा आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन् । विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । सबैले तपाईंको सहजताको ख्याल गर्नेछन् ।

**मीन** कसैले भने गरेका कुरामा खासै वास्ता गरिने छैन । आफ्नै कामकुरामा आफूलाई व्यस्त राखिनेछ । जसरी पनिआफू र आफ्नालाई खुसी राख्न जोड दिइनेछ ।


## वर्गीकृत विज्ञापन

### घर जग्गा

जडिबुटी नरेफाँटमा ५ आना जग्गाबिक्रीमा २२फिट बाटोभएको ९८२३५८४३३७

गोदावारी, बोडेगांउमा २० आना जग्गा बिक्रिमा, ९८५११८३१०५

भक्तपुर कटुन्जेमा ०-४-०-० घडेरी, 9841121438

दुइकरोडकर्जा तुरुन्तैचाहियो, आकर्षकघडेरि धितोदिने: मासिकराम्रो ब्याजदिने 9802315103

माहाराजगन्ज ५० फिटेबाटोमा ०–२–०–३मा बनेको कर्मसीयलघर ३,००,००,००० ९८१३४६८७७२

ताराईको विकासोन्मुखछेत्रमा हाइवेजोडीएको २५कठा,४० कठा, ३०रोपनी घडेरिजग्गाहरू तुपासगर्नेलाइ आधामुल्यमा 9802315104

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

त्रिपुरेस्वर-टेकु मुख्य सडकमा जोडिएको आठ आना जग्गा बिक्रीमा 9851358818

ललितपुर सुनाकोठीमा ५.५आनाजग्गा बिक्रिमा ९८५१२४३७३९

### सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

धितोफुकवा, बैंकलोन चाहिएमा 9851065811, 9841007757

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

धितो र बैंकलोन हुन्छ, 9706639466

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

### विविध बिक्रीमा

प्राइमलेकेशनमा चलिरहेको स्टेशनरी, बुक्सस्टोर बिक्रिमा 9806748185

### निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सेफ्टीट्याङकी सफाई, 9841212244, 9841488132, 01-5182401

सेफ्टीट्याङ्कीसफाई ठूलोगाडीमा मेसिनबाट 015251092, 9851024364

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9841168115

बोरिङ, डिपबोरिङ ईनारसम्बन्धी सम्पूर्णकामकोलागि सम्झनुहोस् । 9851149831, 9849506240

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- 9843768737

### भाडामा

अफिस, IT, INGO, NGO आदिको लागी घर भाडामा १७/१८ कोठे बबरमहल, १०/१५ कार पार्किङ्कसहित ९७०८०७३१३९, ksainju22@gmail.com

खुशीबु लिंकरोडमा बैंक सोरुम-मार्ट गोदामकोलागि सटर-भाडामा, 9851059785, 9841373417

शान्त वातावरण, सफल अफिसको सान 9843743103

### चाहियो

**ईण्डियन तन्दुरीकुक वेटर लेडिज क्यासियर ९७६२४१०४०४**

बबरमहल घरमैबस्ने भान्से महिला, 9841501691

सेक्युरिटी गार्ड तु.अर्जेन्ट १९०००-२३०००।- ९८२३००५३८४

मोण्टेश्वरी टिचर आया दिदि पाटनढोका, ९८१८१८६५५१

खानबस्नसहित तरुन्तै कर्मचारी 15,500/- 9708215844

कुक, हेल्पर, मसाल्ची जोरपाटी 9823348318

रिसोर्टकोलागि अनुभवी मेनेजर किचेन हेल्पर वेटर चाहियो ९८१३२७३००५

थकाली, नेवारीसहित सबै परिकार बनाउन जान्ने कुक चाहियो रोलिङ्गपिन रेष्टुरेण्ट कुपण्डोल ९८४००५०८२४

घरेलु काम गर्ने महिला चाहियो, 9749878262

जावलाखेलमा Ladies, Jens वेटर 9849669465

बिहान ६–१० सरसफाई पुरुष ९८०८०१०१६२

नयांबानेश्वरमा अवस्थित बेबिलोन नेशनल स्कूललाई मिनिबस चालक चाहियो ०१४१०८९०५

GuestHouse को लागी All Rounder कामदार चाहियो, तलब ५०००/- खानेबस्ने सुबिधा छ, 9841349233

### मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने ९८४१०५०८५८

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

### उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

### बिहावारी

३४-बर्षको डाक्टर-क्षेत्रीबरलाई डाक्टर, इन्जिनियर, नर्स-बरचाहियो, 9808948365

३४-बर्षको डाक्टर-क्षेत्रीबधुलाई डाक्टर, इन्जिनियर-बरचाहियो, 9766879473

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १३४.५० |
| युरो | १४९.२५ |
| पाउन्ड स्टर्लिङ | १७७.४५ |
| अस्ट्रेलियन डलर | ९१.९३ |
| कतारी रियाल | ३६.९० |

राष्ट्र बैंकको आधारमा

**सुन** रू. १,५२,९००

**चाँदी** रू. १,८२०

# सोलारमा ८०० मेगावाटको पीपीए मागदा ३६ सय मेगावाटको आवेदन

## प्राधिकरणबाट हालसम्म १७५ मेगावाटको पीपीए, १०७ मेगावाट सञ्चालनमा, थप ३० मेगावाटका सौर्य आयोजना पीपीए प्रक्रियामा



**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल विद्युत् प्राधिकरणले आह्वान गरेको ८०० मेगावाट सौर्य ऊर्जाको विद्युत् खरिद बिक्री सम्झौता (पीपीए) का लागि ३६ सय मेगावाट बराबरको आवेदन परेको छ । १३४ वटा कम्पनीले झ ३६ सय मेगावाटको पीपीएका लागि आवेदन परेको प्राधिकरणअन्तर्गतको विद्युत् व्यापार विभागले जनाएको छ । परेका आवेदनको प्राविधिक मूल्यांकन भइरहेको विभागका निर्देशक राजन ढकालले बताए ।

'८०० मेगावाट सौर्य ऊर्जाका लागि आवेदन माग गरेका थियौं, त्यसमा १३४ वटा कम्पनीमार्फत करिब ३६ सय मेगावाट बराबरको आवेदन परेको छ,' ढकालले भने, 'अहिले ती कम्पनीहरूको प्राविधिक मूल्यांकन भइरहेको छ ।' १ सय ३४ कम्पनीले झन्डै ३ सय वटा आयोजनाका लागि आवेदन दिएको उनको भनाइ छ ।

प्राधिकरणले आगामी दुई वर्षभित्र थप आठ सय मेगावाट विद्युत् सौर्य आयोजनाबाट खरिद गर्ने भन्दै ०८० चैतमा बोलपत्र आह्वान गरेको थियो । एक प्रवर्द्धकले १५० मेगावाटभन्दा बढी नहुने गरी आवेदन दिनुपर्नेछ । प्राधिकरणले २५ वर्षका लागि पीपीए गर्ने गरी आह्वान गरिएको बोलपत्रअनुसार १० मेगावाटभन्दा साना आयोजनाले १८ महिनाभित्र र त्यसभन्दा ठूला आयोजनाले दुई वर्षभित्र विद्युत् उपलब्ध गराउनुपर्नेछ । प्राधिकरणले तराईका लोड सेन्टरमा बढ्दो विद्युत्को माग र विद्युत् आपूर्ति सन्तुलन कायम गर्ने गरी प्रस्ताव आह्वान गरेको हो ।

प्राधिकरणको स्वामित्वमा रहेका २००, १३२ र ३३ केभी सबस्टेसन नजिक निर्माण हुने सौर्य आयोजनाहरूको पीपीए गर्ने तयारी छ । जलविद्युत् आयोजना निर्माण हुन केही समय लाग्ने तर सौर्य आयोजनाहरू एक/डेढ वर्षभित्रमा आउने भएकाले हिउँदको बढ्दो विद्युत् मागलाई पूरा गर्न ग्रिडमा आबद्ध सौर्य ऊर्जालाई प्राथमिकता दिइएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । यसबाट सबस्टेसन वरिपरि रहेका जग्गाको पनि प्रयोग हुने उनको भनाइ छ ।

प्राधिकरणले प्रतिस्पर्धी दरमा प्रस्ताव पेस गर्न आह्वान गरेको हो । प्राधिकरणको ९६३ औं बैठकले सौर्य आयोजनाको विद्युत् प्रतिस्पर्धाबाट खरिद गर्न प्रतियुनिट ५ रुपैयाँ ९४ पैसा अधिकतम आधार दर तय गरेको छ । प्रतिस्पर्धामा उक्त दरभन्दा कममा प्रस्ताव गर्ने आयोजनासँग उपयुक्तताका आधारमा पीपीए गरिने प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले गत वर्ष एक सय मेगावाट सौर्य आयोजनाको पीपीएका लागि यस्तै प्रस्ताव आह्वान गर्दा न्यूनतम पाँच रुपैयाँ ८६ पैसासम्ममा पीपीए प्रस्ताव आएको थियो । प्राधिकरणले हाल कायम जडित क्षमता र पीपीए भइसकेका आयोजनालाई समेत समावेश गर्दा हुने राष्ट्रिय ग्रिडको कुल क्षमताको १० प्रतिशतसम्मको सीमामा रहेर प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जाको पीपीए गर्नेछ । यसअघि राष्ट्रिय ग्रिडको जडित क्षमताको १० प्रतिशतसम्ममा सीमामा रहेर सौर्य आयोजनाहरूको पीपीए हुँदै आएको थियो ।

प्राधिकरणले प्रतिस्पर्धाबाट हालसम्म १७५ मेगावाटको पीपीए गरेको छ । त्यसमध्ये १०७ मेगावाट सञ्चालनमा छ । थप ३० मेगावाटका सौर्य आयोजना पीपीए गर्ने प्रक्रियामा छन् । प्राधिकरणको आफ्नै देवीघाट जलविद्युत् केन्द्र परिसरमा २५ मेगावाट क्षमताको सौर्य आयोजना सञ्चालनमा छ । गण्डक जलविद्युत् केन्द्र, मध्यमर्स्याङ्दी र सुर्खेतमा सौर्य ऊर्जाका लागि खरिद प्रक्रियामा रहेको प्राधिकरणले जनाएको छ । ७५७.७ मेगावाटका ४२ आयोजनाले सर्वेक्षण लाइसेन्स लिएको विद्युत् विकास विभागको भनाइ छ । ९७.०६ मेगावाटका १४ आयोजना निर्माणाधीन रहेको पनि विभागले जनाएको छ ।

# १० लाख हेक्टर जग्गा बाँझै, बर्सेनि अर्बौंको खाद्यान्न आयात

## मुलुकभर ४१ लाख २१ हजार हेक्टर खेतीयोग्य जमिन, ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती



**राजु चौधरी** (काठमाडौं)

कृषि प्रणालीको विकास गर्न भन्दै सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा घोषणा गर्‍यो– 'कृषिमा लगानी दशक' । त्यसैलाई निरन्तरता दिँदै बजेटमा पनि कार्यक्रम राखियो– ०८१ देखि ०९१ को अवधिलाई कृषिमा लगानी दशक ।

कृषि क्षेत्रको विकास होस् या यसमा लगानी बढाउने मनसायले नै किन नहोस्– सरकारले बर्सेनि यस क्षेत्रमा केही न केही नयाँ कार्यक्रम ल्याउने गरेको छ । सुन्दा राम्रा लाग्ने कार्यक्रम कार्यान्वयनमा भने असफलप्रायः बन्ने गरेका छन् । सरकारले अनुदानदेखि बिमा प्रोत्साहनसम्मका कार्यक्रम ल्याए पनि वास्तविक किसानसम्म नपुग्दा कृषि क्षेत्र व्यवसायीकरणको बाटोमा हिँड्न सकेको छैन । किसान पनि उत्साहित छैनन् ।

यसैको परिणाम हुन सक्छ– बर्सेनि जमिन बाँझो रहने क्रम बढ्दो छ । र कुनै समय कृषिबाटै जीविका चलाइरहेकाहरूले पनि उत्पादनमा ध्यान नदिएर किनेरै खानुपर्ने क्रम पनि बढेकै छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक भन्छ– मुलुकभर ४१ लाख २१ हजार हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये ३० लाख ९१ हजार हेक्टरमा खेती हुन्छ । र १० लाख ३० हजार हेक्टर जमिन बाँझो पल्टिरहेको छ । जब कि गएको एक वर्षमा ९० अर्ब ७१ करोड रुपैयाँको प्रमुख कृषिबाली आयात भएको छ । हुन त यो रकम ०७९/८० भन्दा केही कम हो । अघिल्लो वर्ष १ खर्ब ७ अर्ब २२ करोडको प्रमुख कृषि बाली आयात भएको थियो । तर केही खाद्यवस्तुको आयात हेर्दा अघिललो वर्षको तुलनामा गत वर्ष नै बढी आयात भएको छ । जस्तो कि, गहुँ ।

०७९/८० मा २८ करोड ९ लाख रुपैयाँको ६ हजार ६ सय ६४ टन गहुँ आयात भएको भन्सार विभागको तथ्यांक छ । ०८०/८१ मा आयात ह्वात्तै बढेको हो । २ अर्ब ७३ करोड ३१ लाख रुपैयाँको ६५ हजार ४ सय ३९ टन गहुँ आयात भएको छ । आयातित गहुँ प्रशोधन भएर चीन निर्यात हुने आशंका रहेको मन्त्रालयका अधिकारी बताउँछन् । सर्वसाधारणले बिहान या बेलुकी– एक छाक रोटी खाने क्रम बढ्दा पनि गहुँको आयात केही बढेको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीको भनाइ छ ।

फलफूलको दलहन, फलफूल, ताजा तरकारीलगायत वस्तुको आयात पनि उलेख्य बढेको छ । अघिल्लो वर्ष १६ अर्ब १४ करो ६७ लाखको फलफूल आयात भएको थियो । बाँकी पृष्ठ ४

GREEN HOME LOAN FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 8.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

# अलैंचीको मूल्य किलोको २१ सय

## यस वर्ष प्रतिमन ८४ हजार रुपैयाँमा खरिदबिक्री भएको अलैंची गत वर्ष यस सिजनमा प्रतिमन ५५ हजार रुपैयाँ थियो

**आनन्द गौतम** (ताप्लेजुङ)

मिक्वाखोला गाउँपालिका-१ खोक्लिङका गणेश थापाले शुक्रबार तीन मन अलैंची बिक्री गरे । ताप्लेजुङमा अलैंची ४० किलोको मनका हिसाबले बिक्री हुन्छ । जिपको छतमा अलैंचीका बोरा राखेर फुङलिङ बजार आएका उनले अलैंची व्यवसायी संघका अध्यक्ष भद्रवीर रेग्मीलाई दिए ।

प्रतिकिलो दुई हजार एक सयका दरले बिक्री गरेका उनले दुई लाख ५२ हजार रुपैयाँ लिए । शुक्रबारको बिक्रीका आधारमा अलैंचीको मूल्य प्रतिमन ८४ हजार रुपैयाँ भएको छ । क्विन्टलको हिसाब गर्दा २ लाख १० हजार पर्छ । गत वर्षको यो सिजनमा प्रतिमन ५५ हजार रुपैयाँ थियो । त्यसको तुलनामा मनमा २८ हजार रुपैयाँले बढी हो । अलैंचीको उत्पादन साउन अन्तिम सातादेखि सुरु हुन्छ । असोजमा बाली उठाइ सकिन्छ ।

यस वर्षको पहिलो उत्पादन साउन २८ गते किनेका रेग्मी पहिलो मूल्य प्रतिकिलो दुई हजारका दरले मनको ८० हजार रुपैयाँ लगाएको बताउँछन् । उनले पहिलो उत्पादन फुङलिङ नगरपालिका-१ का मोहमलाल लिम्बूसँग किनेका थिए ।

मोहमलालले ४६ किलो (एक मन ६ किलो) बिक्री गरेका थिए । पहाडमा मनको हिसाबले कारोबार हुने अलैंची तराई र भारत निर्यात गर्दा बोराका हिसाबले गरिन्छ । एक बोरामा ५० किलो हुन्छ । नेपालमा सबैभन्दा बढी अलैंची उत्पादन ताप्लेजुङले गर्ने अलैंची जोनको दाबी छ । एक नगरपालिका र आठ गाउँपालिकामा गरी ९१ वडा रहेको यहाँ फक्ताङलुङ गाउँपालिका-७ ओलाङचुङगोला बाहेकका सबै ९० वडामा खेती हुन्छ ।

जिल्लाको मुख्य आम्दानीको स्रोत भएकाले किसानदेखि व्यापारीसम्मको चासो अलैंचीको मूल्यमा हुने गरेको छ । जिल्लाको उत्पादन झापाको बिर्तामोडका व्यापारीलाई बिक्री गर्ने गरिएको अलैंची जोनका अध्यक्ष बालमणि बराल बताउँछन् ।

ताप्लेजुङदेखि झापासम्मको ढुवानी भाडा र प्रतिमन दुई हजारसम्म नाफा राखेर जिल्लामा खरिद हुने गरेको बरालले जनाए । 'अहिले त कम्पिटिसनको बजार छ, कहिले त झापाकै मूल्यमा ताप्लेजुङमा पनि कारोबार भइरहेको हुन्छ, यसै भन्नै सकिँदैन,' बरालले भने ।



तस्बिर : आनन्द/कान्तिपुर

**ताप्लेजुङमा बोटबाट टिपेर सुकाइसकेपछि बिक्रीका लागि तयार पारिँदै अलैंची ।**

बिर्तामोडको मूल्यलाई आधार मानेर कारोबार हुने गरेको उनको भनाइ छ । नेपालको ९८ प्रतिशत अलैंची भारत निर्यात हुन्छ । भारतबाट पाकिस्तान, साउदी, कतार, बहराइन जस्ता राष्ट्रमा पुग्ने अलैंची व्यवसायी संघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराई बताउँछन् । नेपालको अलैंचीबाट त्यहाँ मसला बनाइन्छ ।

सरकारले मूल्य निर्धारण नगरेको र समर्थन मूल्य नभएकाले व्यापारीको मूल्यका आधारमा किसानले बिक्री गर्नुपर्छ । उत्पादन सुरु हुँदा र सकिँदाकै मूल्यमा धेरै अन्तर हुने गरेको छ । गत वर्ष झापाको बिर्तामोडमा प्रतिमन ९३ हजारसम्ममा कारोबार भएको भट्टराईले जनाए । आफूहरू पनि जिल्लामा समन्वयकर्ता जस्तो मात्रै रहेको ताप्लेजुङका अध्यक्ष बरालको भनाइ छ । 'तल (बिर्तामोड) का व्यापारीलाई सोध्यो, जति भन्छन्, त्यसैका आधारमा खरिद गर्छौं,' उनले थपे, 'बढ्यो भने बढेरै किन्छौं, घट्यो भने घटेरै ।' यसरी कारोबार गर्दा थुप्रै व्यापारीले घरबारी गुमाउनुपरेको र कतिपयले जोडेको उनले बताए ।

नेपालका ४२ जिल्लामा अलैंची खेती हुन्छ । कृषि मन्त्रालयको तथ्यांकअनुसार देशभर १२ हजार पाँच सय हेक्टरमा खेती हुने गरेको छ । सबैभन्दा बढी कोशीमा हुन्छ । यहाँ ११ हजार हेक्टर हाराहारी जग्गामा खेती हुने गरेको तथ्यांक छ । वार्षिक उत्पादन भने ६ हजार पाँच सय टन हाराहारीमा हुने गरेको छ । २८ सय टन उत्पादन ताप्लेजुङमा हुने अलैंची जोनले जनाएको छ । हरेक वर्ष मूल्यमा हुने उतारचढाव र खेती मासिने क्रमले किसानमा भने पछिल्ला वर्ष अलैंची खेतीप्रतिको निराशा बढ्दो छ ।

**Helen Keller International Nepal**

**VACANCY ANNOUNCEMENT**

HELEN KELLER INTL

Guided by the remarkable legacy of its co-founder, Helen Keller, Helen Keller Intl partners with communities striving to overcome long standing cycles of poverty. By delivering the essential building blocks of good health, sound nutrition and clear vision, we help millions of people create lasting change in their own lives. With over 35 years of experience in Nepal, we are ensuring every person has the opportunity – as Helen did – to reach their true potential.

USAID Integrated Nutrition's primary goal is to improve the nutrition status of women, adolescents, and children in Nepal's underserved and marginalized communities. We are seeking passionate and dedicated individuals to join us in the USAID Integrated Nutrition project in Nepal for the following position:

| Position | No. of Positions | Location | Closing Date |
|---|---|---|---|
| Driver | 5 | Lumbini Province, Sudurpaschim Province, Karnali Province, Bagmati Province and Madesh Province | September 15, 2024 |

**To Apply:** Qualified candidates should visit Careers – Helen Keller International Nepal (helenkellerintl.org.np) to fill out the application form and submit a cover letter and resume for the interested position. We strongly encourage qualified women candidates to apply by September 15, 2024.

**In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.**

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.

MILLENNIUM CHALLENGE CORPORATION UNITED STATES OF AMERICA

**MILLENNIUM CHALLENGE ACCOUNT NEPAL (MCA-NEPAL)**

**VACANCY ANNOUNCEMENT**

The Millennium Challenge Account Nepal (MCA-Nepal) is a Government of Nepal (GoN) agency formed under the Development Board Act 2013 BS (1956 AD) in order to manage a USD 697 million infrastructure program. The program is co-funded by the US Government's Millennium Challenge Corporation (MCC) Compact grant of USD 500 million and the GoN's contribution of USD 197 million. The program aims to increase the availability and reliability of electricity, maintain road quality and facilitate power trade between Nepal and the region to help spur investments and accelerate economic growth. The Electricity Transmission Project, a national pride project, and the Road Maintenance Project are two projects under the program. MCA-Nepal invites applications for the following positions as it moves forward with the implementation of the five-year program launched on August 30, 2023:

1. **Resettlement Specialist : Two positions based in Kathmandu**

   The Resettlement Specialist, with the supervision of Manager-Resettlement, is responsible for assisting in design, implementation and monitoring of all Land Acquisition, Resettlement and Livelihood Restoration work for the compact.

**Position Requirements:**

- Bachelor's Degree (required) in Natural or Social Science, Environmental Planning, Engineering, or a similar discipline;
- At least five (5) years of demonstrated experience in similar capacity on projects of a similar nature;
- Experience working on the development and/or implementation of resettlement action plans in accordance with World Bank OP 4.12, IFC PS 5 or other resettlement procedures of multilateral or bilateral donors.

For detailed job profile and position requirements, please visit MCA-Nepal website: https://mcanp.org/en/jobs-2

**To apply :** Please use the following link https://hrmis.mcanp.org/careers and apply by **NPT 17:00 hours (GMT + 5:45) September 13, 2024.**

*The organization reserves the right to reject any/all applications without assigning any reason whatsoever. Canvassing at any stage of the process shall lead to automatic disqualification. These positions are open to all interested applicants. Competitive local compensation package will be offered. Women, people of ethnic minorities and Dalits are highly encouraged to apply. Only shortlisted candidates will be contacted for further selection process.*

**Millennium Challenge Account Nepal (MCA-Nepal)**

Lal Durbar Convention Centre, Yak & Yeti Complex, Durbar Marg, Kathmandu

+977-01-4540951 | info@mcanp.org | www.mcanp.org

*Roads and Electricity, Way to Prosperity*

## अर्थ संक्षेप

### उलिङ बिंगो ईभीमा नाडा-दसैं योजना




काठमाडौं (कास)- नेपालमा उलिङ मोटर्सको अधिकृत वितरक एवम् आयातक पारामाउन्ट मोटर्सले उलिङ बिंगो ईभीमा नाडा-दसैं योजना ल्याएको छ। उलिङ बिंगो ईभी एउटा प्रिमियम इलेक्ट्रिक ह्याचब्याक रहेको र यो अफर सीमित समयका लागि ल्याइएको कम्पनीले जनाएको छ। नाडा-दसैं योजनाका अवसरमा उलिङ बिंगो ईभी २९ लाख ९९ लाखमा उपलब्ध रहेको कम्पनीले बताएको छ। साइजमा सानो तर प्रशस्त स्पेस, मजबुत चेसिसलगायत सुविधा यो सवारीमा रहेको कम्पनीको दाबी छ। अगाडि र पछाडि दुवै चक्कामा डिस्क ब्रेकले यात्रुको सरक्षालाई सुनिश्चित गर्ने कम्पनीको भनाइ छ। यो सवारी एक पटकको फुल चार्जमा ? किमि गुडाउन सकिने कम्पनीले बताएको छ।

### हार्दिक आईभीएफको तीज अफर

HARDIK
IVF and Fertility Center

काठमाडौं (कास)- हार्दिक आईभीएफ एन्ड फर्टिलिटी सेन्टरले तीजको अवसर पारी सेन्टरमा उपलब्ध सेवामा विशेष छुट योजना ल्याएको छ। डाक्टर कन्सल्टेसन तथा टीभीएस (भिडियो एक्सरे) सेवा निःशुल्क, आईयूआई सेवामा ५० प्रतिशत, आईभीएफ सेवामा १० प्रतिशत र औषधि तथा ल्याब टेस्टमा १० प्रतिशत छुट दिइने सेन्टरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। निःसन्तान वा प्रजनन समस्या भएका दम्पतीलाई परामर्श सेवासहित निःसन्तान हुनुको कारण पत्ता लगाई आईयूआई, आईभीएफलगायतका अन्य उपचार सेवा सुपथ मूल्यमा उपलब्ध गराइरहेको सेन्टरको भनाइ छ।

### सिटिजन्स बैंक र श्री एयरलाइन्सबीच छुट सम्झौता




काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनल र श्री एयरलाइन्सबीच बैंकका ग्राहकलाई छुट उपलब्ध गराउने सम्झौता भएको छ। बिहीबार भएको सम्झौताअनुसार बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकले एयरलाइन्समा टिकट खरिदमा पाँच सय रुपैयाँ छुट पाउनेछन्। छुट भने श्री एयरलाइन्सको कार्यालयको काउन्टरबाट मात्र प्राप्त बैंकले जनाएको छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुने विश्वास लिइएको छ। साथै डिजिटल कारोबारलाई प्राथमिकता दिएको बैंकले बताएको छ।

### उद्योगीलाई प्रोत्साहन गर्ने नीति ल्याउँछौं : अर्थमन्त्री




तिलोत्तमा (कास)- उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले देशका उद्योगी व्यवसायीलाई सरकारले प्रोत्साहन गर्ने विषयमा छलफल भइरहेको बताएका छन्। यही विषयमा केन्द्रित भएर हरेक दिन उद्योगीसँग अन्तर्क्रिया गरिरहेको उनको भनाइ छ। रुपन्देहीमा आयोजित नेपाली उद्यमी मन्चको सातौं राष्ट्रिय नेतृत्वसिप सम्मेलन उद्घाटन कार्यक्रममा पौडेलले यही सरकारबाट नै स्थिरता सम्भव रहेको दाबी गरे। 'पछिल्लो निर्वाचनबाट अहिलेको संसद्मा रहेको सबै खालका गठबन्धनको अभ्यास गरेर असफल भएपछि कांग्रेस-एमालेको सरकार बनेको हो, अहिलेको संसद्मा योभन्दा बलियो सरकार बन्न सक्दैन,' उनले भने, 'सबै प्रयोगबाट असफलको शिक्षा लिएर यो सरकार बनेको हो, यसैबाट स्थिरता सम्भव छ, नीतिको स्थिरता दिन खोजिएको छ।' मुलुकको अर्थतन्त्रका विभिन्न सूचकांक सकारात्मक नभएकाले सरकार दबाबमा रहेको अर्थमन्त्री पौडेलको भनाइ छ। यसमा सुधार ल्याउन सरकारले केही योजना अगाडि सारेको समेत उनले जनाए।

# नाडामा विद्युतीय गाडीमा आकर्षण, १० लाख रुपैयाँसम्म छुट अफर

### २२ लाखदेखि १ करोड रुपैयाँसम्मका विद्युतीय गाडी प्रदर्शनीमा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

काठमाडौंको भृकुटीमण्डपमा जारी 'नाडा अटो सो २०२४' मा विद्युतीय गाडीमा विभिन्न कम्पनीहरूबीच नगद छुट दिन प्रतिस्पर्धा छ। निश्चित रकम तिरेर अटो सोमा गाडी बुकिङ गरेपछि खरिदका क्रममा ग्राहकले कम्पनीले तोकेको नगद छुट पाउनेछन्। यस्तो छुट अफर अटो सोमा राखिएका प्रायः विद्युतीय गाडीमा छ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालको आयोजनामा गत मंगलबारदेखि जारी अटो सोमा विभिन्न ब्रान्डका विद्युतीय गाडी बुकिङ गर्दा १ लाखदेखि १० लाख रुपैयाँसम्म छुट पाउन सकिने योजना कम्पनीहरूले सार्वजनिक गरेका छन्। अटो सोमा अग्नि इनकर्पोरेटेडले महिन्द्रा ब्रान्डको विद्युतीय गाडी बुकिङ गर्दा डेढ लाख रुपैयाँसम्म छुट दिने योजना ल्याएको छ। महिन्द्रा एक्सयूभी ४०० ईभी किन्दा एक लाखदेखि डेढ लाख रुपैयाँसम्म नगद छुट पाइने कम्पनीका मार्केटिङ म्यानेजर निर्मल श्रेष्ठले जनाए।

'महिन्द्रा एक्सयूभी ४०० को बजार मूल्य ५२ लाख ५० हजार रुपैयाँ छ, अटो सोमा आएर बुकिङ गर्ने ग्राहकलाई विशेष छुट दिएका हौं,' उनले भने, 'महिन्द्राका १५ वटा गाडी बुकिङ भइसकेपछि भने बम्पर उपहारमा यचडीको स्क्र्याब्लर मोटरसाइकल जित्न सकिने योजना पनि राखेका छौं।' नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले हुन्डाईको गाडी खरिदमा १० लाख रुपैयाँसम्म छुट उपलब्ध गराउने भएको छ। हुन्डाईको विद्युतीय आयोनिक ५ र कोना गाडी बुकिङ गरी खरिद गर्दा छुट पाइने कम्पनीका



मार्केटिङ म्यानेजर सन्दीप शर्माले बताए।

'यसमा ग्राहकले गाडीको मोडल हेरी १ लाख रुपैयाँदेखि १० लाख रुपैयाँसम्म छुट पाउनेछन्,' उनले भने, 'नाडा अटो सोमा आएर हुन्डाईका गाडी बुकिङ गर्ने ग्राहकलाई बोसको मिक्स्चर उपलब्ध गराउँछौं।' नेपालका लागि स्काइवेलको आधिकारिक वितरक जी मोटर्सले स्काइवेल ब्रान्डका विद्युतीय गाडीमा ५ लाख रुपैयाँसम्म नगद छुट गर्ने योजना ल्याएको कम्पनीका कार्यकारी निर्देशक पारशमणि गेलालले जानकारी दिए। 'हामीले अटो सोमा नै भनेर भारी छुट योजना ल्याएका छौं,' उनले भने, 'नाडा सो अवधिभरमा बुकिङ गर्ने ग्राहकले न्यूनतम १ लाखदेखि ५ लाख रुपैयाँसम्म नगद छुट पाउन सक्छन्।'

यीबाहेक अटो सोमा १६ कम्पनीले २३ वटा ब्रान्डका चारपांग्रे सवारी प्रदर्शनीमा राखेका छन्। यी १६ कम्पनीले बिक्री गर्दै आइरहेका विभिन्न ब्रान्डका गाडीमा नगद छुट र उपहार योजना राखेका हुन्। नेपालका लागि प्रिमियम र इन्टेलिजेन्ट दिपल ईभी र नामी कारको आधिकारिक वितरक एमएडडब्लू वृद्धि अटोकर्पले अटो सोमा उक्त गाडीहरूको बुकिङमा छुट अफर ल्याएका हुन्। कम्पनीले अटो सोमा दिपल र नामी गाडी बुकिङ गर्दा सात किलोवाट चार्जर दिने योजना ल्याएको छ। यसका लागि भने ग्राहकले न्यूनतम २५ हजार रुपैयाँ गाडी बुकिङ गर्नुपर्ने सर्त रहेको दिपल गाडीका मार्केटिङ हेड रमेश दनेखुले बताए।

नेपालस्थित टाटा मोटर्सको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले टाटाको पन्च ईभी, टियागो ईभी र टिगोर ईभी खरिदमा पनि नाडा अटो सो विशेष योजना ल्याएको छ। नाडा अटो सोमा टाटाको टियागो ईभी र टिगोर ईभी गाडी बुकिङ गर्दा थाइल्यान्ड टुर जान सकिने अफर रहेको कम्पनीका सिनियर सेल्स म्यानेजर निर्मल खत्रीले जानकारी दिए। 'पन्च ईभीको मूल्य भने नाडा विशेष भनेर नै राखेका छौं, जुन नाडा अटो सो सकिएपछि पन्च ईभी गाडीको मूल्य एकदेखि डेढ लाख रुपैयाँसम्म बढ्छ,' उनले भने, 'नाडा अवधिभर बुकिङ गरि खरिद गरेका ग्राहकलाई मात्र भनेर पन्च ईभीमा एक वर्षका लागि निःशुल्क सवारी कर, ब्याट्री र मोटरमा आठ वर्षको वारेन्टी दिएका छौं।'

उक्त अटो सो भदौं १६ सम्म चल्नेछ। अटो सोमा विशेषगरी २२ लाखदेखि एक करोड रुपैयाँसम्मका विद्युतीय गाडी प्रदर्शनीमा राखिएका छन्। अटो सोमा ९५ प्रदर्शकको सहभागिता रहेको आयोजकको भनाइ छ। अटो सोमा चारपांग्रे, दुईपांग्रे, अटो कम्पोनेन्ट, बैंक तथा वित्तीय संस्थाका १३० वटा स्टल छन्। यसमध्ये ८० प्रतिशत विद्युतीय सवारी साधनको स्टल छ। हरेक स्टलमा १० देखि ५० वटा विद्युतीय गाडी बुकिङ भएको नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले बताए। 'विद्युतीय गाडीमा भीड धेरै छ,' उनले भने, 'बुकिङ पनि राम्रो भइरहेको छ।'

# अब नेपालमै 'हाइड्रोजन कार', प्रधानमन्त्री ओलीले गरे उद्घाटन

### प्रधानमन्त्री ओली विश्वविद्यालय परिसरबाट दीक्षान्त समारोहसम्म ग्रिन हाइड्रोजन कारमा गएका थिए

**कान्तिपुर संवाददाता** (काठमाडौं)

अब नेपालमै ग्रिन हाइड्रोजन कार गुड्ने भएको छ। नेपाल आयल निगमको सहयोगमा काठमाडौं विश्वविद्यालयले हाइड्रोजन रिफ्युलिङ स्टेसन स्थापना र हाइड्रोजन गाडीको सफल परीक्षणपछि यसको बाटो खुलेको हो। दुई वर्षभन्दा बढीको अध्ययन-अनुसन्धानपछि विश्वविद्यालयले गत चैत १८ मा हाइड्रोजन कारको सफल परीक्षण गरिएको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार औपचारिक रूपमा उद्घाटन गरे। ग्रिन हाइड्रोजन रिफ्युलिङ स्टेसन र हाइड्रोजन गाडीको उद्घाटनपछि यसले औपचारिकता पाएको छ।

काठमाडौं विश्वविद्यालयको २९औं दीक्षान्तको दोस्रो चरणमा प्रधानमन्त्री ओली विश्वविद्यालय परिसरबाट दीक्षान्त समारोहसम्म ग्रिन हाइड्रोजन कारमा गएका थिए। त्यसक्रममा प्रधानमन्त्री ओलीले हाइड्रोजन प्रविधिलाई सकेसम्म चाँडो व्यावसायिक प्रयोजनमा लैजाने बताए। यसका लागि आवश्यक पर्ने नीति तर्जुमा गर्ने उनको भनाइ छ। नेपाल आयल निगम भविष्यमा हाइड्रोजन इन्धनको व्यवसाय गरी निर्यात गर्न सक्ने अवस्थामा पुग्ने प्रधानमन्त्री ओलीको प्रतिबद्धता छ।

सरकारले ऊर्जा मन्त्रालयमार्फत काठमाडौं विश्वविद्यालयका विज्ञ प्रतिनिधिसमेत संलग्न कार्यदल गठन गरी राष्ट्रिय हाइड्रोजन नीति-०८० पारित गरिसकेको छ। यस नीतिलाई व्यावसायिक परियोजनाहरूमा कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधि निर्माणका क्रममा रहेको जनाइएको छ।

जलवायु परिवर्तनले निम्त्याउँदै गरेको वातावरणीय जोखिम न्यूनीकरण गर्ने तथा जीवाष्म इन्धन खपतको कटौती गर्न विश्वविद्यालयले ०७७ साउनदेखि ग्रिन हाइड्रोजन ल्याब स्थापना गरेको थियो। त्यसपछि अनुसन्धान तथा प्रयोग गर्दै आएको काठमाडौं विश्वविद्यालयस्थित ग्रिन हाइड्रोजन ल्याबका प्रमुख तथा सहप्राध्यापक विराजसिंह थापाले बताए। 'लामो समयको अध्ययनअनुसन्धानबाट हाइड्रोजन युगमा प्रवेश गरेका छौं,' उनले भने।

नेपालकै कुरा गर्दा बर्सेनि करिब २ खर्बको पेट्रोलियम पदार्थ आयात हुन्छ। यसले प्रदूषण बढाएको छ। प्रदूषण नियन्त्रणकै लागि विश्वका बिकसित मुलुकले बैकल्पिक उपाय खोजअनुसन्धान गर्दै आएका छन्। जापान, कोरिया, जर्मनीलगायत मुलुकले हाइड्रोजन 'इन्धन' प्रविधि प्रयोग गर्न थालेका छन्। भारतीय आयल कर्पोरेसन (आईओसी) ले पनि हाइड्रोजन इन्धनबाट चल्ने गाडीमा जोड दिइरहेको छ। आईओसीले जोड दिएपछि नेपालमा पनि दबाब परेको हो। सोहीअनुसार



> **हाइड्रोजन प्रविधिलाई व्यावसायिक प्रयोजनमा चाँडो लैजान्छौं, यसका लागि आवश्यक नीति तर्जुमा गर्छौं**
> ● **केपी शर्मा ओली**
> प्रधानमन्त्री

नेपाल आयल निगमले विकल्प खोजी सुरु गरेको जनाएको छ। सोहीअन्तर्गत काठमाडौं विश्वविद्यालयसँग एमओयू गरेको थियो। निगम र केयूबीच ५ वर्षको एमओयू भएको छ। तत्कालीन कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलको पहलमा सम्झौता भएको थियो।

सम्झौताअनुसार निगम र केयूबीच इन्जिनियरिङ सर्भिस र वैकिल्पक ऊर्जामा सहकार्य गरिनेछ। निगमले आर्थिक सहयोगस्वरूप ५ करोड उपलब्ध गराउने एमओयू भएको थियो। निगमकै आर्थिक सहयोगमा केयूले ३३ हजार अमेरिकी डलर पर्ने हाइड्रोजन कार किनेको हो। विश्वबिद्यालयका अनुसन्धानकर्ता कोरिया पुगेर यसबारे अध्ययन गरेका थिए। विश्वविद्यालयमा स्थापना गरिएको हाइड्रोजन रिफिलिङ स्टेसनबाट उत्पादित हाइड्रोजन कार परीक्षण गर्दा सफल भएको हो। अहिले भने यसको औपचारिक उद्घाटन मात्र गरिएको हो।

नेपाल हाइड्रोजन युगमा प्रवेश गरेको र विश्वविद्यालयको अनुसन्धानले हाइड्रोजनको प्रयोगमार्फत उद्योगहरूमा प्रयोग हुने जीवाष्म इन्धनको प्रतिस्थापन हुने सम्भाव्यतालाई प्रमाणित गरेको ग्रिन हाइड्रोजन ल्याबका प्रमुख विराजसिंह थापाले बताए। हाइड्रोजन इन्धनका लागि बिजुली पनि चाहिन्छ। विद्युत् उत्पादन स्वदेशमै पर्याप्त रहेकाले समस्या नहुने जानकार बताउँछन्।

बर्खायाममा नेपालमा सयौं मेगावाट बिजुली खेर गइरहेको छ। त्यसलाई न्यूनतम मूल्यमा प्रयोग गर्न सके हाइड्रोजन उत्पादन धेरै सस्तो पर्ने जनाइएको छ। पानीलाई रासायनिक प्रक्रियामार्फत टुक्र्याएर हाइड्रोजन र अक्सिजन बनाइन्छ। ९ लिटर पानीलाई रासायनिक प्रक्रियाबाट टुक्र्याउँदा एक किलोग्राम हाइड्रोजन उत्पादन हुन्छ। 'त्यसरी टुक्र्याउँदा ५० देखि ६० युनिट विद्युत् खर्च हुन्छ,' उनले भने, 'यहीअनुसार हाइड्रोजन उत्पादनको लागत विद्युत्को मूल्यमा निर्भर हुन्छ।'

## प्रेस विज्ञप्ती

**नेपालको अर्थतन्त्र चलायमान बनाउन वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले महत्वपूर्ण भुमिका खेलेको छ । दैनिक १५ सय भन्दा बढी श्रमिकहरु वैदेशिक रोजगारीमा जान बाध्य छन । वैदेशिक रोजगारीको मुख्य गन्तव्य खाडी मुलुकहरु लगायत मलेसिया पुग्न एयरलाइन्सहरुले एकतर्फी हवाई भाडादर अस्वभाविक रुपमा वृद्धि गरेका प्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालबाट भन्दा लामो दुरी तय गर्नुपर्ने बङगलादेश, श्रीलङ्का जस्ता देशहरुबाट सोही गन्तव्य पुग्न नेपालबाट भन्दा कम हवाइ भाडा दर मुल्य रहेको छ । छिमेकी मुलुक भारतबाट सोही गन्तव्य पुग्न आधा मुल्य भन्दा कम हवाई भाडा दर रहेको छ । साथै सोही गन्तव्य मुलुकहरुबाट नेपाल आउदा एक तिहाइ भन्दा कम मुल्यमा नेपाल आइन्छ भने यताबाट सोही गन्तब्य जाँदा हवाइ भाडादर ३ गुणा बढी मुल्य तिर्नु पर्ने अवस्था रहेको छ । सिमित ट्राभल एजेन्सीहरु, एयरलाइन्सहरु र त्यसलाई नियम गर्ने निकायको मिलेमतोमा अस्वाभाविक हवाई भाडा बढेको त होइन भन्ने प्रश्न उब्जेको छ । यस बिषयमा करिब ६ महिना अगाडी देखि नै सम्वन्धित निकायहरुलाई संघले ध्यानाकर्षण गराउदा समेत समस्या समाधान नभई निरन्तर अन्तर्राष्ट्रिय हवाइ भाडा दर बढिरहेको प्रति संघ बिरोध गर्दछ । अन्तर्राष्ट्रिय हवाइ उडानको भाडा दरमा अस्वाभाविक मुल्य वृद्धि र कृतिम अभावको मारमा वाद्यता बस बिदेशीने नेपाली श्रमिकहरुलाई परेको छ । नेपाल सरकार पर्यटन मन्त्रालयले छिटोभन्दा छिटो सम्वन्धित पक्षलाइ बोलाएर अस्वभाविक मुल्य र कृतिम अभाव खडा गरेको विषयलाइ छानबिन गर्न समन्धित निकाय र संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाइ अनुरोध गर्दछौ । सम्वन्धित निकायले छानबिन गरि वास्तविक हवाई भाडा मुल्य नतोक्ने हो भने हामी सम्पुर्ण व्यवसायीहरु टिकट काट्न बन्द गर्ने यसै बिज्ञप्ती मार्फत जानकारी गराउदछौ।**

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**नेपाल बैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१-४५९०९६९/४५९४४१८, ९८०१०९७८८२

# १० लाख हेक्टर जग्गा...

०८०/८१ मा भने फलफूल आयात बढेर १९ अर्ब ५४ करोड २५ लाख रुपैयाँको पुगेको छ। अघिल्लो वर्ष १४ अर्ब ८ करोड ३८ लाख रुपैयाँको दलहन आयात भएकामा गत वर्ष बढेर १५ अर्ब १ करोड ९६ लाख पुगेको छ। गत वर्ष १ अर्ब ९७ करोड ९२ लाख रुपैयाँको ताजा तरकारी आयात भएको छ। अघिल्लो वर्ष भने यस्तो तरकारी १ अर्ब ७१ करोड ६० लाख रुपैयाँको आएको थियो। मुलुकभर २ लाख ८१ हजार १ सय ३२ हेक्टरमा तरकारी खेती हुन्छ। र वार्षिक करिब ३९ लाख ६२ हजार टन उत्पादन हुन्छ। अपुग तरकारी मुख्यगरी भारतबाट ल्याइन्छ। कृषिमा भारत सरकारले अनेक अनुदान, बिमालगायत सुविधा दिएको छ। त्यही कारण नेपाली उत्पादनको तुलनामा भारतीय तरकारी सस्तो पर्छ। सोही कारण व्यवसायीले भारतबाट ताजा तरकारी आयात गर्छन्।

धानचामल आयात भने केही घटेको भन्सारको तथ्यांकले देखाउँछ। ०७९/८० मा ३५ अर्ब ९० करोड ६८ लाख रुपैयाँको धान-चामल आयात भएकामा गत वर्ष ०८०/८१ मा आयात घटेर २१ अर्ब ३४ करोड ४३ लाख पुगेको छ। धान-चामल आयात घट्नुका २/४ कारण रहेको सूचना अधिकारी महानन्द जोशी बताउँछन्। पहिलो कारण, खानेबानीमा आएको परिवर्तन हो। आर्थिक शिथिलताका कारण पनि खरिद-बिक्रीमा केही कमी आएको हुन सक्ने जोशीले जनाए।

'राष्ट्रिय जीवनस्तर सर्वेक्षणमा एउटा घरधुरीले आयको ३१ प्रतिशत खर्च खाद्यान्नमा गरेको उल्लेख छ। १० वर्षमा यो १७ प्रतिशतमा झरेको छ, यसको अर्थ सर्वसाधारणले चामलको तुलनामा फलफूल, माछामासु र तरकारी उपभोग बढाएका छन्,' जोशीले भने, 'त्यही कारण पनि आयात घटेको हुन सक्छ।' विगतका वर्षको तुलनामा धान उत्पादन पनि बढेकै छ। आर्थिक वर्ष ०८०/८१ मा ५७ लाख २४ हजार २ सय ३४ टन धान उत्पादन भएको थियो। अपुग भने आयातमै निर्भर हुनुपर्ने बाध्यता रहेको मन्त्रालयले जनाएको छ।

यीबाहेक केही व्यवसायीले अन्य सामान ल्याएर धान-चामलका नाममा पनि भन्सार गराएको पनि हुन सक्ने बताइन्छ। यसले पनि धान-चामलको आयात बढी नै देखिएको मन्त्रालयको तर्क छ। 'भन्सारको ३ वर्षको तथ्यांक हेर्दा पहिलो वर्ष ४५ अर्बको धान-चामल आयात भएको देखिन्छ। त्यसपछि ३५ अर्ब र अहिले २१ अर्बको आयात देखिन्छ,' जोशीले भने, 'भन्सार तथ्यांक जाँचपास प्रणालीमा समस्या भएको हुन सक्ने अनुमान छ।' आलु, प्याज र लसुन पनि अर्बौं रुपैयाँको आयात भएको छ। गत वर्ष मात्रै ६ अर्ब ४५ करोड ८७ लाख रुपैयाँको २ लाख ५५ हजार २ सय ८९ टन आलु आयात भएको भन्सारको तथ्यांक छ। ४ अर्ब ४६ करोड ८९ लाख रुपैयाँको ६९ हजार १ सय ७९ टन प्याज र लसुन आयात भएको तथ्यांक छ। स्वदेशी उत्पादनले तीन महिना पनि नधान्दा प्याज र लसुन आयात गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ। केही कृषिबाली निर्यात पनि भएको छ। अलैंची, अदुवा, चिया, कफी, दुग्धपदार्थ र मह निर्यात हुने गरेको भन्सार विभागले जनाएको छ। गत वर्ष २२ करोड ४९ लाखको तरकारीसमेत निर्यात भएको विभागको भनाइ छ।

## घर खरीदको आवश्यकता

**(सूचना प्रकाशित मिति : २०८१/०५/१५)**

यस कम्पनीलाई कार्यालय प्रयोजनको लागि तपशिलमा उल्लेखित कुराहरू भएको घर काठमाडौं वा ललितपुरमा आवश्यक परेकोले लाजिम्पाट, हात्तीसार, बानेश्वर, बालुवाटार, कुपण्डोल, सानेपा, जावलाखेल, लगनखेल, सातदोबाटो, झम्सीखेल, खुमलटार, आदि एरियाहरूमा घर बिक्रीको लागि इच्छुक घरधनी व्यक्ति वा संस्थाहरूले बिक्री गर्न चाहेको मूल्य स्पष्ट रूपमा खुलाई सूचना प्रकाशित मितिले १५ दिनभित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१) कम्तीमा सबै कोठाहरू तथा अन्य निर्माणहरू मिलाई १,००० बर्ग फुट र कम्तीमा ५ वटा कोठाहरू रहेको।
२) कम्तीमा ३ आनामा बनेको तथा घरसम्म कम्तीमा १२ फुटको गाडी जानसक्ने बाटो रहेको।
३) कम्तीमा एउटा चारपांग्रे पिकअप गाडी र ५ वटा मोटरसाईकल पार्किङ्ग गर्न सकिने।
४) शान्त वातावरणमा, तीन तल्लाभन्दा अग्लो नरहेको।

घर बिक्रीको प्रस्ताव आवेदनमा घरधनी आफैंले जग्गा/घरमा कानूनी वा अन्य कुनै खिचलो नरहेको स्व-उद्घोषण गर्नुपर्नेछ। आवेदनसंगै जग्गाको लालपूर्जा, नागरिकता, नक्सा, तिरो/कर तिरेको रसीद, घर निर्माण सम्पन्न प्रमाणपत्र संस्था वा कम्पनी भए दर्ता प्रमाणपत्र, कर चुक्ता आदि कागजातहरूको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। आवेदन तथा अन्य कागजातहरू कार्यालयमै बुझाउन वा स्क्यान प्रतिहरू तपशिलको इमेलमा पठाउन सकिनेछ। घर खरीद सम्बन्धी सर्वाधिकार यस कम्पनीमा निहित रहनेछ।

**लक्ष्य होल्डिङ्ग्स् लि.**
मेट्रो पार्क बिल्डिङ्ग, दोश्रो तल्ला
उत्तरढोका, लाजिम्पाट, का.म.न.पा.-२
फोन नं.:- ०१-५९७०१४०, इमेल: contact@lakshyaholdings.com

## दुग्ध विकास संस्थान
केन्द्रीय कार्यालय, लैनचौर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०५।१५ गते)**

यस संस्थानबाट मिति २०८१/०४/०/७ गतेको अन्नपुर्ण पोस्ट दैनिकमा प्रकाशित पशु दाना उत्पादनका कच्चा पदार्थ खरिदको बोलपत्र नं. डिडिसी/CFRM/०८०/०८१-१३-re अन्तर्गत ई-सबमिट भएका बोलपत्रहरूको परीक्षण तथा मूल्याङ्कनबाट निम्न बोलपत्रदाताको बोलपत्र निम्न कच्चा पदार्थ आपूर्तिका लागि न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| प्याकेज नं. | बोलपत्रदाताको नाम, ठेगाना | कच्चा पदार्थ विवरण | परिमाण | न्यूनतम मूल्याङ्कित प्रति के.जी. मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| १. | श्री अनिल गल्ला भण्डार, लक्ष्मीनिया-८, रौतहट | मकै | ७,२०,००० के.जी. | रु. ४०।९५ | रु. २,९४,८४,०००।- |
| २. | श्री शिवहरि ट्रेडिङ, ओमसतिया-४ रुपन्देही | मसुर चुन्नी | ६,००,००० के.जी. | रु. ४२।९५ | रु. २,५७,७०,०००।-. |

# प्रहरीमा ३० वर्षे सेवा अवधि नै कायम

**सेवा अवधिबाट अवकाशमा जान लागेका प्रहरी अधिकृतका तर्फबाट दायर रिटको पक्षमा भदौ ६ मा सर्वोच्चले दिएको अन्तरिम आदेश खारेज**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल प्रहरीका २१ अधिकृतले ३० वर्षे सेवा अवधिबाट आफूहरूलाई अवकाशमा नपठाउन माग गर्दै दायर गरेको रिटको पक्षमा जारी अन्तरिम आदेश खारेज भएको छ। सर्वोच्च अदालतले रिटको पक्षमा यही भदौ ६ मा दिएको अन्तरिम आदेश शुक्रबार न्यायाधीशद्वय सारंगा सुवेदी र विनोद शर्माको इजलासले खारेज गरेको हो। यससँगै प्रहरीमा ३० वर्षे सेवा अवधि नै कायम भएको छ।

२०५१ भदौ १६ मा प्रहरी सेवा प्रवेश गरेका एसएसपीसहितका अधिकारीले सेवा अवधि हटाउन माग गर्दै भदौ ५ मा रिट दायर गरेका थिए। सर्वोच्चका न्यायाधीश हरि फुयाँलको इजलासले अन्तरिम आदेश दिँदै रिटलाई अग्राधिकारमा राखेर असोज १० का लागि पेसी तोकेको थियो। तर सरकार भने अन्तरिम आदेश खारेजीको माग गरेर महान्यायाधिवक्ता कार्यालयमार्फत मंगलबार भ्याकेटमा गएको थियो।

सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले भ्याकेट निवेदनमा माग भएबमोजिम आदेश आएको र यसअघि सेवा अवधिसम्बन्धी जारी भएको अन्तरिम आदेश खारेज भएको बताए। अब सेवा अवधिका कारण प्रहरीका डीआईजीदेखि इन्स्पेक्टरसम्मका कम्तीमा ९० जना प्रहरी कर्मचारी अनिवार्य अवकाशमा जाने भएका छन्। सर्वोच्चको अन्तरिम आदेशले निरन्तरता पाएको भए प्रहरीमा अहिले भएको रोलक्रममै उथलपुथल हुने थियो भने आगामी नेतृत्वमा जाने अधिकृतहरू पनि हेरफेर हुने स्थिति थियो।

नेपाल प्रहरीमा ३० वर्षे सेवा अवधि, दर्जागत रूपमा तोकिएको उमेरहद र दर्जागत पदावधि गरी तीन प्रावधानबाट अवकाश दिने व्यवस्था छ। तीनमध्ये जुन प्रावधान पहिले आउँछ, त्यसबाटै अवकाशमा जाने व्यवस्था छ। अन्तरिम आदेश कार्यान्वयनका लागि प्रहरी प्रधान कार्यालय मानव स्रोत विभागका एआईजी भीमप्रसाद ढकालले देशभरका प्रहरी युनिट र प्रहरी युनिट खटिने अरू निकायमा पत्राचार गरेका थिए। तर, शुक्रबारको आदेशले भने रिटकर्तासहित तीस वर्ष सेवा पुगेका सबै प्रहरी कर्मचारी अनिवार्य अवकाशमा जानुपर्ने भएको हो।

प्रहरी अधिकृतहरूका तर्फबाट दायर रिटको पक्षमा अन्तरिम आदेश जारी भएपछि सशस्त्र प्रहरीका डीआईजीद्वय दुर्गा भट्टराई र अभि खत्रीसहित एसएसपी विश्व भट्टराई तथा एसपीहरू पूर्ण साउद, उद्धव रावल, त्रिभुवन विष्ट, अशोक शाक्य, धनबहादुर सिंह, प्रेमबहादुर रावल, अम्बरबहादुर ऐर, गोपाल श्रेष्ठ र दीपेन्द्र गिरीले सशस्त्र प्रहरीमा पनि ३० वर्षे सेवा अवधि हटाउन माग गर्दै गएको आइतबार रिट हालेका थिए। न्यायाधीश सारंगा सुवेदीको इजलासले उक्त रिटको सुनुवाइ गर्दै सरकारसँग सेवा अवधिबारे कारण देखाऊ आदेश र १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनेको थियो। सर्वोच्चको उक्त आदेशले सशस्त्रका डीआईजीसहित १६ जनाले भदौ १६ गतेदेखि अनिवार्य अवकाशमा जानुपर्ने देखिएको थियो।

गृहमन्त्री रमेश लेखकले शुक्रबार ३० वर्षे सेवा अवधिसम्बन्धी विषय अदालतमा पुगेको भन्दै जस्तो आदेश आउँछ, त्यसको पालना गर्नु सबैको दायित्व हुने बताएका थिए। उनले २०७० र २०७२ मा सेवा अवधिसम्बन्धी दायर रिटबारे आएका फैसलाअनुसार प्रहरी ऐन संशोधन नभएका कारण अहिले प्रहरी अधिकृत र सरकार एकअर्काविरुद्ध अदालत जाने अवस्था निम्तिएको उनको भनाइ थियो। यो परिस्थिति अन्त्य हुने गरी सरकार प्रहरी ऐन संशोधन गर्न लागिपरेको उनले जानकारी दिए।

गृह मन्त्रालयका अनुसार हाल नियमावलीमा रहेको प्रहरीका सेवा र सर्तका प्रावधानलाई ऐनमै राखेर विधेयकको मस्यौदा बनेको छ। मस्यौदामा भएका प्रावधानबारे रायका लागि अर्थ मन्त्रालयमा पठाइएको र अर्थबाट राय आएपछि कानुन मन्त्रालयको स्वीकृति लिएर विधेयकका रूपमा मन्त्रिपरिषद्मा पेस गरिने गृहमन्त्री लेखकले जानकारी दिए।

## भ्रष्टाचार...

उक्त विधेयक तत्कालीन नेकपा सरकारले २०७६ माघमा राष्ट्रिय सभामा दर्ता गराएको थियो। त्यतिबेला केपी शर्मा ओली प्रधानमन्त्री र रामबहादुर थापा गृहमन्त्री थिए। राष्ट्रिय सभाले दुई वर्षपछि २०७९ चैतमा विधेयक पारित गरेर प्रतिनिधिसभामा पठाएको हो। भ्रष्टाचार निवारण ऐन, २०५९ मूल कानुनमा हदम्यादसम्बन्धी व्यवस्था छैन।


मूल कानुनको दफा ४५ मा 'कुनै राष्ट्रसेवकले आफू कुनै पदमा बहाल रहेको अवस्थामा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्व भएको संस्थाको सम्पत्ति हिनामिना वा हानि/नोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धमा त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि निजउपर मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।' त्यहाँ कुनै उपदफा छैन। संशोधन विधेयकमा दफा ४५ मा उपदफाहरू थपिएको छ। उपदफा (१) मा 'पाँच वर्षे हदम्याद' को विषय राखिएको हो।

समिति सभापति खतिवडाले प्रस्तावित विधेयकको एउटा विषय टुंगो लागे पनि अन्य विषय छलफलकै क्रममा रहेको बताए। निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यको अनुसन्धान गर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिने कि नदिने भन्ने विषय पनि विवादमा छ। त्यस्तै बेनामी उजुरी लिने/नलिने, भ्रष्टाचार मुद्दा दर्ता भएपछि सार्वजनिक पद धारण गरेको व्यक्ति निलम्बनमा पर्ने कि नपर्ने र नीतिगत भ्रष्टाचारको विषयलाई कहाँ सम्बोधन गर्नेलगायत विषय समितिले टुंग्याउनुपर्नेछ।

# 'मुकाम रणमैदान' लाई मदन पुरस्कार र यादवलाई जगदम्बा श्री



योगेन्द्रप्रसाद यादव





मोहन मैनाली र उनको पुस्तक 'मुकाम रणमैदान'

काठमाडौं (कास)- नेपाल अंग्रेज युद्धबारे पत्रकार मोहन मैनालीले लेखेको इतिहासपरक पुस्तक 'मुकाम रणमैदान' लाई २०८० को मदन पुरस्कार दिइने भएको छ भने प्राध्यापक योगेन्द्रप्रसाद यादवलाई जगदम्बाश्री पुरस्कार।

'मान्ठ डराएको जुग', 'उपल्लो थलो', 'देखेको देश' र 'आकाशमुखी' जस्ता पुस्तकका लेखक मैनालीको 'मुकाम रणमैदान' मदन पुरस्कारका लागि छानिएका गत वर्ष प्रकाशित उत्कृष्ट पाँच पुस्तकमध्येबाट छनोटमा परेको मदन पुरस्कार गुठीले जनाएको छ।

गुठीले मैनालीको 'मुकाम रणमैदानसहित भक्त स्याङ्तानको 'डम्फुको आत्मालाप' (कथासंग्रह), जीवन क्षेत्रीको 'नुन-तेल' (गैरआख्यान), भावेश भुमरी र प्रणिता चाम्लिङको 'भावलिपि' (प्रेमपत्र संग्रह) रोशन थापा 'नीरव' को 'सन्त्रासका साठी दिन' (उपन्यास) लाई उत्कृष्ट पाँचमा सूचीकृत गरेको थियो।

त्यस्तै, भाषा साहित्यमा पुर्‍याएको योगदानका लागि व्यक्तिलाई दिइने जगदम्बाश्री पुरस्कार पाउने यादव भाषाशास्त्री हुन्। सिरहाका स्थायी बासिन्दा प्राध्यापक यादवको सम्पादनमा भाषासम्बन्धी विभिन्न पुस्तक प्रकाशित छन्। उनी त्रिवि भाषा विज्ञान केन्द्रीय विभागको प्रमुख र नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ समेत बनेका थिए।

२०७९ सालको जगदम्बाश्री टेकवीर मुखियालाई र मदन पुरस्कार विवेक ओझाको 'ऐंठन' उपन्यासलाई दिइएको थियो। २०४५ सालदेखि जगदम्बाश्री र २०१३ सालदेखि मदन पुरस्कार दिइँदै आइएको छ। दुवै पुरस्कारको राशि चार-चार लाख रुपैयाँ छ।

## बेवारिस बम विस्फोटमा...

के रहेछ भनेर उनले टिपे। अनि एउटा डिलजस्तोमा बसेर त्यसलाई खोल्न थाले। 'भयंकर आवाजसहित विस्फोट भयो, म ढलें,' सुरेन्द्रले सुनाए, 'आँखा पुछ्न भनेर मैले हात माथि लग्न खोजें, हातै गएन, जबर्जस्ती उठाएर अनुहारमा लग्दा तातो सिर्काले हिर्कायो, हात त भुइँमा झरिसकेको रहेछ।'

उठेर चिच्याउँदै घरतिर जान खोज्दा सुरेन्द्र दुई पाइला पनि सार्न नपाई ढले। कम्मरमुनि तिघ्रा, दाहिने खुट्टाको बुढीऔंलाको टुप्पा, पिडौंलालगायतमा गम्भीर चोट लागेको रहेछ, त्यो त उनले धेरैपछि अरूले भनेपछि मात्रै थाहा पाए। त्यो दिन परिवारका सबै सदस्य पर्म गर्न टाढाको खेतमा गएका थिए। बम पड्केको सुनेर के भयो भनी हेर्न आउँदा छिमेकीले सुरेन्द्रलाई घाइते अवस्थामा देखे।

'उनैले मेरा बाआमालाई बोलाइदिए, गाउँका अरू पनि जम्मा भएछन्,' सुरेन्द्र भन्छन्, 'जीउभरि घाउ लागेको थियो, नाक, मुख र आँखाबाट पनि रगत आइरहेको थियो रे, कसैले छुने आँट गर्न सकेनछन्।' बीभत्स दृश्यले स्तब्ध परिवारजन र गाउँलेलाई सुरेन्द्रकी ठूलीआमाका छोरा मणिराज जीसीले आएर हप्काएछन्, 'के हेरेर बसेको ? अस्पताल लैजानुपर्छ जतिसक्दो छिटो।' भारतीय सेनाका लाहुरे मणिराजलाई घाइते अवस्थाका सिपाहीको कसरी उद्धार गरिन्छ भन्ने थाहा थियो। स्ट्रेचर पनि नभएको त्यस आपत्पूर्ण क्षणमा गाउँले मिलेर काठको डोला बनाएछन्। 'मलाई त्यसैमा हालेर चार किलोमिटरसम्म बोकेर लगेछन्, तलको गाउँमा भर्खरै बस चल्न थालेको थियो, त्यही बसमा हालेर १५ किलोमिटर टाढा सदरमुकाम बेनी पुर्‍याएछन्' सुरेन्द्र भन्छन्।

अत्यधिक रक्तस्रावले बाटैमा सुरेन्द्र घरी बेहोस हुने, घरी थाहा पाएजस्तो हुने अवस्थामा थिए। जिल्ला अस्पताल पुर्‍याउँदा 'बम पड्केको भनेपछि माओवादी हो कि क्या हो' भनेर सेनाले केरकार गर्दा प्राथमिक उपचारमा ढिलाइ भयो। तिनताक म्याग्दी र पर्वतका बीचमा बग्ने कालीगण्डकीमा पुल बनिसकेको थिएन। खोलापारि रोकिराखेको एम्बुलेन्समा हालेर उनलाई पोखरा लैजान भने सेनाले नै सघायो। 'मलाई एकैपटक अस्पतालमा पुगेपछिको सम्झना छ,' भन्छन्। डाक्टरले इन्जेक्सन दिएको पनि रमरम सम्झन्छन् उनी।

'त्यसपछि म पाँच दिनसम्म बेहोस भएछु, ब्युँझँदा आईसीयूमा थिएँ, होसमा आउँदा आँखा नखुलुन्जेल पनि मलाई हात गएको फिलिङ थिएन' उनी भन्छन्। तर जब उनले आँखा खोले, आफूले कल्पनै नगरेको अवस्थामा पाए। भलिबललाई एक लयका साथ विपक्षीहरूको कोर्टमा बजार्न सक्ने उनका बलिष्ठ हात दुवै थिएनन्। दुवै हात काटिए पनि त्यसलाई ब्यान्डेज नगरी छाडेका थिए डाक्टरले। 'काटिएको हातको त्यो दृश्य देखेपछि मलाई संसार एकैपटक ठप्प भएजस्तो भयो' उनी भन्छन्।

अस्पतालबाट घर फर्केपछि पनि कैयौं महिना उनी निराशाको कालो सुरुङमा हराए। 'मैले कसै गरे पनि आफ्नो अवस्थालाई स्विकार्न सकेको थिइनँ,' सुरेन्द्र भन्छन्, 'मान्छेहरूले बिचरा भनेको त झन् सहनै सकिनँ, त्यसैले वर्षौंसम्म ज्याकेटको बाहुला खुलै छाडेर राखें।'

एक दिन उनले 'अपांग संघ म्याग्दी' को कार्यालयमा अपांगता भएका थुप्रै मानिसलाई भेटे। 'उहाँहरू सबको अवस्था मेरोभन्दा पनि अप्ठेरो थियो, कसैको खुट्टा थिएन, कसैको पूरै जीउ चल्दैनथ्यो, कसैको आँखाले काम गर्दैनथ्यो,' सुरेन्द्रले भने, 'त्यसबेला मलाई लाग्यो, मभन्दा पनि अप्ठेरामा परेका अरू धेरै मानिस रहेछन् तर पनि बाँच्न र अघि बढ्न संघर्ष गरिरहेका छन्।'

सुरेन्द्रलाई 'यी साथीहरूका लागि पनि केही गर्नुपर्छ मैले' भन्ने लागेछ। अनि आफ्ना काटिएका हात लुकाउन छाडिदिए। कसैले देखाउने बिचराको भावले पिरोलिन बन्द गरे। काटिएका दुवै हातमा कलम च्यापेर लेख्न सिके। रोकिएको पढाइ अघि बढाएर एसएलसी पास गरे। सामान्य काम गर्न अरूको भर नपर्ने गरी हातलाई तालिम दिए। र, ठूलो कुरा, उनी अपांगता भएका व्यक्तिहरूको अधिकारका लागि लड्न थाले। 'द्वन्द्वले मेरोजस्तो अवस्थामा पुगेका साथी धेरै रहेछन्, मैले तिनलाई गोलबद्ध गरें,' उनी भन्छन्, 'कुनै पक्षको पनि साथमा नलागेका र युद्धमा संलग्न नभएका मजस्ता धेरै साथीको हक अधिकारका बारेमा बोल्ने कुनै संस्था र मानिस थिएनन्, हामी आफैंले आवाज उठाउन थाल्यौं।'

अन्ततः २०७६ मा 'अपांगता भएका द्वन्द्वपीडितहरूको राष्ट्रिय सञ्जाल' को जन्म भयो। सञ्जाल अर्को वर्ष दर्ता हुँदा त्यसको अध्यक्ष भए सुरेन्द्र। द्वन्द्वका क्रममा घाइते र अपांगता हुन पुगेका ३ सय ५० जना सञ्जालका सक्रिय सदस्य छन्। बेवारिस बम विस्फोट हुँदा दुवै खुट्टा गुमाएका पोखराका रामचन्द्र विक, शान्ति सम्झौतापछि बारीमा काम गर्दा बम पड्केर दुवै आँखा गुमाएका कालीकोट तिलागुफाका आनन्द पाण्डे र लमजुङमा सेनाले राखेको धरापमा परी एउटा खुट्टा गुमाएकी सुनीता घलेसम्म त्यसमा सामेल छन्।

२०७१ मा जारी भएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन' मा शान्ति सम्झौतापछि घाइते, अपांगता हुन पुगेकाहरूसँग जोडिएका घटनालाई कसरी सम्बोधन गर्ने भन्ने कुनै व्यवस्था थिएन। सुरेन्द्रले सञ्जालका सदस्यहरूलाई एकै ठाउँ ल्याएर आफूहरूले भोगेको पीडालाई संक्रमणकालीन न्यायले अनदेखा गर्न मिल्दैन भनेर खबरदारी गरे। परिणामतः भर्खरै संशोधित ऐनमा शान्ति सम्झौतापछि बेवारिस बम र बारुदी सुरुङ पड्केर घाइते, अपांगता भएका मानिसको उजुरी लिने र तिनलाई परिपूरण तथा न्याय दिलाउने प्रावधान राखिएको छ। 'म विस्फोटमा पर्दा सशस्त्र द्वन्द्व चलिरहेको थियो र त्यसको ५ महिनापछि शान्ति सम्झौता पनि भयो,' सुरेन्द्र भन्छन्, 'शान्ति सम्झौतापछि पनि बारुदी सुरुङ र बेवारिस बम पड्केर अरू धेरैको अंगभंग भएको छ। यी घटनालाई राज्यले बेवास्ता गर्न मिल्दैन, हामीले कानुनमा त्यो राख्न लगाएका छौं। तर अधिकारको संघर्ष अझै जारी छ।'

## आँखा अस्पतालहरूमा...

गाउँकै मदरसामा ऊर्दु र अरबी पढाउने उनले आँखाले अक्षर ठम्याउन नसकेपछि शल्यक्रिया गरेको बताए।

भारतको श्रावस्ती जिल्लास्थित चिरैयारानीसिरका ६२ वर्षीय अमेरिकाप्रसाद यादव पनि आँखाको उपचार गर्न साताअघि नेपालगन्जको फुलटेक्रास्थित फत्तेवाल आँखा अस्पतालमा आएका थिए। मोतिबिन्दु भएर देख्न समस्या भएकाले केही महिनाअघि उनले दाहिने आँखाको शल्यक्रिया गराएका थिए। श्रावस्तीमा दुईवटा आँखा भए पनि राम्रो उपचारका लागि नेपाल आएको उनले बताए।

स्थापनाको चार दशक नाघिसकेको रुपन्देहीको सिद्धार्थनगर-३ स्थित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरमा उपचारका लागि आउने बिरामीमध्ये ७० प्रतिशत भारतीय रहेको अस्पतालका निर्देशक प्राध्यापक डा. ज्ञानेन्द्र पराजुलीले बताए। भारतको महाराजगन्ज, आजमगड, कुशीनगर, बनारस, जयनगर, गोरखपुरका बिरामी आइरहेको उनले बताए। उनका अनुसार कोलकत्ता, मुम्बईबाट रिफर गरिएका बिरामी पनि आउने गरेका छन्। यहाँको उपचार भरपर्दो भएकाले अधिकांश भारतीयको रोजाइमा परेको उनले बताए।

अस्पतालमा आइतबार, सोमबार र मंगलबार बिहान ११ बजेदेखि १ बजेसम्म चाप हुन्छ। साताको पहिलो तीन दिन २५ सय हाराहारी बिरामी आउँछन्। तीमध्ये करिब ३ सय शल्यक्रिया गर्ने खालका बिरामी हुन्छन्। बुधबारदेखि शुक्रबारसम्म हजार जति बिरामी आउँछन्, तीमध्ये सय जति शल्यक्रियाका लागि आएका हुन्छन्। अस्पतालमा २ सय ५० कर्मचारी छन्, जसमा २ जना अप्थ्याल्मोलोजिस्ट, २ जना एनेस्थेसियालोजिस्ट, एक नाक-कान-घाँटीका चिकित्सक छन्।

कपिलवस्तुको बहादुरगन्जस्थित छन्द (काले बाबु) नारायणी अस्पताल भारतीय बिरामीले धानिएको छ। गत आर्थिक वर्ष अस्पतालले आँखाको शल्यक्रिया गरेका ८ हजार मध्ये ५ हजार ६ सय ५० जना भारतीय थिए। गत वर्ष ७० हजारले बहिरंग सेवा लिएकोमा ७० प्रतिशत भारतीय रहेको नेत्र अधिकृत ओपेन्द्र चन्दले बताए।

सीमादेखि १२ किलोमिटर उत्तरमा रहेको अस्पताल आउन बढनीसम्म ब्रोडगेज रेल र बस चल्छन्। कृष्णनगरबाट अस्पतालसम्म सहज यातायात सुविधा छ। सस्तोमा गुणस्तरीय सेवा पाउने भएकाले भारतीयको चाप हुने अस्पतालका प्रशासकीय अधिकृत जसराम विश्वकर्माले बताए। सर्जन डा. सुलक्ष्मी कटुवालको नेतृत्वमा २५ जना स्वास्थ्यकर्मीको टोली छ। आँखासँगै कानको प्राथमिक उपचार सेवा उपलब्ध रहेकाले चाप बढेको विश्वकर्माले बताए। भारतको बलरामपुर, सिद्धार्थनगर, गोन्डा र बस्ती जिल्लाका विरामी यहाँ उपचार गर्न आउँछन्।

बाँकेको फुलटेक्रास्थित फत्तेबाल आँखा अस्पतालमा पनि आँखाका भारतीय बिरामी उत्तिकै आउँछन्। प्रबन्ध निर्देशक डा. कौशल बर्माका अनुसार २०४३ मा स्थापना भएको अस्पतालमा दैनिक सरदर ४ सय र वार्षिक १ लाख ४० हजारको आँखा परीक्षण गरिन्छ। वार्षिक १० हजारको शल्यक्रिया भइरहेको छ। १० शय्याबाट सुरुवात भएको अस्पतालमा अहिले २ सय ५० शय्या छ। अस्पतालअन्तर्गत विभिन्न जिल्लामा पाँचवटा उपचार केन्द्र सञ्चालन छन्।

कैलालीको गेटा आँखा अस्पताल दशकौंदेखि भारतीयका लागि विश्वासिलो र सहज उपचार केन्द्रका रूपमा छ। अस्पतालका आउटरिच अफिसर रमेशचन्द्र भट्टका अनुसार गेटामा उपचार गराउने बिरामीमध्ये ४० प्रतिशत भारतीय हुन्छन्। ०८०/८१ मा सेवा लिएका ९५ हजार २ सय ४३ बिरामीमध्ये ३० हजार ८ सय ५० जना भारतीय रहेको अस्पतालले जनाएको छ। भारतको लखिमपुर खिरी, सहाजहापुर, बरेली, पीलिभित, उधमसिंहनगर, रामपुर, मुरदावाद, दिल्ली, कलकत्ता, पञ्जावलगायत ठाउँबाट बिरामी गेटा आउने गरेका छन्। ०३७ मा स्थापना भएको यो अस्पतालमा १५ जना विशेषज्ञसहित १ सय ६० जना स्वास्थ्यकर्मी उपचारमा खटिएका छन्।

गत जेठमा भारतको बिहारस्थित पश्चिम चम्पारण हरिनगरका गुड्डु साह आफ्ना बाबु जोगेन्द्र र सानोबुबा रामचन्द्रलाई लिएर आँखा उपचार गराउन चितवन भरतपुरस्थित अस्पताल आए। भरतपुर आउनुपूर्व दुवै पर्साको ठोरीस्थित आँखा उपचार केन्द्रमा पुगेका थिए। ठोरी उपचार केन्द्र पनि भरतपुर आँखा अस्पतालले सञ्चालन गरेको हो। ठोरीबाट बिहारको हरिनगर टाढा छैन। ठोरीले दुवैलाई शल्यक्रियाका लागि भरतपुर पठायो। भरतपुर आँखा अस्पतालले २०७२ मा पर्साको ठोरीमा अस्पताल सञ्चालनमा ल्याएको थियो।

ठोरीमा अधिकांश भारतीय बिरामी आउँछन्। अस्पताल प्रमुख चन्द्र श्रेष्ठका अनुसार गत आर्थिक वर्ष उपचारका लागि आएका ठोरीमा १५ हजार २ सय १४ जनामध्ये १३ हजार ४ सय २ भारतीय रहेको उनले बताए। ठोरीमा १ हजार ३१ जनाको आँखाको शल्यक्रिया गरिएकोमा ४४ जना मात्रै नेपाली रहेको श्रेष्ठले बताए।

धनुषास्थित जानकी आँखा अस्पताल, सिरहा लहानको सगरमाथा चौधरी आँखा अस्पताल र वीरगन्जको केडिया आँखा अस्पतालमा उपचार गराउन आउने भारतीयको लर्को हुन्छ। आँखा उपचारमा भरपर्दो सेवा दिइरहेका सीमावर्ती यी सहरमा भारतीय निर्धक्क भएर उपचार गराउन आउँछन्। जनकपुरको जानकी आँखा अस्पतालमा दैनिक उपचार गराउन आउने ८ सय बिरामीमध्ये आधाजति भारतकै हुन्छन्। अस्पतालका मेडिकल डाइरेक्टर डा. आशिष बोहराका अनुसार वर्षमा १२ हजारको मोतिबिन्दूको शल्यक्रिया हुँदा ३० प्रतिशत भारतीय हुन्छन्। ओपीडी सेवा लिने १ लाख २५ हजार बिरामीमध्ये ३० प्रतिशत भारतकै हुने गरेको डा. बोहराले बताए।

भारतको विहार राज्यका नवादा जिल्लास्थित मरुई ग्राम पञ्चायतका ७० वर्षीय श्यामकिशोर कुशवाहालाई आँखा कम देखिने, तिर्मिर हुने समस्या भयो। उनले गत अक्टोबरमा नवादास्थित एक क्लिनिकमा जचाए। चिकित्सकले दिएको औषधिले समस्या झन् बल्झियो। गत, डिसेम्बरमा विहारको राजधानी पटना गएर फेरि आँखा जचाउँदा चिकित्सकले मोतीबिन्दुको शल्यक्रिया गर्न २५ हजार भारु लाग्ने बताए। आफन्तसँग सरसल्लाह गर्दा उनलाई लहानको आँखा अस्पतालमा उपचार गराउन धेरैले सुझाए। नातीलाई साथ लिएर लहानस्थित सगरमाथा चौधरी आँखा अस्पताल आइपुगे उनको दायाँ आँखाको मोतीबिन्दुको शल्यक्रिया जम्मा १३ हजार नेपाली रुपैयाँमा भयो। दुई दिनमै लहानबाट घर फर्किएका उनको आँखा पहिलेजस्तै ठीकसँग काम गर्न थालेपछि फेरि लहान आए। बायाँ आँखाको पनि शल्यक्रिया भयो। दुवै आँखा ठीक भएपछि उनले कान्तिपुरसँग खुसी साटे। 'दुवै आँखा चंगा भएको छ, पैसा पनि थोरैमा पुग्यो,' उनले भने, 'नेपालको आँखा अस्पतालमा हाम्रो भरोसा छ।'

श्यामकिशोरकै छेउमा भेटिएका विहारकै छपरा जिल्लास्थित भैरवपुर पञ्चायतका उमेश तिवारी पत्नीको आँखा उपचारका लागि आएका रहेछन्। भर्ना कक्षमा बेडमा सुतिरहेकी ५५ वर्षीया श्रीमती मिरादेवीको आँखामा समस्या आएपछि उनले छपरास्थित एक आँखा अस्पतालमा देखाएका रहेछन्। चिकित्सकले शल्यक्रिया गर्नुपर्ने सुनाए। त्यसपछि सबैको सल्लाहमा उनी आएका रहेछन्। आएको केही घण्टामै आँखाको मोतीबिन्दुको शल्यक्रिया भयो। त्यसको बिहानैपल्ट दिउँसो उनकी श्रीमती डिस्चार्ज भइन्। उनका अनुसार लहानमा उपचारका लागि १४ हजार रुपैयाँ खर्च भयो। जबकि, भारतमा २० हजार भारुभन्दा बढी लाग्छ।

लहानको आँखा अस्पतालमा उपचार गराउन आउने बिरामीमध्ये ४० प्रतिशत भारतीय हुन्छन्। सीमावर्ती भारतीय विहार राज्यसहित, उत्तर प्रदेश, सिक्किम, दार्जिलिङ, असम, मेघालय, झारखण्डलगायत प्रदेशबाट बिरामी उपचार गराउन आउने गरेको अस्पतालका वरिष्ठ प्रबन्धक अभिषेक रोशनले बताए।

विहार पश्चिम चम्पारण छपराका ६५ वर्षीय सराजुल मियाँ दाहिने आँखामा धमिलो देखिएकाले गत सोमबार वीरगन्जस्थित केडिया आँखा अस्पतालमा उपचार गराउन आइपुगे। 'देब्रे आँखाको मोतीबिन्दुको शल्यक्रिया एक वर्षअघि यसै अस्पतालमा गराएको थिएँ,' उनले भने, 'अहिले दाहिने आँखामा समस्या देखिएको छ, हाम्रोतिर पनि आँखा अस्पताल नभएको होइन, तर मलाई यही ठीक लाग्छ।' विहार पश्चिम चम्पारण बेतियाकी ४० वर्षीया तजरुन नेसा पनि अस्पतालमै भेटिन्। देब्रे आँखा दुख्ने र फड्फडाउने समस्या देखिएपछि उनले आफू उपचारार्थ आएको बताइन्।

नेपाल र भारतका मात्र होइन, तेस्रो मुलुक बंगलादेशदेखि आँखाका बिरामी लहान आइ पुगेका छन्। बंगलादेशका १७ वर्षीय मोहम्मद समिम बाँया आँखा देख्दैनथे। परिवारले उनलाई बंगलादेश र भारतका थुप्रै अस्पतालमा देखाए। तर, ठीक नभएपछि बंगलादेशकै नेपाल घुमेका एक आफन्तले सुझाएपछि गतवर्ष परिवारले समिमलाई लहानस्थित आँखा अस्पताल ल्याएर उपचार गराएको हो।

वीरगन्जको ५० वर्ष पुरानो केडिया आँखा अस्पतालमा पनि भारतीय बिरामीको घुइँचो लाग्छ। अस्पतालका अनुसार यहाँ उपचार गराउन आउने बिरामीमध्ये झन्डै ६० प्रतिशत भारतीय हुन्छन्। अस्पतालका प्रबन्धक प्रकाशकुमार बर्मा‌ले गत वर्ष अस्पतालमा १ लाख २० हजार ३ सय १६ जनाले आँखाको उपचार गराएकोमा ती मध्ये ६० प्रतिशत भारतीय थिए।

वीरगन्जकै अर्को दृष्टि आँखा अस्पतालमा गत बर्षमा ६८ हजार ६९ बिरामी आँखाको समस्या लिएर उपचारका लागि आएकोमा तीमध्ये २७ हजार ५ सय भारतीय थिए। अस्पतालका चिकित्सक वसन्त पौडेल तुलनात्मक रूपमा भारतीय अस्पतालभन्दा नेपाली अस्पतालमा उपचार शुल्क पनि कम लाग्ने र विश्वसनीय तथा भरपर्दो उपचारसमेत हुने भएकाले सीमावर्ती क्षेत्रका भारतीयको आकर्षण बढेको हुन सक्ने बताउँछन्।

- **सन्जु पौडेल** (लुम्बिनी), **मनोज पौडेल** (कपिलवस्तु), **रूपा गहतराज** (नेपालगन्ज), **अर्जुन शाह** (धनगढी), **रमेशकुमार पौडेल** (चितवन), **अजित तिवारी** (जनकपुर), **विनय आजाद** (सिरहा) र **शंकर आचार्य** (पर्सा)


Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland in Nepal

**INVITATION FOR BIDS**

The Swiss Agency for Development and Cooperation (SDC) invites bids from qualified national consulting firms to conduct a tourism sector scoping study in Koshi, Madhesh and Lumbini Provinces, and design a project document, aiming to support systematic development of tourism enterprises in Nepal. The detail bid information can be downloaded from the Embassy website https://www.fdfa.admin.ch/nepal.

The complete bid shall be submitted electronically via email to kathmandu@eda.admin.ch by 30.09.2024 until 23:00 hours Nepal Standard time.

No telephone enquiries will be answered.



Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland

**VEHICLES FOR SALE**

The Embassy of Switzerland in Nepal has used motorbike and scooter for sale on an **"as is, where is"** basis.

| Vehicle Type | Model | Vehicle No | Remarks |
|---|---|---|---|
| Super Splendor Motorbike | 2009 | 53-CD-10 | Duty Unpaid |
| Honda Dio Scooter | 2012 | 53-CD-18 | Duty Paid |

The date and time for physical observation of motorbike and scooter and submission of offer at the Embassy of Switzerland, Ekantakuna from **02 to 06 September 2024, 2:00 PM - 4:00 PM only.**

Telephone enquiries will not be entertained.



Call for
**ADMISSION**
M.Sc. Construction Management
SEPTEMBER 2024 Intake
Why nec-CPS ?
- 34th Batch intake
- Pioneer Since 1999 AD
- Quality Education
- Only 27 Seats Available

Total Fee : 4,05,200/-

**Entrance Exam Date**
Sept. 14, 2024 (2081 Bhadra 29)
**Location :**
Nepal Engineering College
Center for Postgraduate Studies
Prayagpokhari, Lagankhel, Lalitpur

**Eligibility :**
Bachelor Degree in Civil/Mechanical/Electrical/Geo-technical/Hydropower Engineering and Architecture, securing a minimum of second division (or equivalent) from a recognized university/institution.

NEPAL ENGINEERING COLLEGE
Center for Postgraduate Studies
(Affiliated to Pokhara University)
Prayagpokhari, Lagankhel, Lalitpur

DETAILS
cps.nec.edu.np
01-5430158,
9863690315

# ठूला क्लबले चाहेजस्तै च्याम्पियन्स लिग

एपी (मोनाको)

युरोपेली च्याम्पियन्स लिगले नयाँ संरचना पाएको छ । यो कस्तो छ भन्दा क्लबले धेरै खेल खेल्ने छ । त्यहीअनुसार धेरै पनि कमाउने छ । यसको 'ड्र' बिहीबार राति निकालिएको छ । युरोपेली फुटबल महासंघ (यूईएफए) यस्तो खाले प्रतियोगिताको आयोजना गर्न ठूला क्लबको निरन्तर दबाबमा थियो ।

अब पारम्परिक समूह चरणको खेल हुने छैन । बरू सबै टिम एउटै समूहमा हुनेछन् भन्दा हुन्छ । सन् २००३ यता च्याम्पियन्स लिगले नयाँ ढाँचा पाएको हो । खासमा अब यो प्रतियोगिता ठ्याक्कै त्यस्तै भएको छ, जस्तो ठूला क्लबले चाहेको थियो ।

यसपल्ट सहभागी हुने टिमको संख्या बढेर ३६ पुगेको छ । पहिलो ३२ टिममात्रै हुने गर्थ्यो । अब प्रत्येक टिमले कम्तीमा ८ खेल खेल्नेछ, यसअघि ६ खेल हुने गर्थ्यो । अब त जनवरीमा पनि च्याम्पियन्स लिगका खेल हुने भएको छ । यस्तोमा पुरस्कार रकम बढ्ने नै भयो । यसपल्ट २ अर्ब ८० करोड डलर पुरस्कारमा बाँधिनेछ, पहिलो तुलनामा २५ प्रतिशतले बढी ।

नयाँ स्वरूपको प्रतियोगिताकै कारण यसपल्ट धेरै यस्ता खेल हुनेछ, जुन यसअघिका संस्करणको फाइनल हुने गर्थ्यो । जस्तो, डिफेन्डिङ च्याम्पियन रियल म्याड्रिडका यसपल्टका प्रतिद्वन्द्वी छन् लिभरपुल र बोरुसिया डर्टमन्ड । गत वर्षको फाइनलमा रियलले डर्टमन्डलाई नै हराएको थियो । सन् २०२२ र ०१८ को फाइनलका लागि भने रियलले लिभरपुललाई पराजित गरेको थियो । अब रियलले डर्टमन्डको आतिथ्यता गर्नेछ भने लिभरपुल भ्रमण गर्नेछ ।

मिति भने अझै तय हुन बाँकी छ । म्यानचेस्टर सिटीले पनि आफूले खेलेको फाइनलको पुनरावृत्ति पाएको छ । सिटीले सन् २०२३ को फाइनलमा पराजित गरेको इन्टर मिलानको सामना गर्नेछ आफ्नै मैदानमा । बायर्न म्युनिखले भने सन् २०२० को फाइनलमा पराजित गरेको पेरिस सेन्ट जर्मेन (पीएसजी) लाई घरमा निम्त्याउने छ । यसको अर्थ के भने अब च्याम्पियन्स लिगले पछिल्ला २१ सिजन जुन ढाँचामा यो प्रतियोगिता खेलाएको थियो, अब त्यो पुरानो भयो, त्यसलाई हटाइयो ।

त्यति बेला ३२ टिमलाई आठ समूहमा विभाजन गरिन्थ्यो । त्यसक्रममा राउन्ड रोबिनको आधारमा खेल हुँदा एउटा टिमले समूह चरणमा छ खेल खेल्थ्यो । सेप्टेम्बरदेखि डिसेम्बरसम्म 'होम एन्ड अवे' का आधारमा खेल हुने गर्थ्यो । प्रत्येक समूहको शीर्ष दुई स्थानमा रहने टिम नकआउट चरणमा पुग्थ्यो । त्यसपछि अलगै 'ड्र' निकालिन्थ्यो । एउटै खेलमा सकिने फाइनल अगाडि नकआउट चरणका खेल पनि 'होम एन्ड अवे' का आधारमा हुने गर्थे ।

अब भने एउटै लिग तालिका हुनेछ । सहभागी हुने ३६ टिममध्ये प्रत्येकले कम्तीमा ८ खेल खेल्नेछ । यी आठ खेलमा पनि फरक-फरक प्रतिद्वन्द्वी हुनेछन् । यी खेल जनवरीसम्म चल्नेछ । के कस्तो प्रतिद्वन्द्वी हुनेछ, त्यसका लागि भने सन्तुलन मिलाइएको छ । वरीयताका फरक चार भाँडोबाट दुई शीर्ष प्रतिद्वन्द्वीको भने सामना गर्नुपर्नेछ । अन्तिम तालिकाको शीर्ष आठमा रहने टिम सिधै अन्तिम १६ मा पुग्नेछन्, मार्चमा हुने खेलका लागि ।

यी टिमको खेल्ने तालिका दुई फरक समूहमा राखेर टेनिस प्रतियोगिताको जस्तो गरेर 'ड्र' निकालिने छ । फाइनलसम्मका लागि थप 'ड्र' निकालिने छैन । सन् २०२५ मा बायर्न म्युनिकको घरेलु मैदानमा फाइनल हुनेछ । अंक तालिकाको नवौंदेखि २४ औं स्थानमा रहने टिमले नकआउट प्लेअफ खेल्नेछ । यी खेल फेब्रुअरीमा हुनेछ । अन्तिम १२ स्थानमा रहने टिम भने प्रतियोगिताबाट बाहिरिने छ । लिगको ९ देखि १६ औं स्थानसम्म रहने टिमले १७ देखि २४ औं स्थानमा रहने टिमविरुद्ध खेल्नेछ ।

प्रतियोगिताको पुरानो स्वरूप भत्काएर यो नयाँ ढाँचा ल्याउनुको एउटै कारण रहेको छ । यो हो, क्लबहरू बढी कमाउन चाहन्छ । युरोपेली च्याम्पियन्स लिगलाई विश्व फुटबलकै सबैभन्दा उच्च प्रतियोगिता मानिन्छ । यही प्रतियोगिताका कारण यूईएफएले विश्वभरका टेलिभिजनलाई प्रशारण अधिकार बेचेर अरबौं डलर कमाउने गर्छ । त्यसैबाट क्लबले पनि अरबौं डलर पाउने गर्छन् । यी रकम खेलाडीको किनबेचमा प्रयोग हुन्छ ।

फेरि क्लबको अर्को पनि उद्देश्य रहेको छ, ठूलो क्लबले अलिकति धेरै ठूला विपक्षी टिमविरुद्ध खेल्न पाओस् । त्यो पनि नियमित रूपमा । यसअघि प्रत्येक समूहमा एक टिमको तीन प्रतिद्वन्द्वीविरुद्ध मात्र खेल हुन्थ्यो, यस्ता खेल कम नाटकीय हुने गर्थे । अब ठूला टिमले ठूलै टिमविरुद्ध खेल्दा त्यसको आकर्षण बढ्ने छ । त्यसलाई हेर्न दर्शक बढी तिर्न पनि तयार हुनेछन् । अबको च्याम्पियन्स लिगमा यति धेरै आमूल परिवर्तन गर्नु पछाडि अर्को ठोस कारण छ ।

पछिल्लो समय केही ठूला क्लब आफ्नो अलग्गै प्रतियोगिता गर्ने सुरमा थिए । यी क्लबले सन् २०२१ मा विद्रोही सुपर लिग गर्ने बताएका थिए । यसमा स्पेन, इटाली र इंग्ल्यान्डका १२ ठूला क्लब सामेल थिए । तर, घोषणाको २४ घण्टा नबित्दै यो योजना तुहियो । त्यही सुपर लिगमा खेल्ने भनेर धम्की दिएका ठूला क्लबलाई मनाउनकै लागि पनि च्याम्पियन्स लिगको स्वरूप फेरिएको हो । तिनै क्लबको अनुरोधलाई यूईएफए मान्न लगभग बाध्य जस्तै भएको थियो ।

यो नयाँ स्वरूपकै करण यसपल्ट १ सय ८९ खेल हुनेछन् । पहिला हुन्थ्यो १ सय २५ खेल । यसले यो प्रतियोगिता आफैंमा अझ ठूलो प्रतियोगिता साबित भएको छ । जनवरीमा दुई चरणका खेल थप हुनेछ । यसले खेलाडीलाई गलाउन सक्नेछ । खेलाडी बढी थाक्नेछन् । घरेलु लिग पनि सिधै प्रभावित हुनेछ । पहिलो ६ खेलपछि नै सिधै नकआउट चरण पुगिन्थ्यो । अब केही क्लबले त्यही चरणसम्म पुग्न कम्तीमा १० खेल खेल्नुपर्नेछ । वास्तवमै प्रतियोगिता कस्तो हुनेछ, त्यसका लागि केही समय पर्खनुपर्नेछ ।







**पोर्चुगिज फरवार्ड क्रिस्टियानो रोनाल्डो बिहीबार यूईएफए च्याम्पियन्स लिगमा सर्वाधिक गोलको अवार्ड लिँदै । हाल साउदी अरेबियाको अल-नासरबाट खेलिरहेका रोनाल्डोले च्याम्पियन्स लिगमा सर्वाधिक १ सय ४० गोल गरेका छन् । मोनाकोमा च्याम्पियन्स लिगको 'ड्र' अघि उनलाई विशेष सम्मान प्रदान गरिएको थियो । त्यस्तै इटालीका पूर्व गोलरक्षक जियानलुइजी बुफोनलाई 'प्रेसिडेन्ट्स अवार्ड' प्रदान गरिएको थियो ।** तस्बिर : एएफपी

## छोटकरी

### नेपालले अभ्यास खेल खेल्ने

काठमाडौं (कास)- क्यानडामा विश्वकप क्रिकेट लिग २ को शृंखला खेल्नुअघि नेपालले श्रीलंकामा तीन अभ्यास खेल खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले शुक्रबार जनाएअनुसार नेपाली राष्ट्रिय टोलीले श्रीलंका डेभलपमेन्ट टोलीसँग तीन अभ्यास खेल खेल्न लागेको हो । नेपालले सेप्टेम्बर ३, ५ र ७ तारिखमा ती अभ्यास खेल खेल्नेछ । नेपालले टोरन्टो गएर सेप्टेम्बर १६ देखि २६ सम्म क्यानडा र ओमानसँग लिग २ को २-२ खेल खेल्ने कार्यक्रम छ । लिग २ मा नेपालको यो दोस्रो शृंखला हो । नेपालले श्रीलंका जाने १९ सदस्यीय टोली पनि चयन गरेको छ । रोहित पौडेल, कुशल भुर्तेल, आसिफ शेख, अनिल साह, देव खनाल, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुलशन झा, रिजन ढकाल, ललित राजवंशी, आकाश चन्द, सागर ढकाल, सन्दीप जोरा, दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछाने रहेका छन् । नेपाली टोली भारतको बेङ्लोरस्थित नेसनल क्रिकेट एकेडेमीमा दुई साता प्रशिक्षण गरेर हालै नेपाल फर्किएको हो । बेङलोर गएको टोलीमा कमलसिंह ऐरी, सूर्य तामाङ र बसिर अहमद रहेका छैनन् ।

### युनाइटेड गोल्डकप सुरु

पूर्वी नवलपरासी (कास)- पूर्वी नवलपरासीको गिरुबारीमा जारी युनाइटेड गोल्डकप फुटबलको शुक्रबार उद्घाटन खेलमा चोरमारा क्लबले वसन्तपुर फार्मेसीलाई ५-४ ले हराएको छ । निर्धारित समयमा दुवै टिमबाट १-१ गोल भएपछि टाइब्रेकरमा चोरमारा विजयी भएको हो । शनिबार हरियाली युवा क्लब र रजहर वातासिनो कावासोती भिड्नेछन् । विजेताले २ लाख ५० हजार ५ सय र उपविजेताले १ लाख ५० हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछन् ।

### रेडियन्ट विजयी

काठमाडौं (कास)- रेडियन्ट पब्लिकले ३० औं ज्ञान कार्निभल अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शुक्रबार दोहोरो पाएको छ । रेडियन्टको ब्वाइज/गर्ल्स दुवै टोली विजयी भएको हो । ब्वाइजमा रेडियन्टले जेम्सलाई ४२-१९ स्कोरले पराजित गर्‍यो । रेडियन्टका सुशन न्यौपानेले १३ स्कोर गरे । गर्ल्समा श्रेया बिडारीको ११ स्कोरमा रेडियन्टले आयोजक ज्ञानोदयलाई २२-१७ ले हरायो । गर्ल्समै चाँदबागले मल्पी इन्टरनेसनललाई २२-१० ले हरायो । चाँदबागकी साम्राज्ञी शाहले ८ स्कोर गरिन् । ब्वाइजतर्फ अन्य खेलमा मोर्डन इन्डियन स्कुल (एमआईएस) ले चाँदबागलाई २९-१८, मल्पीले भीएस निकेतनलाई २७-२२ र आयोजक ज्ञानोदयले मल्पी सिटीलाई ४९-२९ ले पन्छाए । एमआईएसका याङसाङ पाखिनले ११, मल्पीका साङ्गे गुरुङले १७ र ज्ञानोदयका टासी पुनेले ११ स्कोर जोडे ।

### लिस्नु कप अर्को साता

भैरहवा (कास)- २२ औं लिस्नु कप नकआउट फुटबल प्रतियोगिताको भदौ २२ देखि हुने भएको छ । रूपन्देहीको तिलोत्तमा नगरपालिका-१५ कोटिहवास्थित पशुपति माविको मैदानमा हुने प्रतियोगितामा रूपन्देही, कपिलवस्तु, स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका गरी १२ टिमको सहभागिता रहने छ । प्रतियोगिताको आयोजना लिस्नु युवा क्लब तिलोत्तमा-१५ ले गर्दै आएको हो । विजेताले ३ लाख २५ हजार रुपैयाँ र उपविजेताले १ लाख ६५ हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन् ।

पेरिस पारा ओलम्पिक

# पलेशा दोस्रोपटक कांस्यनजिक

## एसियाली खेलकुदमा ऐतिहासिक कांस्य जितेकी पलेशा पेरिस ओलम्पिकको पनि पदक भिडन्तमा







**तेक्वान्दोको के-४४ विधाअन्तर्गत ५७ केजी तौलमुनि भेनेजुएलाकी भलेरिया मोरालेसविरुद्ध किक प्रहार गर्दै नेपालकी पलेशा गोवर्धन (रातो) ।** तस्बिर : एपी

**ध्रुव तुलाधर** (काठमाडौं)

नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्धन लगातार दोस्रो पटक पारा ओलम्पिकको कांस्य पदक भिडन्तको प्रतिस्पर्धामा पुगेकी छन् ।

पलेशा फ्रान्सको पेरिसमा भइरहेको पेरिस पारालम्पिकमा पनि कांस्य पदकको नजिक पुगेकी हुन् । कांस्यका लागि उनको प्रतिस्पर्धा शुक्रबार मध्यरातमा रहेको थियो ।

उनी के-४४ विधाअन्तर्गत ५७ केजी तौल समूहकी प्रतिस्पर्धी हुन् । क्वाटरफाइनल शीर्ष वरीयताकी ब्राजिलकी कार्डोसो फर्नान्डेजसँग १०-८ अंकले पराजित भएपछि उनको फाइनल पुग्ने बाटो रोकिएको थियो । ५ मिनेटको प्रतिस्पर्धामा पलेशाले अन्तिम ५४ सेकेन्ड बाँकी रहँदासम्म ८-६ ले अग्रता बनाइसकेकी थिइन् । त्यसपछि आक्रामक बनेकी ब्राजिली फर्नान्डेजले बडी किकबाट लगातार ४ अंक बटुल्दै खेल जितेकी थिइन् ।

पराजयपछि पलेशाको बाटो कांस्यका लागि मोडिएको थियो । रिपिचेजमा आयोजक राष्ट्र फ्रान्सकी चौथो वरीयताकी सोफी कार्भजनलाई २-१ स्कोरले हराएपछि पलेशा कांस्य पदक भिडन्तमा पुगेकी हुन् । आठौं वरीयताकी उनले कांस्यका लागि सर्बियाकी मिरिजा मिचेभ वा टर्कीकी गुमेज गुर्दलबीच हुने सेमिफाइनल खेलको पराजितसँग प्रतिस्पर्धा गर्नेछिन् ।

टोकियो पारा ओलम्पिकमा पनि पलेशाले चिनियाँ खेलाडी ली युझीसँग पराजित भएपछि कांस्य पदक गुमाएकी थिइन् । त्यतिबेला उनी रिपिचेजमा दुई बाउट जितेर कांस्य प्रतिस्पर्धामा पुगेकी थिइन् ।

पेरिसमा पलेशाले राउन्ड अफ १६ को खेलमा भेनेजुएलाकी मोरालेस भलेरियालाई एकपक्षीय रूपमा ३१-० अंक अन्तरले हराएर सुखद सुरुआत गरेकी थिइन् । उनले बडी किक प्रहारबाट सबैभन्दा धेरै अंक बटुलेकी थिइन् । उनी गत चैतमा चीनमा ताइयानमा सम्पन्न एसियाली ओलम्पिक छनोट चरण जित्दै पेरिस पुगेकी हुन् । फाइनलमा लीला मिर्जाइलाई ५-४ ले हराएर स्वर्ण जितेकी थिइन् ।

पलेशा एसियाली छनोट चरण पार गरेर ओलम्पिक खेल्ने तेक्वान्दोकी तेस्रो खेलाडी बनेकी थिइन् । संगीना वैद्यले सन् २००४ को ग्रिस ओलम्पिक र दीपक विष्टले २०१० को बेइजिङ ओलम्पिक खेलेका थिए ।

पलेशा तिनै खेलाडी हुन्, जसले पारा एसियाली खेलकुदमा देशका लागि पहिलो पदक जितेकी छन् । उनले गत वर्ष हाङचाउ एसियाली खेलकुदमा कांस्य जितेकी थिइन् ।

पेरिस पारा ओलम्पिकमा नेपालका तीन खेलाडीले भाग लिएका छन् । त्यसमा बिहीबार तेक्वान्दोकै भरतसिंह महता पराजित भएर बाहिरिएका थिए । उनी पहिलो खेलमै जापानका मित्सुया तानाकासँग १९-३ ले पराजित भएका थिए । पलेशा र भरत दुवैले बेलायतमा एक महिना विशेष प्रशिक्षण गरेर पेरिस गएका हुन् । उनीहरूको साथमा प्रशिक्षक कविराज नेगी लामा पनि गएका थिए ।

पौडीका भीमबहादुर कुमालको खेल सेप्टेम्बर २ मा रहेको छ । उनले एस ९ क्याटगोरीको ५० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् ।

**पलेशाको पदक यात्रा**

सन् २०१८ मा काठमाडौं सम्पन्न दोस्रो काठमाडौं ग्यारोगी तथा पुम्से अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण जितेकी पलेशाले २०१८ मै भियतनाममा सम्पन्न चौथो एसियाली पारा तेक्वान्दो च्याम्पियनसिपमा कांस्य जितेर अन्तर्राष्ट्रिय पदक जितको यात्रा थालेकी थिइन् । त्यसपछि उनले सन् २०२१ मा बहराइनमा भएको एसियाली युथ पारा गेम्समा स्वर्ण पदक नै जितिन् ।

जन्मँदै बायाँहातको नाडीदेखि तलको भाग नभएकी पलेशाले स्कुलमा अध्ययनरत रहँदा १० वर्षको उमेरदेखि तेक्वान्दो खेल्न थालेकी हुन् । उनी सन् २०१६ देखि पारा राष्ट्रिय टिममा आबद्ध भएकी थिइन् । त्यसपछि पलेशाको अन्तर्राष्ट्रिय प्रतियोगिताको डेब्यू सन् २०१७ मा दक्षिण कोरियाको छुन्चियोनमा भएको तेस्रो एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप हो । त्यसमा उनी पाँचौं स्थान रहिन् ।

काठमाडौं बागबजारकी पलेशाले लन्डनमा विश्व पारा तेक्वान्दो २०१७, जोर्डनमा पाँचौं एसियाली पारा खुला तेक्वान्दो २०१९ र टोकियोमा पारालिम्पक गेम्सको टेस्ट इभेन्ट २०१९ मा पाँचौं स्थान हासिल गरेकी थिइन् । सन् २०१९ मा टर्कीमा भएको आठौं विश्व पारा तेक्वान्दोमा नवौं भएकी पलेशाले साउदी अरेबियामा भएको विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्समा पनि सहभागिता जनाएकी थिइन् ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान

ekantipur.com

# कोसेली

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

शनिबार, १५ भदौ २०८१

# बेलायतभन्दा रमाइलो भेडीगोठ

**माछापुच्छ्रेको लेक नौजेमा एउटै भेडीगोठ छ सुर्जेको । गोठमा छन्- पाँच सय भेडा । बुक्यानी र खर्कमा चरिरहेका भेडालाई चिसो, चितुवा र भालुसँग जोगाउन कठिन छ । संकटमा छ हिमाली भेडीगोठ-संस्कृति, छोराहरूले बेलायत बोलाइरहेका छन् तर सुर्जेलाई हिमालकै भेडीगोठ रमाइलो छ ।**



देश-दर्शन

दीपक परियार

माछापुच्छ्रे हिमालमुनिको भेडीगोठ नै सुर्जेको घर हो । उनको भेडीगोठमा छन्- पाँच सयभन्दा बढी भेडा र बाख्रा ।

श्रीपञ्चमीमा उभौली सुरु हुन्छ, श्रीपञ्चमीपछि सुर्जे गोठलाई गाउँबाट लेकतिर उँभो लाउँछन् । बुक्यानी र खर्कमा चराउँदै लैजान्छन् । गर्मी बढ्दै जाँदा गोठ माथिमाथि सर्छ । नौंजेसम्म गोठ पुर्‍याउँछन् । साउने संक्रान्तिबाट उधौली सुरु हुन्छ । हरिया घाँस, जडीबुटी खुवाउँदै गोठ उँधो लाग्न सुरु हुन्छ । चिसो बढ्दै जाँदा गोठ गाउँतिर झर्छ ।

सुर्जेको त्यही भेडीगोठ पछ्याउँदै भेडा हिँड्ने बाटो हुँदै हामी पनि माछापुच्छ्रे हिमालतिर नौंजेको उकालो लागेका थियौं ।

योग, ध्यान र पदयात्रामध्ये एक रोज्नुपरे मेरो रोजाइमा पदयात्रा पर्छ । योग गरेभन्दा कम्ता हुँदैन उकालो चढाइ । ध्यान गरेजस्तै हुन्छ, पहाडको टुप्पोमा पुगेर चारैतिर नियाल्दाको अनुभव । गृहस्थी जीवन नहुँदो हो त हिँडेरै बिताउँथे दिनहरू । टोनी हेगनले भूगोल चिन्न पैतालाले नेपाल नापेजस्तै । जीवनको अर्थ खोज्न टम टर्सिचले ७ वर्ष ४९ दिन लगाएर ६ महादेशका ३८ देश हिँडेजस्तै ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) प्रमुख रविन कडरियाको प्रस्ताव थियो- तीनशिर पदयात्रा मार्गको एक साता लामो अन्वेषणमा निस्कने । यति सुन्दर प्रस्ताव कसरी अस्वीकार गर्नु ? धेरैपछि निस्किएँ पदयात्रामा ।

माछापुच्छ्रेको देब्रे कोखा काट्दै अन्नपूर्ण हिमशृंखलाले बनाएको उपत्यकामा पुगेर सेती गण्डकीको शिरमा विराजमान भएको दृश्य मानसपटलमा घुमिहाल्यो । हिमाललाई परबाट हेर्न जति आनन्द आउँछ, त्योभन्दा बढी रोमाञ्चक हुन्छ हिमालकै फेदीमा पुग्नु । 'कुमारी हिमाल' को उपमा पाएको माछापुच्छ्रेमै पुग्ने रहर कसलाई नहोला ? बरु माछापुच्छ्रेलाई 'कुमारी' पो किन भनियो होला ? 'कुमार' किन भनिएन ! किन एकथरी मानिस माछापुच्छ्रेलाई 'कुमारी' नै राखिरहनुपर्ने तर्क गर्छन् ? आखिर चढे पनि, नचढे पनि माछापुच्छ्रेको गरिमा घट्ने होइन । हिमालको कुनै लिङ्ग हुँदैन ।

२०६९ वैशाख २३ मा सेतीमा आएको बेमौसमी बाढीले ढलेको खारपानी बजार अझै उठ्न सकेको छैन । शनिबारको दिन वनभोजमा गएका विद्यार्थी, तातोपानीमा डुबुल्की मारिरहेका स्थानीय, घुम्न गएका विदेशी पर्यटक, व्यापार गर्न बसेका व्यापारी, बालुवा चाल्दै गरेका मजदुर गरी २८ जना बाढीमा बगे । ३० जना बेपत्ता बने । अन्नपूर्ण चौथोबाट खसेको हिमपहिरोले सेती थुनिएर बनेको ताल एक्कासि फुट्दा अकल्पनीय क्षति पुग्यो ।

साउन ३० गते जिपले पोखराबाट एक घण्टामा खारपानी पुर्‍यायो । साथमा थिए एक्यापका सबइन्जिनियर रामजी आचार्य । लामाचौर, पुरुन्चौर हुँदै माछापुच्छ्रे गाउँपालिका प्रवेशपछि अन्नपूर्ण संरक्षण क्षेत्र सुरु भयो । एक्यापको भुर्जुङखोला चेकपोस्टबाट इलाका संरक्षण कार्यालय ल्वाङका रेन्जर शक्ति पौडेल मिसिए । पहिलो दिनको गन्तव्य थियो- मिर्सा गाउँ । मिर्सा पुग्न खारपानीबाट उकालो ठडियौं । कच्ची मोटरबाटो गाउँसम्म पुगिसकेकाले स्थानीय पुरानो पैदल बाटो हिँड्न छाडिसकेका रहेछन् । ढुंगा छापिएको बाटोमा लेउ जमेर चिप्लो भएको थियो । सेतीलाई दाहिने पारेर उक्लिएपछि एक घण्टामा मिर्सा आइपुग्यो ।

ढुंगा छापिएका डहर छिचोल्दै ठूलो आँगन भएको घरमा पाइला राख्यौं । लामो पिँढी, ढुंगाकै पालीमुनि लस्करै झुन्डिएका मकैका झुत्ताले घरलाई आकर्षक देखाएको थियो । घरमूली सुर्जे गुरुङले चर्को स्वरमा स्वागत गरे । हामीलाई तीनशिर पुर्‍याउने जिम्मा उनकै काँधमा थियो । साविकको गाविसस्तरमा एक्यापले स्थानीयलाई समेटेर संरक्षण क्षेत्र व्यवस्थापन समिति बनाएको छ । पहिलेको माछापुच्छ्रे गाविस हाल माछापुच्छ्रे गाउँपालिकाको वडा नम्बर १ बनेको छ । संरक्षण क्षेत्र व्यवस्थापन समिति, माछापुच्छ्रेका अध्यक्ष हुन्, सुर्जे गुरुङ । माछापुच्छ्रेमा एकमात्र भेडीगोठका सञ्चालक । उनी आफू स्वयम्लाई 'भेडीगोठालो' भन्न रुचाउँछन् ।

तीनशिर पुग्ने टोलीमा थिए, स्थानीय पथप्रदर्शक, भरिया र भान्से । पन्ध्रजनाको टोली तयार भयो । 'क्याम्पिङ ट्रेक' भएकाले टेन्ट, स्लिपिङ ब्याग, ग्यास, खानेकुरालगायत बन्दोबस्तीका सामानको भारी बेलुका नै कसियो । भोलिपल्ट बिहानको चर्को घाम, नीलो आकाशले मौसम सफा रहने संकेत दियो । बर्खाले यात्रालाई कष्टकर बनाउने चिन्तामा अलिकति राहत मिल्यो । सुर्जे दाइको भेडीगोठ माछापुच्छ्रेकै फेदीतिर थियो । हिउँदमा बेसी झर्ने गोठ, बर्खामा लेकमा राखिन्छ । हामीले हिँड्नु थियो, त्यही भेडा हिँड्ने बाटो । पछ्याउनु थियो भेडाको पदचाप ।

मिर्सा गाउँ छाडेदेखि नै उकालो सुरु भयो । भरियाका रूपमा संखुवासभाको सिलिचोङका तीन युवा थिए- सन्दीप, रामकेशर र सम्राट राई । तीमध्ये १९ वर्षीय सन्दीप पहिलोपल्ट भारी बोक्न आएका थिए । कक्षा १२ को परीक्षा दिएका उनले कोरिया जान भाषा पढे । परीक्षामा एक नम्बर पुगेन । घुम्न पनि पाइने, आम्दानी पनि हुने सोचले उनी भारी बोक्न आइपुगेका थिए । भारी बोकेर उकालो चढ्दाचढ्दै उनलाई गाह्रो भयो । अर्को साथीसँग भारी साटे । भारी बिसाएर पसिनाका धारा पुछ्दै उनले सुस्केरा छोडे, 'अब कस्सिएर पढ्छु ।'

मिर्साबाट सात घण्टा हिँडेर खुमैडाँडा (३२६७ मि.) पुग्यौं । त्यतिञ्जेल मसिनो पानी पर्न थालिसकेको थियो । वर्षादीले शरीर भिज्न पाएन । भोलिपल्ट बिहानै खुलेको हिमालले अघिल्लो दिनको थकान जम्मै मार्‍यो । हरिया डाँडा, नीलो आकाश, सेतो हिमाल र चिसो बतासको मिश्रणले साँच्चै एक प्रहर ध्यानबाट मिल्ने जत्तिकै ऊर्जा दियो ।

अचेल खुमैडाँडा चल्तीको गन्तव्य बनेको छ । पोखराबाट एक दिनमै माछापुच्छ्रे गाउँपालिकाकै घाचोक, टुसे, सरिपाखा हुँदै पनि खुमैडाँडा पुग्न सकिन्छ । यसलाई स्थानीयले 'ग्रेट माछापुच्छ्रे ट्रेल' नाम दिएका छन् । माछापुच्छ्रे, अन्नपूर्ण हिमशृंखला, धौलागिरि, पोखरा र वरपरका दृश्यावलोकनका लागि खुमै उत्कृष्ट गन्तव्य हो । हिउँ पर्ने र गुराँस फुल्ने मौसममा आन्तरिक पर्यटकको बाक्लो उपस्थिति खुमैमा हुने गरेको छ । खुमैमा ७ होटल छन् । एक होटल निर्माणाधीन छ ।

खुमैडाँडाबाट फेरि यात्रा सुरु गरेर कोर्चों (३६९० मि.) पुग्यौं । एकाबिहानै सेता हिमालमा घामका पहेंलो झुल्को परेको दृश्य निकै मनमोहक देखिन्छ । कोर्चोंमा हाल दुईवटा होटल छन् । ल्वाङघलेलको सैतीघट्ट, मेस्रम हुँदै कोर्चों पुग्ने अर्को विकल्प हो । माछापुच्छ्रे मोडल ट्रेकका रूपमा यो पदयात्रा परिचित छ ।

कोर्चोंबाट उत्तरतर्फको यात्रा अब उकालो-ओरालो थियो । पानी परेर बाटो हिलाम्मे थियो । हिंकुको उकालो चार हातखुट्टा टेकेर उक्लनुपर्‍यो । त्यति हुँदा पनि भरिया अघिअघि, हामी पछिपछि । पहिरोमाथि दुई पाइला मात्रै अट्ने बाटो काटेपछि पैंस्यो देउराली (४१९० मि.) आइपुग्यो । सुर्जे दाइले आजलाई अप्ठेरो बाटो त्यति नै भएको बताए । आफू हिँडेर आएको बाटो एकपल्ट फर्किएर हेरे । कुहिरोले केही तलसम्म मात्रै भीर देखियो । मौसम खुलेको हुँदो हो त तल मर्दी खोलासम्मको भीरले खङ्ग्रङ्ग बनाउँथ्यो ।

सुर्जे दाइसँग भेडीगोठबाट पछि लाएर आएको थियो, थोप्ले । साथी ज्यादा, कुकुर कम । उनी भेडीगोठबाट गाउँ आउँदा र गाउँबाट गोठ उक्लिँदा थोप्ले सँगै ओहोरदोहोर गर्थ्यो । भेडीगोठ हेर्ने ४ कुकुरमध्ये थोप्ले सुर्जे दाइको खास थियो । हामी हिँड्ने बाटो भालुको बासस्थान थियो । सुर्जे दाइले भालुले भर्खरै खाएर गएको हुन सक्ने भन्दै एक वनस्पति देखाए । साथमा बच्चा भएमात्रै भालुले आक्रमण गर्छ भनेपछि पाइला केही हलुका भयो । केही परे थोप्ले पनि छँदै थियो ।

दिनभरिको हिँडाइपछि बुंगा (४११० मि.) खर्कमा टेन्ट टाँगेर बास बस्दा थोप्लेले रातभर पहरा दिइरह्यो । भोलिपल्ट बिहानै बुंगा खर्क हेर्दा माछापुच्छ्रे अब केही किलोमिटर मात्रै टाढा देखिन्थ्यो । एकछिनमा बादलले छोपियो । मैले भने सम्झिइरहे लोचन रिजालको गीत- 'त्यो पहाडबाट बादल हटायो भने इन्द्रेणीका रंगहरू देखिन्छ र...!'

बुंगाबाट अबको हाम्रो यात्रा नौंजेसम्मको थियो, सुर्जे दाइको भेडीगोठ भएको ठाउँ । अघिल्लो दुई दिनभन्दा कम हिँड्नुपर्ने भए पनि बाटो कम खतरनाक थिएन । सुर्जे दाइले बाटोमा जडीबुटी चिनाउँदै लगे, उस्तै देखिने नीरमसीको औषधि र विष । सेतो फूल फुल्ने औषधि, नीलो फूल फुल्ने विष । यही विषबाट भेडा जोगाउने चिन्ता उनलाई हुन्छ । जटामसी, कुड्की, सुनपाती, मरामुल, सेतो र कालो भूतकेशजस्ता जडीबुटी उनले चिनाए । आधाउधी बाटो हिँडिसकेपछि भेडीगोठका अरू दुई कुकुर हाम्रो स्वागतमा आइपुगे । कालु र भोटेलाई देखेर थोप्लेले पुच्छर हल्लायो । उनीहरू सुर्जे दाइसँग गुटमुटिए ।

नौंजे (४३२० मि.) मा भेडीगोठ भेटियो । हाम्रो टोली त्यस दिन मर्दी हिमालबाट पानी बग्दै आउने नैंसा बगरमा बस्यो । खाना खाइवरी सुर्जे दाइ, म, हाम्रा स्थानीय गाइड मनबहादुर पुन र भान्से निर्मल गुरुङ दाइ भेडीगोठमा बस्ने भयौं । गोठमै खोले उनले गोठाले जीवनको रहस्य ।

माछापुच्छ्रेको लेकमा पहिला घाचोक, चौर, खादरजुङ, रिभानलगायत गाउँबाट भेडीगोठ बस्थ्यो । सबैका आ-आफ्नै खर्क हुन्थे । सुर्जे दाइको बाजेकै पालादेखि भेडीगोठ थियो । गाउँले मिलेर सामूहिक रूपमा पनि भेडा पाल्थे । बुबाको पालामा उनी विद्यालय हापेरै भए पनि भेडीगोठसम्म पुग्थे । पोखराको मल्टीपर्पोज हाइस्कुल (हालको राष्ट्रिय मावि) मा १० कक्षा पढ्दापढ्दै उनी बेलायती सेनामा भर्ती हुन गए । तर मेडिकलमा फालिए । गाउँ फर्किएर गोठमा बस्न थाले । २०४५ मा उनी २१ वर्षको हुँदा एकजना साथीको माध्यमबाट पर्यटन क्षेत्रमा प्रवेश गरे । काठमाडौंको हिमालय एड्भेन्चरमा उनले काम पाए । 'क्याम्पिङ ट्रेक'मा निस्कने गोराको सहयोगी, शेर्पा हुँदै सरदारको पदमा पुगे ।

त्यतिखेर पोखराको टुँडिखेलबाट पदयात्रा सुरु भएर हेम्जा, लाहाचोक, धिप्राङ, खारपानी, च्याङलुङ, घलेखर्क, न्याउलीखर्क, पार्चे, सिक्लेस, स्वता, लामाखेत, भैंसे, ठूलाकोट हुँदै बेगनासताल निस्कन्थ्यो । यो क्षेत्रमा त्यतिबेला मोटरबाटो थिएन । पर्यटकसँग उनी घान्द्रुक, म्याग्दीको घोरेपानी, खयर-खोप्रा, गोरखाको धार्चे, लाङटाङ क्षेत्र, पाँचपोखरी, कञ्चनजंगा, सगरमाथा आधार शिविर पुगेका छन् ।

साढे सात वर्ष पर्यटन क्षेत्रमा बिताएपछि उनी दलालमार्फत ताइवान पुगे । पुगेको ९ महिनामा त्यहाँको प्रहरीले समातेर फिर्ता पठाइदियो । नेपाल फर्किएर फेरि हङकङ, युरोप जाने प्रक्रिया चाले पनि सफल भएनन् । २०६२ मा उनकी आमा बितिन् । बुबा वृद्ध भइसकेका थिए । घरको जिम्मेवारी आफूले लिनुपर्छ भन्ने महसुस गरे । गाउँ फर्किएर गोठ धान्न थाले । भेडा, बाख्रा, कुकुर अब उनको साथी भए । हिमालमुनिको भेडीगोठ नै उनको घर भयो ।

बजारको नुनबाहेक भेडा, बाख्रालाई अरू कुरा किनेर खुवाउनु पर्दैन । गोठमा चार कर्मचारी छन् । मूलीका रूपमा ७ वर्षदेखि घाचोकका ७० वर्षीय चन्द्रबहादुर पुनले काम गरिरहेका छन् । सुर्जे दाइ नहुँदा चन्द्रबहादुरले गोठ धान्छन् । बाँकी तीन जना धादिङबाट आएका कामदार छन् । मूलीले वार्षिक १ लाख २० हजार रुपैयाँ पाउँछन् । साथमा ५० वटा भेडा उनको नाममा छ । दोस्रो मूलीले वार्षिक ७५ हजार र बाँकी दुईले ६०-६० हजार रुपैयाँ पाउँछन् । तीन जनाको नाममा १५-१५ वटा भेडा छन् । रासन पानी गोठधनीले भर्छन् । 'यस्तो ठाउँमा बसेर काम गर्ने मान्छे पाउनै गाह्रो छ,' सुर्जे दाइले गोठ राख्दाको अप्ठेरो सुनाए, 'यही दुःखले धेरैले गोठ राख्न छाडिसके । मैले बाउबाजेको परम्परा धान्छु भनेर छोड्न सकेको छैन ।'

भेडापालनमा पहिले र अहिले बजारको माग फेरिएको छ । उनले भेडीगोठ सम्हाल्दासम्म पहिलो आवश्यकता भेडाको ऊनबाट राडी, पाखी बुन्ने हुन्थ्यो । दोस्रोमा खेती किसानीका लागि मलको आवश्यकता । र, तेस्रोमा मात्रै मासुका लागि बेचेर घरको नुन, तेल, लुगाफाटोको गर्जो टर्थ्यो । अहिले ठीक उल्टो छ । मासुका लागि उनको भेडा बढी बिक्री हुन्छ । दसैंमा उनी माग पुर्‍याउनै सक्दैनन् । एक वर्षअघिदेखि नै पैसा बुझाएर 'भेडा राखिदिन' भन्छन् । 'पहिलाजस्तो राडी, पाखी बुन्ने मान्छे अहिले छैनन् । काठमाडौंबाट ऊन खरिद गर्न आउँथे, त्यो पनि बन्द भयो,' समयसँगै बदलिएको परिस्थिति उनले सुनाए, 'मलका लागि पनि त्यति प्रयोग हुँदैन । गाउँमा मान्छे छैनन्, खेतबारी बाँझै छ ।' मासुका लागि बढी बिक्री हुन थालेपछि भने उनको आम्दानी पनि बढेको छ । ऊन भने नबिकेर एक वर्षदेखि घरमै थुप्रिएको छ ।

उनका तीन छोरामध्ये माइलो आशिष र कान्छो अशोक बेलायती सेनामा भर्ती भएका छन् । जेठो छोरा धनबहादुर पोखरामै व्यवसाय गर्छन् । छोराहरूले उनलाई गोठ छोडेर पोखरा नै बस्न सल्लाह दिन्छन् । दुई छोराले बेलायत नै बोलाएका छन् । गोठ छोड्न उनको मन मानेको छैन । 'यस्तो स्वर्ग जस्तो ठाउँ छोडेर जान मनले मान्दैन,' ५७ वर्षको उमेरमा ठमठम उकालो-ओरालो गर्ने उनले भने, 'मनमा शान्ति छैन भने विदेशमा गएर अग्लो बिल्डिङअघि उभिएर फोटो खिच्नुको के अर्थ ?'

उनलाई आफूपछि भेडीगोठ कसले सम्हाल्ला भन्ने चिन्ताले अहिलेदेखि सताउँछ । 'भेडीगोठ भनेको हिमाली भेगको गहना हो,' गोठका मूलीतिर देखाउँदै उनले भने, 'यिनीहरूले धानिदिए त हो । यस्तो पानी परिरहने ठाउँमा गाह्रो छ । खाडी मुलुकमा दुःख गर्नुको साटो यहीं गर्ने हो भने कमाइ पनि छ ।' उनी दसैंमा झन्डै ६०-७० वटा भेडा बिक्री गर्छन् । अहिलेको बजार भाउ अनुसार एउटा भेडाको ४० देखि ६० हजार रुपैयाँसम्म पर्छ ।

गोठका मूली चन्द्रबहादुरसँग सात वर्ष भेडीगोठमा बिताउँदाका अनेक अनुभव छन् । भेडालाई चिसो, चितुवा र भालुसँग जोगाउनुपर्छ । यी जनावरसँग यिनलाई डर लाग्दैन बरु बेलाबेला तर्साउन आउनेसँग कहिलेकसो झस्किन्छन् । गोठमा बस्दा उनले 'वनको भ्याउने' अर्थात् तर्साउने जिनिसको किस्सा सुनाए । परार उनले नौंजेमा गोठभन्दा पर कालो भेडा बसेजस्तै माने । यसो हेरेर बोलाए । उताबाट हिँड्दैहिँड्दै केही चिज आयो । कुकुर पनि भुक्न मानेन । अलि नजिकनजिक आउँदा उनले सर्लक्क कालो मान्छे देखे । उनको बोली निस्किएन । मान्छेजस्तै देखिने त्यो जिनिस परपरबाटै उकालो लाग्यो । वनको भ्याउने बेलाबेलामा आइराख्ने भएकाले गोठमा एक्लै बस्न पनि डर लाग्ने उनले सुनाए ।

मलाई भने तर्साउनेभन्दा पनि अरू नै केही हो कि झैं लाग्यो । कतै रहस्यमै रहेको यति पो हो कि ! वा हिमाली भेगमा मान्छेजस्तै देखिने कुनै प्राणी पो छ कि ? हिमाली भेगका मानिस यतीसँग लडेको नै किस्सा नसुनिएका होइनन् । टोनी हेगनले आफ्नो किताबमा कास्की र लमजुङको सीमा क्षेत्रमा यतीको पाइला भेटेको प्रसंग उल्लेख गरेका छन् । उनको किताब 'बिल्डिङ ब्रिजेज टु द थर्ड वर्ल्ड' मा उनले सन् १९५० देखि १९९२ सम्म नेपालमा रहेर गरेको भौगोलिक सर्वेक्षणको नालीबेली उतारेका छन् ।

भेडीगोठमा रहेका सबैले वनमा बस्ने, तर्साउने वा भूत नै भएको तर्क गरे । गोठभित्रको धूवाँले उकुसमुकुसजस्तो भयो ।

बाँकी पृष्ठ घ मा







हिमाली भेगको गहना भेडीगोठमा भेडा मात्रै छैनन्, 'वनको भ्याउने' अर्थात् मान्छेजस्तै देखिने प्राणीका केही तर्साउने कथा पनि छन् । गोठमूली भन्छन्– वनको भ्याउने बेलाबेला आइराख्छ र गोठमा एक्लै बस्न डर लाग्छ ।

# म पनि त एक थान मानिस नै हुँ नि ब्रो !



कविता

अविनाश श्रेष्ठ

रङ्गहरूको यस संसारमा
म पनि त एउटा रङ्ग नै हुँ
कालो हुँला
पहेंलो हुँला
गहुँगोरो हुँला
हिउँगोरो हुँला
ध्वाँसे हुँला
चकलेट रङ्गको हुँला
तर हुन त म पनि एकथान
मानिस नै हु नि ब्रो !

अलिकति अल्लारे रङ्गको हुँला
थोरै अलबेला रङ्गको हुँला
केही खलबले रङ्गको हुँला
अग्घोरै ढुलमुले रङ्गको हुँला
बित्पातै चुलबुले रङ्गको हुँला
अत्यन्तै पाङ्मुङे रङ्गको हुँला
असाध्यै पाङ्दुरे रङ्गको हुँला
नजानिँदो सुकुलछाप रङ्गको हुँला
थोरबहुत सडकछाप रङ्गको हुँला
हल्का भुलक्कड रङ्गको पो हुँला
अलि-अलि उडन्ते रङ्गको पो हुँला
कमबेसी नकच्चरो रङ्गको पो हुँला
धेरथोर थेत्तरो रङ्गको नै हुँला
अलिक बढ्तै दागी रङ्गको नै हुँला
हुनसम्मको बागी रङ्गको नै हुँला
जेसुकै जस्तोसुकै किन न हुँ
म पनि एकथान मान्छे नै त हुँ नि ब्रो !

रङ्गहरूको यस संसारमा
म पनि खोज्दै छु ब्रो

उज्यालोको झलमल्ल रङ्गको ओत
शान्तिको शान्त रङ्गको बान्की
रगतको गाढा रङ्गको मात
सुन्दरताको सादा रङ्गको स्वाद-सौगात

म पनि खोज्दै छु
काठमान्डुका धुलाम्मे सुकुम्बासी बस्तीदेखि
चाडको चिहिरिँदै गरेका स्लमहरूसम्ममा
वर्षौंअघि मेरा बा-हजुरबाको पालादेखि
हराएको
मानवताको रङ्ग

भियतनाम
अफगानिस्तान
प्यालेस्टाइन
इराक
इथियुपिया हुँदै
राष्ट्रसंघका गलियारोहरूसम्म
जताततै खोजी हिँड्दै छु
मान्छे हुनुको रङ्ग
विभेदै-विभेदका छेपारे छिर्बिरे
रङ्गहरूमाझ
असमानताका खरानी रङ्गहरूमाझ
कहाँ हराइपठाएँ ब्रो मैले मेरो
मान्छे भइटोपल्नुको निजी रङ्ग
म त्यही रङ्ग धुइँपत्ताल खोजिरहेको छु
अहिले ।

त्यही रङ्ग
जुन रङ्ग मैले मेरो श्रमसित मिसाएर
युफ्रिटिजमा बगाएको थिएँ कुनै दिन
जुन रङ्ग पसिना बनाएर
ब्रह्मपुत्रमा मिसाएको थिएँ मैले कुनै दिन
जुन रङ्ग आफ्नो जाँगरसँगै
हवाङ्होको जंघारमा घोलेको थिएँ कुनै
दिन
जुन रङ्ग आफ्नो साहसमा मथेर
एमाजोजमा अर्घ्य चढाएथें कुनै दिन

हो म त्यही रङ्ग
धुइँधुइँती खोजी हिँड्दै छु ब्रो !

मेरो बोहेमियन बेहोरा बुझेर
मेरो उरन्ठ्याउलो बानी देखेर
तपाईं बिच्किनु भएजस्तो छ ब्रो
तपाईं भित्रभित्रै भुङ्ग्रिनु भएजस्तो छ नि
मेरो गतिछाडा स्वच्छन्द स्वभाव चाल
पाएर ब्रो !

तर, तपाईंजस्तै म पनि त उभिएको छु
हेर्नोस् त– विसङ्गतिहरूको बेढङ्गको
जेब्राक्रसमा

विरोधाभासको पर्खालमाथि चढेर
तपाईंले जस्तै
मैले पनि त हेरिरहेको छु अचम्म मान्दै
सुपरमार्केट जस्तै-जस्तै बन्दै गइरहेको
यस दुच्छर दुनियाँलाई ।

तपाईं काठमान्डुमा बस्नोस् चाहे
मनिलामा
हर्जगोभिनामा बस्नोस् चाहे चेर्नोबिलके
आणविक भट्टीको छेउछाउमा
केही फरक पर्दैन ब्रो
स्वैरकल्पनाले मृत्युवरण गरिरहेको यस
२१ औं शताब्दीलाई

अनि पराउत्तरआधुनिक यस संशयग्रस्त
समयलाई
कुनै फरक पर्दैन ब्रो !

रङ्गहरूको यस संसारमा
गरिबीको रुग्ण रङ्गले लेखिएको
अर्कै एउटा छुट्टै समाज पनि त छ
जहाँ एक छाक मीठोमसिनो खान, आङ
ढाक्ने एक झुम्रो लाउन
र एक जिन्दगी बाँच्ने तरखर गर्दै
गतिलो सपना देख्न
आफ्नो भएको एउटा जीउज्यानलाई नै
घरीघरी च्याँखे थापिरहनुपर्छ
हो, तपाईं र म दुवै
त्यही सीमान्त समाजका आदिवासी हौं ब्रो !

नरिसाउनोस् न त्यसरी मसित
बोहेमियन बेमिजासको हुँला म निःसन्देह
तर बदमास होइन है ब्रो पक्कै पनि ।

आफ्नो रङ्गहरू गुमाउँदै गइरहेको
यस संसारमा
रङ्गहरू खोज्दै हिँडिरहेको
तपाईंजस्तै एउटा काँचो कोकल्याँटो
यात्रु हुँ
जसको अभ्यन्तर खोतलिहेर्दा
भेट्नु हुनेछ अन्ततः
कस्तूरीबिनाको सुगन्ध
सुगन्ध भाइचाराको
बन्धुत्वको
हातेमालोको
एउटा चोखो साजी सुगन्ध नि ब्रो !
तपाईंले
वा मैले
जुन दिन जसले जहाँ भेटे पनि
यही संसारलाई नै फर्काउने हो त्यो
रङ्ग ब्रो !
मान्छे-मान्छेमाझ विभेदरहित

शोषणरहित, स्वाङरहित
भ्रातृत्वको रङ्ग
भाइचाराको रङ्ग
भलाकुसारीको रङ्ग
भावनाको रङ्ग
भलमनसाहतको रङ्ग
भूगोलको रङ्ग
भूगर्भको रङ्ग
अन्तरङ्गताको रङ्ग
प्रकृतिले बनाएको अन्तिम रङ्ग ।

रङ्गैरङ्गको यस संसारमा
म पनि एकथरी रङ्ग नै हुँ ब्रो !
अग्घोरै अलमले रङ्गको हुँला
केही अधबेस्रो रङ्गको हुँला
अलिकति आँडे-आँडे रङ्गको हुँला
धेरै उत्ताउलो रङ्गको हुँला
थोरै उच्छृङ्खल रङ्गको हुँला

हिप्पी रङ्ग
जिप्सी रङ्ग
नोम्याड रङ्ग
एस्किमो रङ्ग
रोमा रङ्ग
खबाबदोस रङ्ग
घुमन्ते रङ्ग
फिरन्ते रङ्ग
आवरा रङ्ग
खाते रङ्ग
ट्यापे रङ्ग
गँजेडी रङ्ग
नसेडी रङ्ग
भ्रमको रङ्ग
भुइँमान्छेको रङ्ग

थरी-थरी रङ्गले बनेका मान्छेहरूमाझ
म पनि त एकथान
मान्छे नै त हुँ नि ब्रो !



# क्वियरका मनका कुरा

**पहिचानको संघर्षमा छन् क्वियर । उनीहरूसँग छ- सामाजिक हेय, दुर्व्यवहार र विभेदका लामा शृंखला । क्वियरको शरीरमा होइन, समाजको नजरमा छ विकृति ।**



समाज

लक्ष्मी भण्डारी

'भित्री मनको कुरा कसले बुझिदिने ? हातखुट्टा, अनुहार, शरीरको बाहिरी भागमा लागेको चोट सहजै देखिन्छ, जसको उपचारका लागि अस्पताल दौडाइन्छ तर मनभित्र लागेको घाउ-चोट कसले देख्ने ? कसले बुझ्ने ? कसले उपचार गरिदिने ?,' आफ्ना पीडा, तनाव र दुःखका लस्कर सुनाइरहेकी छन् एरियना (नाम परिवर्तन) । भन्छिन्, 'बाहिरबाट हेर्दा त म सद्दे नै देखिन्छु, तर मेरो शरीरभित्र पिल्लिएर बसेका घाउ-चोट निक्कै गहिरा छन् ।'

जन्मिएको थातथलो पूर्वी नेपाल छाडेर किशोरावस्थामै काठमाडौं छिरे उनी । परिवारका कान्छा छोरा भई जन्मिएका उनी ९-१० वर्ष उमेरदेखि नै टीका-गाजल, लाली, पाउडरमा रमाउन थाले, जुन उनको परिवार र समाजलाई पाच्य भएन । अन्ततः काठमाडौं छिरेपछि उनी पूर्ण रूपमा स्त्रीरूपी देखिने एरियनाका नामले चिनिन थाले । 'मेरो जीवन मात्रै होइन हरेक पलमा शरीरको रूपरङ्ग, चालढाल र हाउभाउ बदलिएको छ । तर, समयसँगै यो समाजको सोच र व्यवहार बदलिएन । मूल कुरा मेरो शरीरमा आएको दृश्यात्मक परिवर्तनसँगै मस्तिष्कभित्र पीडाका पोकाहरूको पर्खालरूपी पहाड पनि अग्लिँदै गएको छ ।'

उनको मन सधैं अमिलो हुन्छ, मान्छेका व्यवहारको सम्झनाले, 'संसारमा जन्मिएका हरेक मानवको जीवनमा सुखदुःख हुन्छन्, तर हामी यौनिक तथा लैंगिक अल्पसंख्यकका पीडा, जलन, कुण्ठा र दुःखको आकलन जोकोहीले गर्न सक्दैन ।' यति हुँदाहुँदै पनि यी ट्रान्स-वुमनको अनुहार धपक्कै बलेको छ । संवादको समय प्रत्येक शब्दसँगै उनको ओठमा देखिएको मुस्कानले उनीभित्रको अटल आत्मबललाई प्रमाणित गरिरहेको छ ।

मूलतः यो समुदायका मानिसहरूमा पहिचानको संकट अर्थात् 'आइडेन्टिटी क्राइसिस' को समस्या व्यापक छ । त्यस अलावा छन्- पारिवारिक तथा सामाजिक हेय, दुर्व्यवहार लगायत राज्यले विविध विषयमा गर्ने विभेदका लामा कथाहरू, जसकारण आफूहरू मानसिक रोगको सिकार हुनुपरेको उनीहरू बताउँछन् ।

भैरहवाबाट करियर बनाउन राजधानी छिरेकी लोयला (नाम परिवर्तन) पनि परिवारले आफूलाई अस्वीकार गरेकै कारण घरबार र आफन्तविहीन हुनुपरेको सुनाउँछिन् । भन्छिन्, 'छोरीका रूपमा जन्मिए पनि मेरो भित्री आत्माले कहिल्यै त्यो स्वीकार गरेन । महिनावारी हुँदा दिक्क लाग्ने, स्तन बढ्दै जाँदा आक्रोश र चिढ्चिढा हुने, रिस मात्रै उठिरहने, पुरुषको पहिरन मनपर्ने । मर्द हुँ भन्ने भाव आउने । यस्तो भएपछि घरमा समस्या भयो । कसैले मेरो भावना बुझेनन् । र, घर छाडेर हिँडे ।' अहिले उनले सर्जरीमार्फत स्तन र पाठेघर फालिसकेकी छन् । उनलाई देख्ने सबैले भन्छन्- उनी पुरुष नै हुन् । तर, उनलाई उहिल्यै बनाएको नागरिकताले असाध्यै गाह्रो पारेको छ । उक्त नागरिकतामा दुईचुल्ठे कपाल बाटेकी केटीको फोटो छ । नागरिकता हेरेर उनको अहिलेको हुलिया नमिल्ने भएपछि एयरपोर्ट, सरकारी कार्यालय, जागिरका लागि जाने संघसंस्थालगायत जताततै समस्या आउने गरेको उनले बताइन् । 'यस्ता कुराले पनि असाध्यै दिमाग खल्बलिने रहेछ । मूल कुरा त अहिले नागरिकता र समलिङ्गी विवाहको ठूलो समस्या छ । आफूले चाहेको नभएपछि खुसी हराउँदै जाँदोरहेछ ।' उनी भन्छन्, 'यसैका कारण जागिर खान समस्या, काम पाइहाले पनि यस्तो हो भन्ने थाहा पाएपछि जागिरबाट निकालिदिने, हेप्ने, अपशब्द सुन्नुपर्ने लगायतका व्यवहारले मस्तिष्क स्थिर हुँदैन, मन ठीक ठाउँमै रहँदैन ।' यद्यपि जन्मदेखि ३० वर्षे उमेरसम्म हन्डर ठक्कर खाएर नारी हुँदै पुरुष जीवन बिताइरहेका उनी अटल र अदम्य देखिन्छन् । उनलाई लाग्छ रे, कमल हिलोमै फुल्छ, बिनासंघर्षको जीवन के जीवन ? 'खल्लो कसलाई मनपर्छ र ?,' उनले मन्द मुस्कान छर्दै भने ।

जेम र जायद (नाम परिवर्तन) सँगै बस्न थालेको ५ वर्ष पुगेको छ । उनीहरू दुवै पुरुष हुन् । परिवारबाट दुवैलाई विवाहको दबाब बढ्न थालेपछि र आफूहरू छुट्टिनै नसक्ने अवस्थामा पुगेपछि गुपचुप रूपमा लुकेर बसिरहेको उनीहरू बताउँछन् । 'सजिलो छैन, परिवार र समाजले थाहा पायो भने के भन्ला भन्ने पीर, अर्को कुरा हामीबाट बालबच्चा हुँदैन, विवाह दर्ता पनि छैन,' दुवैले एकै स्वरमा पीडा पोखे, 'कतिपय कुरा त राज्य र कानुनले सुनिश्चित गरिदिए हुने भन्ने लाग्छ । केही सहज हुनेथियो कि !' राज्यले आमनागरिकसरह आफूहरूलाई पनि निश्चित अधिकार प्रदान गरेको खण्डमा जीवन यत्ति धेरै अन्योल नहुने र आफ्नै लयमा बग्ने उनीहरूको तर्क छ । यस्ता कुराले मानसिक रूपमा अत्यन्तै गहिरो पीडा प्रदान गर्ने पनि उनीहरूले बताए ।

नेपालको संविधान २०७२ ले यौनिक तथा लैंगिक अल्पसंख्यकलाई संवैधानिक अधिकार प्रदान गरेको छ । संविधानको धारा १२ ले लैंगिक पहिचान अनुसारको नागरिकताको व्यवस्था गरेको छ भने धारा १८ ले विभेद गर्न नपाइने व्यवस्था गरेको छ र पनि अझैसम्म यो समुदायको आफूहरू चरम विभेदको सिकार बनिरहेको दाबी छ । अधिकारकर्मी तथा नीलहीरा समाजकी अध्यक्ष पिंकी गुरुङ भन्छिन्, 'यो समुदायका लागि जेजति अधिकार दिइएको भन्ने छ, त्यो कागजमा मात्रै सीमित छ, व्यवहारमा लागू गर्न कठिन छ । मूल रूपमा समुदायभित्र अनगिन्ती मानसिक स्वास्थ्य समस्याहरू छन् । सामाजिक र पारिवारिक स्वीकार्यताको कमी, आर्थिक संकट र पार्टनरसँग अस्थिर सम्बन्धका कारण धेरै व्यक्तिहरू तनाव, एक्साइटी, डिप्रेसन, एन्सोमेनिया जस्ता मानसिक स्वास्थ्य समस्याबाट पीडित छन् ।'

चार वर्षको अवधिमा यस समुदायका ८२ भन्दा बढी व्यक्तिले आत्महत्या गरेको र ७३ जनाले प्रयास गरेको पनि पिंकीले बताइन् । यसका पछाडि थुप्रै कारण छन् । लैंगिक तथा यौनिक अल्पसंख्यकमध्येका धेरैलाई मानसिक स्वास्थ्यबारे ज्ञान नै छैन, यद्यपि उनीहरू यस समस्याबाट दीर्घ रूपमै पीडित छन् । यतिसम्म कि उपचारका बारेमा समेत सूचना र ज्ञानको कमी छ । हजारौंलाई परामर्श दिइरहेकी गुरुङ भन्छिन्, 'परिवार र साथीभाइको डरका कारण उनीहरू आफ्नो पीडा र समस्याबारे खुलेर बोल्न सकिरहेका छैनन्, जसले गर्दा उनीहरू बिनापरामर्श र बिनाउपचार आफैंलाई मार्छन् ।'

सबै मिलेर राज्य, समाज र समुदायभित्रको मानसिक स्वास्थ्य समस्याबारे चेतना अभिवृद्धि गराउनुपर्ने पिंकीको जोड छ । भन्छिन्, 'सरकार र निजी क्षेत्रले जताततै मेन्टल हेल्थ सेवा बढाउनुपर्छ ताकि सबैले सहज रूपमा सेवा प्राप्त गर्न सकुन् । यो समुदायको स्वास्थ्य स्थितिको तथ्य पत्ता लगाउने अवस्था जान्न समुदायबीच अनुसन्धान गरिनुपर्छ ।' मन भुलाउने बाटो खोज्दै जाँदा यो समुदायका कतिपय मानिस ड्रग सप्लायरको फन्दामा परेको तथ्यांक पनि उनीसँग छ ।

'पहिचान' नामक संस्थाले केही वर्षअघि गरेको अध्ययनले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका युवाहरूमा ४ गुणा बढी 'सेल्फ हार्म' र 'सुसाइडल थट्स' आउने देखाएको छ भने ३८ देखि ६५ प्रतिशत टान्सजेन्डर व्यक्तिले आत्महत्या प्रयासको अनुभव गरेको बताइएको छ । २० देखि ३० प्रतिशत यस्ता व्यक्ति कुनै न कुनै दुर्व्यसनमा परेको र २५ प्रतिशतले मादक पदार्थ सेवन गर्ने गरेको तथ्यांक पनि यसैमा उल्लेख छ । सन् १९५० तथा ०६० को दशकमा 'होमोसेक्सुआलिटी' र 'बायोसेक्सुआलिटी'लाई मानसिक रोग मानिने गरिए तापनि पछिल्लो समयमा यो सोचमा निक्कै परिवर्तन आएको पनि शोधमा उल्लेख छ । यद्यपि संयुक्त राष्ट्रसंघ अन्तर्गतको यूएनवुमनले सन् २०२३ मा गरेको शोधले नेपालमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका पक्षमा सकारात्मक कानुनी पहल भएको देखाएको छ । राज्य संरचनामा समान सहभागिताका विषयदेखि लिएर समलिंगी विवाहका कुरामा राज्य सकारात्मक देखिएको शोधमा उल्लेख छ, यद्यपि हाम्रो सामाजिक, सांस्कृतिक सोच र परम्पराका कारण कार्यान्वयनमा असहजता भएको त्यहाँ स्पष्ट उल्लेख छ ।

'साइकोथेरापिस्ट' विपिन थापाका अनुसार, विश्वव्यापी रूपमा सामान्य मानिसको तुलनामा यो समुदायका व्यक्तिहरू २५ प्रतिशतले बढी मात्रामा मदिराजन्य पदार्थ सेवन गर्छन् । साथै यो समुदायका व्यक्तिमा प्रमुख समस्याका रूपमा डिप्रेसन, चिन्ता, विकार तथा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक विभेदका समस्या बढी मात्रामा देखिन्छ । ठूलो संख्यामा समुदायका व्यक्तिहरूलाई काउन्सिलिङ गरिसकेका थापा भन्छन्, 'समुदायका १० देखि २४ वर्षका व्यक्तिहरूका लागि आत्महत्या मृत्युको प्रमुख कारणमध्ये एक हो । आफ्नो यौन झुकाव वा लैंगिक पहिचानको आधारमा कलंक, भेदभाव र पूर्वाग्रहको सामना गर्नुपर्छ भन्ने डर तथा दोहोरो चरित्रको जीवन जिउनुपर्ने बाध्यताका साथै समाज र परिवारबाट अपहेलित हुनुपर्ने सोचका कारण दिनरात आफू जो होइन, त्यो अप्राकृतिक जीवन जिउनु परेको अवस्था देखिन्छ । यस किसिमको मनोवैज्ञानिक समस्याका कारण मानसिक सु-स्वास्थ्यको अवस्थाहरू विरुद्धको सामाजिक पूर्वाग्रहको सामना गर्नुपर्ने, सधैं दुःखी भइराख्नुपर्ने तथा निराशापनको सिकार हुनुपर्ने देखिएको छ ।'

यस समुदायका मानिसहरूको मानसिक स्वास्थ्यको अर्को जोखम भनेको 'अल्पसंख्यक तनाव' भएको विपिनको धारणा छ । मानसिक स्वास्थ्य चुनौतीहरूमा भेदभाव र घरेलु हिंसा, विद्यालयमा खिल्ली उडाउने परिपाटी, नागरिक र मानवअधिकारको हनन, दुर्व्यवहार, उत्पीडन लगायतले आत्मबल कमजोर हुने अनि आत्मविश्वासको कमी हुने, प्यानिक अट्याक जस्ता चिन्ते रोगले उनीहरूलाई गाँजेको थापा बताउँछन् ।

लैंगिक तथा यौनिक अल्पसंख्यक अधिकारकर्मी भूमिका श्रेष्ठ यो समुदायले जीवनको कुनै न कुनै मोडमा हिंसा भोग्नै परेको बताउँछिन्, जसको तथ्यांक ८१ प्रतिशत रहेको पनि उनले खुलाइन् । तीमध्ये ७१ प्रतिशत लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायले भावनात्मक हिंसाको सिकार भएको तथ्यांक छ । उनी भन्छिन्, 'धेरैजस्तो हाम्रो समुदायका व्यक्तिहरूले मानसिक हिंसा अर्थात् मानसिक स्वास्थ्यको आधारमा भेदभाव र विभेदको सिकार हुनुपरेको छ, उचित समयमा परामर्श नपाउँदा कैयौं साथीले आत्महत्याको बाटो रोजेका छन्, साथै आफ्नो लैंगिक पहिचान र यौनिकताबारे थाहा नहुँदा अन्योलमा बस्नुपरेको अवस्था छ । यसको मुख्य कारण भनेको घरपरिवार, समाज र राज्यद्वारा हुने भेदभाव हो । स्वास्थ्य सेवामा पहुँच नहुनु तथा उचित नीति र कानुन नबन्नु हाम्रो समुदायका लागि ठूलो समस्या हो । यौन तथा प्रजनन स्वास्थ्य र यौन स्वास्थ्यका कार्यक्रम बजेटहरूमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई सम्बोधन गरिएको छैन । अब यो तत्काल जरुरी छ ।'

नेपालको सन् २०२१ को जनगणनाले नेपाली समुदायमा लगभग २ हजार ९ सय २८ जना लेस्बियन, गे, बायसेक्सुअल, ट्रान्सजेन्डर, अन्तरलिङ्गी वा अन्य विविध यौन वा लैंगिक पहिचानका व्यक्तिको पहिचान गरेको अनुमान छ ।

पद्मकन्या क्याम्पसका मनोविज्ञान संकायका प्राध्यापक डा.नरेन्द्र सिंह ठगुन्ना भन्छन्, 'डिप्रेसन सबैमा एक सामान्य र गम्भीर चिकित्सा रोग हो, तर डिप्रेसन हुने दर 'एलजीबीटीक्यूमा हेटेरोसेक्सुअल'हरूको तुलनामा १.५ देखि २.५ गुणा बढी हुन्छ जसले शारीरिक र भावनात्मक रूपमा असर गर्ने विभिन्न समस्याहरू निम्त्याउँछ ।' यो समुदायका व्यक्तिमा डिप्रेसन ३० देखि ६० प्रतिशतसम्म बढेको उनी बताउँछन् ।

लेस्बियन, गे, बायसेक्सुअल, ट्रान्सजेन्डर र पोखराका क्वियरमा डिप्रेसनको व्यापकता मूल्यांकन गर्न नेपालमा एउटा अनुसन्धान गरिएको थियो । यस अध्ययनले २७ दशमलव ८ प्रतिशत उत्तरदातामा डिप्रेसन भएको देखाएको पनि ठगुन्नाले बताए । उक्त अध्ययनका सहभागीहरूले चिन्ता, अवसाद, आत्महत्या विचार र व्यवहारसहित पर्याप्त मानसिक स्वास्थ्य समस्याहरूबारे बोलेका थिए । यस्ता समस्या बढाउने कारकहरूमा पारिवारिक अस्वीकार, विखण्डन, धम्की, कलंक, भेदभाव र एचआईभी तथा अन्य यौन सञ्चारित संक्रमणहरूको डर समावेश भएको पाइयो । सहभागीहरूले मानसिक स्वास्थ्य जाँच उपकरण, डिजिटल परामर्श, हेल्पलाइन नम्बर, समुदायमैत्री प्रदायकहरूको डाइरेक्टरी, मानसिक स्वास्थ्य स्रोतहरू र सम्भावित समाधानका रूपमा साथीहरूको समर्थनका लागि छलफल फोरम जस्ता सुविधाहरूसहितको स्मार्टफोन एप उपलब्ध हुनुपर्ने सुझाएका थिए । सहभागीहरूले मोबाइल एपहरू सुरक्षित र पहुँचयोग्य छन् भनी सुनिश्चित गर्न गोपनीयता र यसको महत्त्वमाथि जोड दिएका थिए ।

समाजशास्त्री तथा पद्मकन्या क्याम्पस सामाजिक कार्य विभागीय प्रमुख सुक्रिता राई भन्छिन्, 'यौनिकता मानव जीवनको केन्द्रीय घटक हो, तर नेपाली समाजमा यौनिकता र सेक्सुअल ओरियन्टेसनलाई मौनताको आधिपत्यमा ढाकिएको छ । यही कारणले यस समुदायका हरेक ५ युवामध्ये एक जना मानसिक स्वास्थ्य समस्याबाट ग्रसित छन् र १० देखि २४ वर्ष उमेर समूहका युवाहरूमा मृत्युदरको दोस्रो ठूलो कारण आत्महत्या भएको छ ।'

उनका अनुसार, फरक लिङ्गका रूपमा पहिचान गर्ने बालबालिका, लैंगिक र यौनिक अल्पसंख्यक किशोरकिशोरीहरूका लागि खतराहरू उल्लेखनीय रूपमा बढी छन् । लैंगिक र यौनिक अल्पसंख्यक किशोरहरूले सामान्य जनसंख्याको तुलनामा डिप्रेसनका लक्षणहरू अनुभव गर्ने सम्भावना ६ गुणा बढी हुन्छ । उनीहरूलाई नकारात्मक रूपमा अवाञ्छनीय र असामान्य रूपमा 'स्टेरियोटाइप' व्यवहार गरिएको छ, जसले गर्दा उनीहरूमा उत्पीडन हुन्छ, जुन घर र विद्यालयबाट सुरु हुने पनि उनको लामो शोध अनुसन्धानको अनुभवले बताउँछ । यौनिक र लैंगिक अल्पसंख्यकहरूमध्ये, बालबालिकाहरू वयस्कहरूभन्दा बढी जोखिममा रहेको र शक्ति गतिशीलताका कारण बालबालिकाहरू कम शक्तिशाली स्थितिमा रहेको पनि उनले तर्क गरिन् । उनीहरूमा दुर्व्यवहार गर्नेहरूविरुद्ध लड्ने सम्भावना कम हुने र तिनीहरू प्रायः यौन शोषण र मौखिक दुर्व्यवहारको लक्षित हुने तथ्य आफूले शोधक्रममा फेला पारेको उनको तर्क छ ।

लैंगिक तथा यौनिक अल्पसंख्यक बालबालिका र किशोरकिशोरीहरूमा दोष, लाज, सार्वजनिक शरम, धम्की, उत्पीडन र डरको भावनाले निराशा, क्रोध, असहाय चिन्ता, तनाव, आत्महत्याको विचार र प्रयास जस्ता मानसिक समस्या निम्त्याउनुका साथै लागूपदार्थ दुरुपयोगलाई अँगाल्न पुगेको पनि सुक्रिताले बताइन्, 'भेदभाव र परित्यागका कारण उनीहरू आफैंले आफैंलाई सामाजिक रूपमा बहिष्कृत गर्न बाध्य भएको तथ्य सामान्य होइनन् ।' यसले देखाउँछ- हाम्रो समाज कतातिर गइरहेको छ ? र, मुलुक बनाउने जनशक्ति कुन बाटोमा छन् ?

करिब दुई महिनाअघि नेपालस्थित जर्मन दूतावासको सहयोगमा धिमाल फाउन्डेसनले आयोजना गरेको सञ्चारकर्मीहरूसँगको अन्तर्क्रियात्मक कार्यशालामा लैंगिक तथा यौनिक अल्पसंख्यकको मानसिक स्वास्थ्यका विषयमा व्यापक छलफल गरिएको थियो । विश्वव्यापी रूपमा हेर्दा पनि जबसम्म एउटा व्यक्ति स्वस्थ हुँदैन तबसम्म घरपरिवार, समाज र मुलुक स्वस्थ नहुने र यसको असर दीर्घकालीन रूपमै सबैतिर पर्ने छलफलको निष्कर्ष थियो । यद्यपि लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरू सबै दुःख, पीडा बिर्सिएर रमाउँदै, खुसी हुँदै आफूलाई आफ्नो करियर र कार्यरत क्षेत्रमा अब्बल बनाउँदै लैजाने गरेका सकारात्मक सन्देश प्रवाह गर्ने सूचना मात्रै होइन, भिडियोहरूसमेत त्यहाँ प्रस्तुत गरिएको थियो ।

नेपालमा पनि लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायभित्र डाक्टर, वकिल, राजनीतिज्ञ, व्यवसायी, अभियन्ता, कलाकार तथा मोडलहरूको संख्या उल्लेख्य रूपमा रहेको र आफ्नो कार्यक्षेत्रमा बेजोड प्रस्तुतिका साथ राष्ट्रलाई अतुलनीय योगदान दिइरहेकाको कथा त्यहाँ देखाइएको थियो । ती पात्रहरू नै अन्तर्क्रियामा सहभागी थिए ।



'हाम्रो मनको कुरा कसले बुझिदिने ? हेर्दा म सद्दे देखिन्छु, तर मेरो शरीरभित्र पिल्लिएर बसेका घाउ-चोट निक्कै गहिरा छन् ।' - एरियना

# आखिर के राखिएको छ नाममा ?

**मान्छेले नबुझ्दैमा परम्परादेखि चलिआएको स्थाननाम बदल्ने, फेर्ने, सच्याउने काम युक्तिसंगत नहुने मात्रै होइन, त्यो इतिहास मेटाउने घातक काम पनि हो ।**



नाम-कथा

वसन्त थापा



राजधानी काठमाडौंको जुन ठाउँमा मेरो एउटा सानो ओत छ, त्यस ठाउँलाई सामाखुसी भनिन्छ । यसको उत्तर-पश्चिम साँध गोंगबु कहलिने इलाकासित जोडिएको छ। त्यही भएर सामाखुसीले छोएको चक्रपथको चोकलाई गोंगबु चोक भन्ने गरिन्छ। एक किसिमले सामाखुसी र गोंगबुको दोसाँधको इलाकामा रहेको छ मेरो बसोबास ।

अड्तीस वर्षअघि त्यस ठाउँमा घडेरीको जोहो गर्दा म अन्जान थिएँ, यस ठाउँको नाम र भूगोलबारे । म त बसाइँ सरी आएको परें । तर, घर बनाउनुअघि माटो जँचाउन एक जना इन्जिनियरलाई ल्याउँदा 'यो कुन ठाउँ हो ? यसको नाउँ के हो ?' भनेर तिनले मसित प्रश्न गरेका थिए मानौं तिनी आफू सुदूर प्रदेशबाट आएका नवागन्तुक थिए । तर, तिनी निस्किए काठमाडौंको भोटाहिटीमै जन्मेर हुर्केका अनि यस इलाकामा भने कहिल्यै नआएका । चक्रपथ बनिसकेको भए पनि त्यो एकप्रकारले सीमान्त इलाका पर्थ्यो, मध्य दिउँसोमा समेत ट्याक्सी जान नमान्ने । चारैतिर पस्रेको थियो धान फल्ने खेतको फाँट अनि थिए एक्का दुक्का घरहरू । नेवार भाषामा गोंगबुको अर्थ 'भाले (बास्ने) खेत' भएको र सामाखुसीको खुसी शब्दले चाहिँ खोलो वा खोल्सो जनाउने कुरा यहीं आएपछि बोध भयो मलाई ।

नयाँ बसपार्क के बन्यो साविकको खेतका फाँटमा उम्रिए रातारात घरहरू । दस दिशाबाट ओइरिए सहस्र मानिसहरू । बाहिरबाट आउनेहरूको एक प्रकारले मूल गौंडा नै बन्यो नयाँ बसपार्क । मानिसहरूले 'गोंगपुर' भन्ने गरेको सुन्छु हिजोआज । जसले गोंगबु भन्छ, त्यसलाई उदेक मानेर हेर्छन् 'गोंगपुर' भन्ने नवागन्तुकहरू । सामाखुसी पनि उनीहरूका लागि 'सामाकोशी' भएको छ। उनीहरूले सुन्दै आएको कोशी हो, खुसी त उनीहरूका लागि बिरानो भयो ।

नेवार भाषामा बु (अझ खास त बुँ हो) प्रत्ययले खेत बुझाउँछ र त्यस्ता अरू पनि स्थाननाम छन् काठमाडौंमा जस्तैः खुसिबु, बलम्बु, सैंबु । अनि खुसी प्रत्ययले खोलो बुझाउँछ र खुसी जोडिएका अरू पनि स्थाननाम छन् जस्तैः भाचाखुसी, हिजा खुसी (धोबी खोलाको नेवारी नाम), चंखुँ चा खुसी आदि । यस तथ्यबाट अनभिज्ञ उनीहरूले जे सजिलो लाग्यो त्यही भन्न थाले । उनीहरूलाई बुझाइदिने पनि कोही भएनन् ।

यसरी अज्ञानतावश मूल नामलाई बंग्याएर बोल्दै जाँदा कालान्तरमा त्यही लोकबोली बन्न जान्छ र सद्दे नाउँको ठाउँ बिसद्दे नाउँले लिन पुग्छ, जसको कुनै छन्द र अर्थ हुँदैन ।

अज्ञानतावश कुनै ठाउँको नाउँलाई बिगारेर बोल्नु एउटा कुरा हो, प्रचलनमा रहेको स्थाननामलाई जानाजान बदल्न खोज्नु अर्को कुरा हो। काठमाडौंको हाँडी गाउँको नाउँ बदलेर त्यसलाई 'हरिग्राम' बनाउन विगतमा एकथरीबाट भएको प्रयास त्यसको एउटा उदाहरण हो। त्यहाँ बसोबास गर्ने केही भलादमीहरूलाई 'कतै नभएको जात्रा' हुने 'हाँडीगाउँ' नाम केही कारणले अप्रीतिकर लाग्यो होला र उनीहरूले एकप्रकारले संगठित अभियान नै चलाएका थिए त्यसलाई बदलेर 'हरिग्राम' राख्ने । उनीहरूले तर्क तेर्स्याएका थिए प्राचीन हरिग्राम बस्तीको नाम अपभ्रंश भएर बनेको हो हाँडीगाउँ । यसका अभियानकर्ताहरूले चिठी लेख्दा सिरानमा हरिग्राम लेख्ने, नामनामेसी र वतन खुलाउँदा हरिग्राम भनी उल्लेख गर्ने, लेख रचनाका माध्यमद्वारा पनि हरिग्राम नै हुनुपर्छ भन्ने तर्क अघि सार्ने आदि चलन थालेका थिए । उनीहरूका तर्कको तुलो भारी हुँदै गएको थियो र दिल्लीको गुडगाउँ गुरुग्राम भए जस्तै हाँडीगाउँ हरिग्राममा रूपान्तरित हुन पनि बेर थिएन ।

धन्न, विद्वान् वास्तुविद् सुदर्शनराज तिवारीले विशद अध्ययन र अनुसन्धानपछि हाँडीगाउँको इतिहासको गुत्थी फुकाउने पुस्तक निकालिदिए, जसमा हाँडीगाउँ लिच्छविकालमै स्थापित उच्च कला र संस्कृति सम्पन्न प्राचीन बस्ती भएको पुष्टि गरिएको छ । लिच्छविकालमा त्यस बस्तीलाई अण्डीपृङ्ग भन्ने गरिएको र कालान्तरमा त्यो अण्डीग्राम हुँदै वर्तमानकालमा हाँडीगाउँ हुन गएको डा. तिवारीको विश्लेषण रहेको छ। हाँडीगाउँकै रैथाने बासिन्दा डा. तिवारीले हाँडीगाउँको नाउँको उत्पत्तिको सन्दर्भमा निकालेको यस निष्कर्षबाट व्यर्थैमा हरिग्रामको नाउँ जप्ने भलादमीहरूको जोस अहिले ठन्डा भएको हुनुपर्छ ।

तर, मौलिकता कायम राख्ने मामिलामा सबै ठाउँ यसरी नै अडिग रहन सकेका छैनन् । काठमाडौं उपत्यकाभित्रै र यसको छोरमा रहेका दुइटा ठाउँले आफ्नो पुरानो नाउँ गुमाउन पुगेका छन् । त्यसमा एउटा हो- सीतापाइला नजिकको 'भीडुङ्गादाम थोक' जो अचेलभरि 'भीमढुङ्गा' हुन गएको छ । यस नयाँ नाममा अभ्यस्त भइसकेका नयाँ पुस्ताकालाई सम्भवतः यसको पुरानो नाउँबारे जानकारी पनि नहोला । आफू काठमाडौंभन्दा सुदूर पूर्वको स्थानमा जन्मे, हुर्केको र वयस्क भएपछि मात्र काठमाडौं प्रवेश गरेको भए तापनि 'भीडुङ्गादाम थोक' भन्ने नाम मैले संवत् २०१४ सालतिरै थाहा पाएको थिएँ । मलाई त्यसरी थाहा हुने एउटा सानो कारण र कथा छ ।

मेरा बा पहिलो पटक काठमाडौं आउनुभएको थियो, एक वर्षअघि मात्र बनेर तयार भएको 'बाइरोडको बाटो' हुँदै संवत् २०१४ सालमा । काठमाडौं बसाइको क्रममा उहाँको जम्काभेट भएको थियो आफ्नै सालीसित वसन्तपुरमा, जो नेपाली सेनाका जवानको प्रेममा परेर निकै वर्षअघि धनकुटाबाट उसबेलाको 'नेपाल' भासिएकी थिइन् । तिनको घर थियो भीडुङ्गादाम थोक । सालीको करबलले गर्दा उस बखतको अनकन्टार त्यस गाउँमा हिँडेर गएको कथा सुनाउनुहुन्थ्यो बा । त्यसैबेलादेखि मेरो बालमस्तिष्कमा उत्कीर्ण भएको थियो भीडुङ्गादाम थोक । तर, अचेल म देख्छु त्यस नामलाई 'भीमढुङ्गा' ले प्रतिस्थापित गरेको । थोक प्रत्यय लागेका धेरै स्थाननाम छन् । तिनैमध्ये एउटा काठमाडौंबाट धेरै टाढा छैन, जस्तो खरेल थोक । नजान्नेहरूले त लखनउलाई नखलउ भन्ने गरेको पनि सुनिन्छ यदाकदा । तर, यहाँ त अज्ञानीहरूको जिब्रोले बिगारेका कारणले नभई बकायदा औपचारिक तवरमै बिगारिएको छ मौलिक नाउँ र पारिएको छ 'भीमढुङ्गा' ।

अर्को ठाउँ हो हेलिकोप्टर दुर्घटनाका कारण हालसालै चर्चामा आएको नुवाकोट जिल्लाको सूर्यचौर, जो काठमाडौंको उत्तर-पश्चिम किनारमा अवस्थित छ। त्यस इलाकाका कुनै पनि रैथाने मानिसलाई सोध्नोस्, त्यसको असली नाउँ उनीहरू भन्नेछन् 'सुइरे चौर' । ध्वनिसादृश्यका कारण भ्रमवश कसैले सूर्य चौर भन्ने सुन्यो होला । तर, अहिले त त्यही नाउँमा ठप्पा लागिसकेको छ । हेलिकोप्टर दुर्घटनापछि त झनै देशव्यापी पो हुन पुग्यो त्यो नक्कली नाउँ ।

अब काठमाडौंदेखि अलिक टाढा पूर्व लागौं प्रदेश नम्बर एकमा रहेको मेरो साविकको जिल्ला सुनसरीतिर । 'हरिनगरा' नाउँको एउटा गाउँ थियो र अझै छ सुनसरी जिल्लाको दक्षिणी भागमा भारतसित सिमाना जोडिएको ठाउँनेर । खालि फरक के छ भने त्यसले अचेल 'हरिनगर' भन्ने परिवर्तित नाउँ ग्रहण गरेको छ औपचारिक तवरमै । गाउँपालिकाको नाउँ नै भएको छ हरिनगर । कसरी भयो होला र के कारणले भयो होला यस्तो परिवर्तन भनेर उदेक लाग्छ । के हरिनगरा भन्ने नाउँ अपरिष्कृत र अशुद्ध लागेर हो ?

> सेक्सपियर भन्छन्- नाममा के छ ? तर, उनको त्यो भनाइ गुलाफको फूलको हकमा मात्रै लागू हुन सक्ला, किनभने गुलाफको सुगन्धभन्दा पर्तिर गएपछि नामको उपयोग संवेदनशील विषय बन्छ ।

हरिनगराको उत्तर दिशातर्फ सप्तकोशीको किनारमा हुने गर्थ्यो चकरघट्टी नाउँको अर्को गाउँ । धरानको घोपाबाट माल ओसार्ने 'न्यारो गेज' को रेल पनि चल्थ्यो चकरघट्टीसम्म कोशी बराज बन्दै गरेको समयमा । असलमा चकरघट्टी छिचोलेर त्यो रेल पुग्थ्यो सिमानामा अवस्थित भीमनगरसम्मै, जहाँ त्यो बराज बनिरहेको थियो । ओहो, चक्रघट्टी पो अरे अहिले त ! बाटाघाटाका नामपाटीमा त्यही लेखिएको छ। सरकारी कागजपत्रमा त्यही छापिएको छ। कसको दिमागमा चलेको चक्रवातको परिणाम हो यो चक्रघट्टी ?

झनै दिमाग खराब हुन्छ हामीले पहिले 'पानमारा' भन्ने गरेको ठाउँ अहिले 'पानबारी' नाउँमा रूपान्तरित भएको देखेर । कुनै डेढअक्कलीलाई लाग्यो होला छेउमा पत्रुङ्बारी छ पर्तिर केराबारी छ, त्यसैले यसको नाउँ हुनुपर्छ- पानबारी । यद्यपि ऐतिहासिक रूपमै पानको खेतीसित त्यस इलाकाको कुनै सम्बन्ध थिएन । त्यो इलाका त बरु खेतबारी थियो मैले थाहा पाउँदा । यहाँ पनि एउटा सानो कथा जोडिएको छ । संवत्को तेह्र-चौध सालमा हुँदो हो म पानमारा गएको थिएँ ठूलाबडाको पछि लागेर वर्षामा उर्लने सेउती खोलाको जोखिम मोल्दै । धेरै जना गएका थिए त्यहाँ धरानबजारबाट । खेतका आलीआलीमा राता झन्डा गाडिएका, बाउसेहरू खेत हिल्याइरहेका, रोपाहार धान रोप्दै गरेका पञ्चेबाजासहित । जनवादी रोपाइँ थियो क्यार त्यो । सायद आम किसानमा पल्हाउँदै गरेको संगठित राजनीतिक जागरणको सामूहिक प्रदर्शन । त्यसबेलादेखि चिनेको पानमारा बिना तुक र तर्क पानबारी भएको देख्दा उदेक लाग्नु स्वाभाविक हो । पानमारालाई पानबारी बनाउनेहरूलाई थारमारा, जोगीमारा, चोरमारा, बाहुनमारा जस्ता मारा प्रत्यय लागेर बनेका अन्य थुप्रै ठाउँका नाउँ छन् भन्ने थाहा भएन होला सायद ।

नेपालको पूर्वी सरहदको जिल्ला इलाममा रहेको सन्दकपुर गाउँपालिकाको नाउँ सुन्नुभएको होला । मैले पनि सुनेको छु, गएको भने छैन त्यहाँ । मैले सुनेको, जानेको र किताब पत्रपत्रिकामा पढ्दै आएको ठाउँ चाहिँ हो- सन्दकफु । ब्रिटिस वनस्पतिविद् जे डी हुकर पनि घुमेका ठाउँ हो त्यो । अरू अन्वेषकहरूको यात्रा विवरणमा पनि उल्लेख पाइन्छ त्यस ठाउँको । मेरो बुझाइमा सन्दकफु सिमानाको लगभग साँध बनेर रहेको अग्ला डाँडाको लामो सृङ्लाको नाउँ हो, जसको ठ्याक्कै पल्लोपट्टि भारतको सिङ्गलिला राष्ट्रिय निकुञ्ज अवस्थित छ । यो स्पष्टतः लेप्चा भाषाको शब्द हो । यसलाई भिन्नभिन्न स्रोतले भिन्नभिन्न तरिकाले अर्थ्याएका छन् । एउटा भनाइमा 'बिखालु वनस्पति भएको लेक वा उचाइको पहाड' हो यस शब्दको अर्थ । अर्थ भिन्नता होलान्, तर यो हो त लेप्चा भाषाको उत्पत्तिको शब्द । भारतको सिक्किम, दार्जिलिङ र नेपालको इलाम, ताप्लेजुङ इलाकालाई लेप्चा जातिको मूल थलो पनि मानिन्छ । त्यो मानिसकेपछि आधा भाग लेप्चा र आधा भाग संस्कृत भाषाको मिलाएर यो सन्दकपुर भन्ने वर्णशंकर नामको निर्माण किन गरेको होला ? समुच्चा र सद्दे नाउँ सन्दकफु राख्दा केही बिगार हुने थियो र ?

अब चाहिँ काठमाडौंदेखि पश्चिम लागेर टाढा होइन, पाल्पा जिल्लासम्म पुगौं । पाल्पा एकताकाको बाह्र मगराँतअन्तर्गत पर्ने इलाका हो भन्ने कुरा इतिहासको जानकारी राख्ने सबैलाई थाहा भएकै तथ्य हो । अहिले पनि त्यो मगर बहुल इलाकामै गनिन्छ । त्यसैले त्यहाँका ठाउँहरूको नाउँमा मगर भाषाको छाप पर्नु अथवा मगर भाषाबाट गाउँठाउँको नामकरण हुनु कुनै अनौठो कुरा होइन । दी प्रत्यय लागेका नदी वा नदीसित सम्बन्धित नाम जस्तै मर्स्याङ्दी, दरौंदी, राम्दी आदि मगर भाषाबाटै आएका हुन् । आरे भञ्ज्याङ त्यस्तै एउटा नाउँ हो मगर भाषाबाट आएको । मगर भाषामा आरे भनेको लसुन हो । अर्थात् आरे भञ्ज्याङलाई लसुने भञ्ज्याङ भनेर बुझ्न सकिन्छ । तर, केही जान्नेसुन्नेलाई आरे शब्द पाच्य भएन र उनीहरूले यसलाई अर्थ्याए 'आर्य' भनेर । मगर भूमिमा आर्य ? यसपछाडि केही तुक वा तर्क छ ? आरे शब्दले केही खान मागेको थिएन र कसैलाई पीरपिराउ पनि गरेको थिएन । तर, त्यसलाई आर्य नबनाई कसै कसैलाई चित्त बुझेन ।

यस्तै उदाहरण देख्न पाइन्छ, पाल्पा जिल्लाको दक्षिण साँधको जिल्ला नवलपरासीमा । नारायणघाटबाट बुटवल जाने राजमार्गमा 'आरूङ खोला' र त्यही नामको सानो बजार हुने गर्थ्यो । अहिले त्यो बजार बढेर ठूलै भइसकेको छ र आरूङखोला पनि अरूण खोलामा परिणत भएको छ । त्यो बाटो आउजाउ गर्दागर्दै केही वर्षको अन्तरालमा त्यहाँको साइनबोर्डमा आरूङ खोलाको ठाउँ अरूण खोलाले लिएको देखेको छु। आरेजस्तै आरूङ पनि मगर भाषाको शब्द हो, जसको अर्थ ओदान हुन्छ नेपालीमा । पूर्वी पाल्पाबाट दक्षिणतिर बग्ने तीनवटा खोला मिलेर बनेको ओदानजस्तो स्थलबाट बग्ने हुनाले 'आरूङ' भनिएको बताउँछन् जानकारहरू । छँदाखाँदाको आरूङलाई अरूण बनाउने औचित्य र आवश्यकता के हो ?

पहिलेदेखि चलिआएको गाउँठाउँको नाउँ झट्ट सुन्दा अर्थ न बर्थको लाग्न सक्छ। त्यस्तो लाग्ने कारण तिनको अर्थ नभएर होइन कि बुझ्नेको सीमित ज्ञान र साँघुरो दृष्टि भएर हो । विद्वान् लेखक कृष्णप्रकाश श्रेष्ठले 'स्थाननाम कोश' नाउँको ग्रन्थ लेखेका छन्, जसमा देशभित्रका विभिन्न ठाउँका नाउँहरूको नालीबेली तथा विवरण दिइएको छ । संवत् २०४४ मा तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित भएको त्यस कोशको प्राक्थनमा उनी लेख्छन्, '...स्थाननाम अर्थरहित चाहिँ अवश्य हुँदैनन्, यद्यपि तिनको अर्थ ठम्याउन हतपति सकिँदैन । जुनसुकै स्थाननामले पनि भौगोलिक अवस्थिति वा त्यस स्थानसित सम्बन्धित कुनै न कुनै ऐतिहासिक, सांस्कृतिक, धार्मिक, नृवंशात्मक, सामाजिक आदि तथ्यको संकेत दिएको हुन्छ ।' उनी अझ थप भन्छन्, 'अर्थ नलाग्ने जस्ता प्रतीत हुने स्थाननामहरू कुनै प्राचीन भाषाको अवशेषका रूपमा अस्तित्वमा रहेको हुन सम्भव छ ।'

त्यसैले आफूले नबुझ्दैमा परम्परादेखि चलिआएको स्थाननामलाई बदल्ने, फेर्ने, सच्याउने काम युक्तिसंगत नहुने मात्र होइन त्यो इतिहास मेटाउने घातक काम पनि हुन जान्छ । किनभने माथि उल्लिखित कोशको प्रकाशकीयमा कविवर माधव घिमिरे लेख्छन्, 'कुनै पनि ठाउँको नामको आफ्नो इतिहास हुन्छ र त्यस इतिहाससँग देश र देशका बासिन्दाहरूको इतिहास पनि जोडिएको हुन्छ ।' अनि थप प्रवृष्टिसहित 'हिमाल' किताबले संवत् २०६७ मा छापेको त्यस पुस्तकको परिवर्धित दोस्रो संस्करणको भूमिकामा विद्वान् लेखक तीर्थबहादुर श्रेष्ठले यस्तो लेखेका छन्, 'कुनै एक स्थानको नाम स्थापना हुनलाई मानव सभ्यताको घटनाक्रमले सघाउँदै आएको हुन्छ । वस्तुतः कुनै पनि स्थाननामले त्यहाँको मानव सभ्यतासँग गाँसिएको कला, साहित्य, संस्कृति, भाषा, भूगोल, ज्ञान, विज्ञान र परम्पराको इतिहासलाई बोकेको हुन्छ ।'

हुन त नाउँको चर्चा चल्दा सेक्सपियरको 'नाममा के राखिएको छ ?' भन्ने प्रसिद्ध उक्तिको प्रसङ्ग आउँछ । तर, उनको त्यो भनाइ सम्भवतः गुलाफको फूलको हकमा मात्र लागू हुन सक्ला । माथि भनिए झैं संस्कृति, भाषा र परम्पराको इतिहासको हकमा लागू नहोला । किनभने गुलाफको सुगन्धभन्दा पर्तिर गएपछि नामको उपयोग संवेदनशील विषय बन्न जान्छ ।

यो आलेख कुनै विशद अनुसन्धानको परिणाम होइन । निजी अवलोकन र केही व्यक्तिहरूसितको वार्तालापमा आधारित रहेर केवल मनमा बिझेका कुरा अभिव्यक्त गरेको हुँ । तर, एकसरो अध्ययनबाट पनि स्थानको नामकरण वा नाम परिवर्तनमा एउटा प्रबल र आक्रामक प्रवृत्ति हावी हुँदै गएको भने प्रस्टै देख्न सकिन्छ । त्यो प्रवृत्ति भनेको रैथाने वा आर्येतर परम्परा र संस्कृतिलाई पन्छाएर हरेक नामलाई रामायण तथा महाभारतका मिथकीय पात्रहरू र हिन्दु देवदेवीसितै जोड्ने अनि हरेक शब्दको निर्वचन संस्कृतमै खोज्ने आग्रह । यस्तो आग्रह संविधानमा जाति, धर्म, संस्कृति, भाषी जस्ता शब्दमा 'बहु' उपसर्ग राखेर जसरी परिभाषित गर्न खोजिएको छ त्यस भावनाको अनुकूल हुँदैन । नेपाल नामक देश हरेक जातजाति र समुदायको समष्टिगत सहभागिताबाट निर्माण भएको छ भन्ने मान्यता बोक्नुपर्नेमा त्यसको विपरीत हुन जान्छ ।

त्यसैले हेक्का रहोस्, नाममा धेरै थोक राखिएको छ ।

---

# प्यालेस्टाइनी सडकमा बच्चीको डायरी

**प्यालेस्टाइनीहरू मध्यपूर्वका हरिया खजुरका बोटहरूझैं जीवनको शुष्क धरातलमा चर्को घाममुनि उभिइरहेका छन्**



युद्ध र कविता

चन्द्र गुरुङ

प्यालेस्टाइनीको मनले चाहेजस्तो, मस्तिष्कले सोचेजस्तो केही भइरहेको छैन । देशैभरि शरणार्थी शिविरहरूको संख्या दिनहुँ बढ्दै गइरहेका छन् । सबतिर रोग, भोक र शोक व्याप्त छ । कसैले पनि एउटा सुन्दर भविष्यको सपना देख्दै परिवारजनसित ढुक्कसित बस्न पाएका छैनन् । तर, उनीहरू समयको यस त्रासदीमा पनि घरी घरी एउटा फिनिक्स चराझैं आफ्नै विनाशको खरानीको थुप्रोबाट उठ्दै छन् । मध्यपूर्वको हरिया खजुरका बोटहरू झैं जीवनको शुष्क धरातलमा चर्को घाममुनि उभिइरहेका छन् । उनीहरूमा गज्जबको मनोबल छ । उनीहरू एउटा जल्दोबल्दो उदाहरण हुन्- देशप्रेमको । उनीहरूका दिलमा व्यथाको ठूलो सागर उर्लिन्छ, तर पनि संघर्षले बलियो जरा गाडेर उभिएको छ। यस अवस्थामा उनीहरूको भावनालाई सम्मान गर्नु भनेकै हामीभित्रको दया, माया र मानवता मरेको छैन भन्ने प्रमाण पेस गर्नु हो ।

हालै, अक्टोबर ०७, २०२३ का दिन प्यालेस्टाइनी समूह हमासले इजराइलको दक्षिणी भागमा आक्रमण गरेको थियो । यो सन् १९४८ को अरब-इजराइल युद्धपछिको पहिलो ठूलो आक्रमण थियो, जसमा लगभग १,१३९ मान्छे मारिएका थिए । हमासका लडाकुहरूले २४० जना इजरायलीलाई बन्दी बनाएर लगेका थिए । हमासको उद्देश्य इजरायली जेलहरूमा बन्दी बनाइएका प्यालेस्टाइनीलाई छुटाउनु थियो । हमासले गरेको यस आक्रमणपछि इजरायलले पनि गाजामाथि लगातार हमला गरिरहेको थियो । डिसेम्बर ०६, २०२३ को आक्रमण यसैको परिणाम थियो । यस हमलामा ४४ वर्षीय प्यालेस्टाइनी कवि तथा प्रोफेसर रेफात अलारिरको मृत्यु भयो । उनले केही साथीसित मिलेर 'वि आर नट नम्बर्स' नामको संगठन स्थापना गरेका थिए । त्यस संगठनले अग्रज प्यालेस्टाइनी लेखक तथा नवलेखकलाई जोड्ने काम गरिरहेको थियो । उनको लेखन तथा यस्ता क्रियाकलापले गर्दा रेफात अलारिरलाई इजरायली सेनाले 'टार्गेट' गरिरहेको थियो ।

प्यालेस्टाइनी सर्जकहरूले यसरी दुःख पाएको वा मृत्यु भएको घटना नयाँ होइन । प्यालेस्टाइनको संघर्ष थालिएको सुरुदेखि नै अनेक लेखकलाई देश छोड्न बाध्य पारिए, थुप्रै मारिए र धेरैलाई जेलमा कोचियो । प्यालेस्टाइनी कवितामा एउटा सम्मानित नाम हो- महमुद दर्विश । उनको जन्म पश्चिमी गलिलीमा मार्च १३, १९४१ मा एउटा जमिनदार परिवारमा भएको थियो । उनलाई प्यालेस्टाइनको राष्ट्रिय कविको रूपमा पनि चिनिन्छ । इजरायलमा राजनीतिक उथलपुथल चलिरहेको समयमा उनको गाउँ द्वन्द्वले तहसनहस भएको थियो, जसकारण उनको परिवार भागेर लेबनान जानु परेको थियो । आफ्नो प्रतिरोध कविताकै लागि दर्विश २६ वर्षसम्म विभिन्न देशहरूमा निर्वासित जीवन बिताउन बाध्य भए । अर्का कवि थिए- घसन कानाफानी । उनको पनि इजरायली गुप्तचर एजेन्सी मोस्सादले हत्या गरिदिएको थियो । यसरी लेखेको जुर्ममा आफ्नो ज्यान गुमाउनेमा अनेकौं प्यालेस्टाइनी कवि तथा लेखकहरू छन् । केही वर्षअघि मात्रै सामाजिक सञ्जालमा पोस्ट गरेको कविताबाट आतंकवादलाई प्रोत्साहन गरेको आरोपमा प्यालेस्टाइनी कवि देरिन तेटौरलाई अदालतले दोषी ठहर गरेको थियो । उनीभन्दा अघि नै मुइन बसिसो, फौजी अल-असमार, समिह अल-कासिम, तौफिक जयद, जस्ता कविहरू प्रतिरोधी कविता लेखेर पटक पटक जेलमा कोचिए ।

प्रकाशचन्द्र तिमल्सेना



हमासको आक्रमणपछि इजरायली भूमिमा क्षतिग्रस्त साइकल




सन् १९४८ को प्यालेस्टाइनी समाज र राजनीतिमा जति महत्त्व छ उति नै महत्त्व प्यालेस्टाइनी साहित्यमा पनि छ। साहित्यमा यो परिवर्तन सामाजिक, राजनीतिक र आर्थिक उत्पीडनको उपज थियो । सन् १९४८ पछि प्यालेस्टिनी साहित्यले नयाँ साहित्यिक आन्दोलनको जग बसाल्न सफल भयो । यो साहित्यिक आन्दोलन त्यस समयको राजनीतिक परिवर्तनको एउटा उल्लेखनीय साक्षी बन्न सफल भएको छ । सन् १९४८ को युद्धपछिको प्यालेस्टाइनी कविताले जनताको राष्ट्रिय उत्साह झल्काउँछ ।

त्यो समयको कविहरूका कविता जीवनशक्तिले भरिएका थिए । महमुद दर्विश, फदवा तुकान, इब्राहिम तुकन, मोइन बेस्सिसो र कमल नासिर आदि आफ्ना प्रभावशाली प्रतिरोधी कविताका लागि विश्व प्रसिद्ध छन्। यी कवि-लेखकले घरबाट बेघर हुनुको पीडा, आफ्नो अस्तित्व बचाउन गर्नुपरेको संघर्ष, आफ्नो देशमा फर्केर आउने चाहना, विगतको सम्झना र आक्रमणकारीप्रतिको आक्रोशलाई आफ्ना सिर्जनामा प्रमुख स्थान प्रदान गरेका थिए ।

प्यालेस्टाइनीहरूको दुःखको आयतन धेरै ठूलो छ । उनीहरूमाथि रगत तात्ने गरी ज्यादती र बलमिच्याइँ भएको छ । प्यालेस्टाइनीहरूको दुःखलाई कसले महसुस गर्दैन होला ? र, त संसारैभरिका सचेत नागरिक उनीहरूको पक्षमा सडकमा उत्रिएर विरोध प्रदर्शन गरिरहेका छन् । गाजापट्टीमा बच्चा, युवा र वृद्धवृद्धा सबैको दिन शत्रुको प्रतिरोध गर्दैरै बितिरहेको छ ।

त्यहाँ जन्मिनेबित्तिकै बच्चाले हत्या, हवाई आक्रमण, बमबारी, रकेटको प्रहार र बाटोमा गुडिरहेका ट्यांकका प्रत्यक्षदर्शी बन्नु परेको छ। गृहणीहरूको दैनिकी तनावमा बित्छ कि घरबाट निस्केर गएका सन्तान र श्रीमान् सकुशल घर फर्किने हुन् वा होइनन् । बूढाबूढीहरू आफ्ना बुढ्यौली आँखाहरूमा यस नरसंहारको चित्र कोर्न बाध्य छन् ।

कवि लेना खलाफ तुफाहाको कविता 'आइरहेको छ आदेश' ले गाजामा खसाइएको बम र निर्दोष जीवनमाथि हानिएको हरेक गोलीको आवाज आकाशै गर्जिने गरी संसारलाई सुनाइरहेको छ । हनान मिखइल अशरावीको कविता 'बच्चीको डायरी' र रैमजी बारुदको कविता 'जब म ठूलो हुनेछु' ले टीभी र भिडियो क्लिपहरूमा देखिने बच्चाहरूको क्रन्दन र पीडालाई मनमुटु छेड्ने गरी संसारसामु पोख्दै छ । कवि मोसाब अबु तोहाको कविता 'प्यालेस्टाइनी सडक' मा ठुल्ठूला ट्यांकले मानव-समाजको मुटुलाई किच्दै हिँडिरहेको बताउँछ । यी कविताहरूमा प्यालेस्टाइनीका घरहरू मन दुखाउने गरी उजाडिएका छन् । यी कविताले उनीहरूले झेल्नुपरेको अपमान, छलकपट, उत्पीडन र अन्यायलाई सिर्जनात्मक रूपमा विश्वसामु ल्याएका छन् । यस्ता सिर्जनाले आजको प्यालेस्टाइनी साहित्यको विश्व साहित्यमा छुट्टै स्थान बनाइदिएको छ। यी कविता मातृभूमिप्रतिको अगाध माया र जनताले भोगेका उत्पीडनको विरोधमा जन्मेको संघर्ष र बलिदानको ऐना हो ।

यिनले हामीलाई आफ्नै परिवेश र समाजमा भइरहेका अन्यायहरूसित जुध्ने प्रेरणा दिन्छन् । ती प्यालेस्टाइनी एउटा शान्तिपूर्ण र सहअस्तित्वको बलियो जगमा उभिएको समाज निर्माणप्रति हाम्रो चाहनाको सुन्दर प्रतिविम्ब हुन् ।

*(गुरुङको अनुवादमा प्यालेस्टाइनी कविहरूका कविता समेटिएको कविता-संग्रह 'जहाँ आमाहरू कहिल्यै निदाउँदैनन्' प्रकाशित छ)*

# 'बाहुबली'लाई समेत पछाडि पार्दै 'स्त्री-२'

**उहिलेका दर्शक हिरो-हिरोइनको एक झल्को पाउन मरिहत्ते गर्थे तर अब समय बदलियो, कलाकारका अभिनयको मूल्यांकन गर्न ती सक्षम छन्- *राजकुमार राव***



फिल्म

सुशील पौडेल

बलिउडमा एकपछि अर्को सफलताको सिँढी चढिरहेका राजकुमार राव यतिबेला प्रदर्शनरत फिल्म 'स्त्री-२' बाट बक्सअफिसमा राज गर्ने अवस्थामा छन् ।

त्यसो त 'स्त्री-२' फिल्ममा राजकुमार एक्ला कलाकार होइनन्, श्रद्धा कपुरदेखि पंकज त्रिपाठी, अभिषेक बनर्जी लगायतको पनि उत्तिकै दमदार भूमिका र अभिनय छ, तर अब मल्टी एक्टर फिल्ममा पहिलो जस पाउने अवस्था राजकुमारमा आइपुगेको छ । फिल्मले यतिबेला बक्सअफिसमा समेत रेकर्ड तोड्दै व्यापार गरिरहेको छ । भारतीय स्वतन्त्रता दिवसमा थप दुई ठूला फिल्मसहित रिलिज भएको 'स्त्री-२' को व्यापारले यतिबेला ट्रेड एनालिस्टलाई समेत अवाक् बनाइदिएको छ । 'बाहुबली' जस्ता फिल्मको रेकर्डलाई तोड्दै यसले अहिले नै आफ्नो 'नेट कलेक्सन'मा भारतीय फिल्ममा सर्वाधिक कमाइ गर्ने फिल्मको नवौं स्थानमा आफूलाई ल्याइसकेको छ । जबकि फिल्मको व्यापार अझै पनि उम्दा छ । त्यसबाहेक फिल्मको समीक्षात्मक टिप्पणी पनि निकै सुखद छ । फिल्ममा राजकुमारले दिएको कमिक टाइमिङको अधिकांशले प्रशंसा गरेका छन् । आखिर राजकुमार हरेक चरित्रमा नयाँपन ल्याउन माहिर जो छन् ।

यी स्टार राजकुमारका जीवनका उकाली-ओराली कस्ता थिए ? एकछिन उनका संघर्षका दिनतिर चियाइहेरौं ।


आज ३१ अगस्टदेखि ४० वर्ष पार गरे, अभिनेता राजकुमार राव । २६ वर्षको छँदा पहिलो पटक फिल्ममा देखिएका थिए । अमिताभ बच्चन स्टारर रामगोपाल बर्माको फिल्म 'रण' मा उनी समाचार वाचकको अति सामान्य र छोटो भूमिकामा देखिएका थिए । तर, त्यही छोटो भूमिकामा देखिएको गुरगाउँको देशी केटो दिमागमा छापिएको थियो, निर्देशक दिवाकर बनर्जीको । उनी 'लभ, सेक्स और धोका' बनाउँदै थिए, राजकुमारलाई अडिसनमा बोलाए । र, तीन वटा कथा भएको उक्त फिल्मको एक कथाको मुख्य पात्र आदर्शको भूमिकामा राजकुमार छानिए ।

सन् २०१० मा फिल्म रिलिज हुँदा समीक्षकका लागि उनी सरप्राइजिङ एक्टर बने ।

त्यसपछि बलिउडकै चल्तीकी लेखक एकता कपुरले आफ्नो लगानीमा बनाउन लागेको 'रागिनी एमएमएस' मा जोडिए । भलै, त्यस फिल्मको समीक्षा उनको पक्षमा आएन, तर फिल्मलाई अत्यधिक दर्शकले हेरे, राजकुमार तिनै धेरै दर्शकमाझ एकैचोटि चिनिन पाए । उनलाई फाइदा नै भयो । किनभने त्यसपछि नै उनले अनुराग कश्यपले निर्माण गरेको क्राइम थ्रीलर फिल्म 'सैतान' मा पुलिसको भूमिका पाए । उक्त फिल्म सँगसँगै फेरि एक पटक समीक्षकले राजकुमारको कामको खुलेरै तारिफ गरे । यसको अर्को फाइदा उनले अनुरागको निर्देशनमा बनेको 'ग्यांग्स अफ वासेपुर-२' मा पनि काम पाए । हुन त राजकुमार अनुरागको आँखामा 'लभ, सेक्स और धोका' बाटै परिरहेका थिए ।

राजकुमार फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट अफ इन्डियामा पढ्दैदेखि अभिनयका लागि मनोज बाजपेयीलाई पछ्याउँथे भने शाहरूख खानका संवाद र हाउभाउ, शैलीको नक्कल पनि सँगसँगै गर्थे । शाहरूखको फेम देख्दा दंग पर्ने उनी आफैं भने स्टारडमको पछि कहिल्यै लोभिएनन् । चरित्र र पटकथा हेरेर आफ्ना लागि फिल्म छनोट गरे । वर्षमा दुई वा तीन मात्रै फिल्म गर्ने, तर राम्रोमा गर्ने भन्ने उनको उद्देश्य रहन्थ्यो । 'म केवल कलाकार बन्न चाहन्छु,' करिअर सुरु गरेको दुई वर्षमै फिल्म शाहिदबाट नेसनल अवार्ड जितेका राजकुमार थप्छन्, 'म कुनै कलाकारलाई दिइने रोमान्टिक हिरो वा एक्सन हिरो जस्ता ट्यागको दास बन्न चाहन्न, म जे गर्छु दिलदेखि काम गर्न चाहन्छु, ट्यागको पछि लागेर बाँधिन चाहन्न ।' त्यसैले पनि उनी आफूलाई प्रोडक्ट वा ब्रान्ड ठान्दैनन् । बरु भन्छन्, 'म केवल एउटा सच्चा कलाकार बन्न चाहन्छु ।'

शाहरूख खान, आमिर खान, सलमान खान वा अक्षकुमार, अजय देवगण जस्ता स्टारको जगजगी र बोलवाला चलिरहेका बेला कहाँ-कहाँदेखि टप्किएका राजकुमार जस्ता संघर्ष गरिरहेका कलाकारका लागि बलिउडको ढोका मुस्किलले खुल्ने गर्थ्यो । राजकुमारले आफूले पाएका केही कम लगानीका र प्रयोगधर्मी फिल्मको मौकालाई खेर जान दिएनन् । सानो भूमिका नै किन नहोस्, उनले त्यसमा जीवन्त अभिनय गरिदिए र कसै न कसैको नजरमा पर्ने ल्याकत राखे । 'शाहिद' फिल्मबाट अभिनेतामा नेसनल अवार्ड र फिल्मफेयर अवार्डसमेत जितिसकेपछि भने राजकुमारले मसलेदार मूलधारको बलिउडमा नै वैकल्पिक धार समाते, त्यसैलाई निरन्तर पछ्याउँदै अन्ततः यथार्थपरक फिल्मका लागि पहिलो रोजाइमा पर्न थाले । तर, त्यो तत्कालै सम्भव भने भएन । अभिनयमा आफूलाई प्रमाणित गरिसकेर पनि उनले मुख्य भूमिका भने अझै पाइसकेका थिएनन् वा बलिउडले उनलाई अझै पनि मुख्य अभिनेताका रूपमा पत्याइसकेको भने थिएन । किन पनि भने उनी बलिउडको फर्मुला फिल्ममा कतै कुनै कोणबाट पनि हिरोको परिभाषामा अटाउँदैनथे ।



'बाहुबली' को रेकर्ड तोड्दै 'स्त्री-२' ले 'नेट कलेक्सन'मा भारतीय सिनेमामै सर्वाधिक कमाइ गर्ने फिल्मको नवौं स्थानमा आफूलाई उभ्याएको छ



'तलास' फिल्ममा झाक्कलझुक्कल देखिए पनि त्यसका मुख्य अभिनेता आमिर खानको फेमको छायामा परे भने 'काई पो चे' मा सुशान्त सिंह राजपुतको को-एक्टरका रूपमा लिइयो । बक्सअफिस हिट महिलाप्रधान फिल्म 'क्वीन' बाट नेसनल अवार्ड नै जितेकी कंगना रनावतका अघि राजकुमार कमै दर्शकको नोटिसमा परे होलान् । त्यसबाहेक 'डोल्लीकी डोली' होस् वा इमरान हासमी र विद्या वालनको मुख्य भूमिका रहेको 'हमारी अधुरी कहानी', मनोज बाजपेयी अभिनीत बायोपिक फिल्म 'अलिगढ' सबैमा राजकुमार मुख्य कलाकारलाई माथि उचालिदिने क्याटालिस्टमा सीमित रहे, भूमिकाका हिसाबले । तर, उनको अभिनय क्षमतामा भने एकपछि अर्को फिल्ममा निखारता आइरहेको थियो । उनले भूमिका सानो वा कम महत्त्व हुनुसँग कहिल्यै गुनासो गरेनन्, बरु आफूले पाएको चरित्रलाई शतप्रतिशत न्याय दिन लागिपरिरहे । आफूले पाएका स-साना चरित्रकै पृष्ठभूमि, लवज, पहिरनको अध्ययनका लागि झुपडपट्टीमै पनि गएर महिनौं बस्थे, पात्रलाई नियाल्थे ।

सन् २०१६ मा प्रदर्शनमा आएको फिल्म 'ट्र्याप्ड' मा उनले मुख्य भूमिका मात्रै पाएनन्, कल सेन्टरमा काम गर्ने सौर्य पात्र जो आफ्नै अपार्टमेन्टमा फस्न पुग्दा बाँच्नका लागि गरेको संघर्षलाई जीवन्तता दिने गरी एक्लै काँधमा बोकेर फिल्मलाई बक्सअफिस सफलतादेखि समीक्षात्मक प्रशंसा पनि दिलाए । यस फिल्मबाट पुनः उनले एक पटक अभिनेताका लागि विभिन्न अवार्डहरू जिते ।

लगभग छ वर्षबीचमा आएका राजकुमारका फिल्महरू बढी नै संवेदनशील, सामाजिक वा गह्रुंगो विषयवस्तुमाथि बनेका थिए । कलाकारका रूपमा राजकुमारको छवि पनि सोही अनुरूप निर्माण भइरहेको थियो । तर, उनलाई बहुआयामिक बनाउने गरी प्रमाणित गर्न फिल्म 'बरेलीकी बर्फी' ले निकै ठूलो गुन लगायो । अश्विनी ऐयर तिवारीको निर्देशन रहेको यस रोमान्टिक कमेडी फिल्ममा राजकुमार आयुष्मान खुराना, कृति स्यानोन, पंकज त्रिपाठीसँगै मुख्य भूमिकामा त थिए नै, आफूलाई ठट्यौलो चरित्रमा पनि फिट छु है भनेर बलिउडलाई सन्देश दिए ।

सन् २०१७ मा उनी अभिनीत फिल्म 'न्युटन' बर्लिन फिल्म फेस्टिभलदेखि भारतबाट ओस्कार अवार्डका लागि समेत उक्त वर्ष छनोटमा परेको थियो । एक निर्वाचन आयुक्तको भूमिकामा देखिएका उनलाई यसै फिल्मले दोस्रो पटक नेसनल अवार्डसमेत दिलायो । अब भने राजकुमारले बलिउडमा दह्रैसँग खुट्टा टेकिसकेका थिए । भलै यसका लागि उनलाई सात वर्ष तपस्या नै गर्नुपरेको किन नहोस् । उनी आफूलाई संघर्ष गर्नका लागि अभिनयको भोकले सधैं सघाएको अहिले आएर सम्झन्छन् । भन्ने गर्छन्, 'मलाई अभिनयको भोकले सधैं सताइरह्यो, अझ फरक-फरक पात्र र तिनका चरित्रले त मलाई तिनका जीवन जिउन सधैं ऊर्जा थपिरहे । म केवल ती पात्रलाई अभिनयका माध्यमले जिउन लालायित हुने गर्थें । नाम र दामभन्दा पनि मलाई सच्चा काम गर्ने ठूलो भोक थियो र त्यो अझै पनि छ ।'

उनी अबका कलाकार स्टारडमले नभई कलाले मात्र बाँच्न र टिक्न सक्ने ठान्छन् । यसमा उनको तर्क छ, 'उहिलेका दर्शकका लागि फिल्मका हिरो, हिरोइनसम्मको पहुँच पाउनु असम्भव प्रायः थियो । हिरो, हिरोइनको एक झल्को पाउनका लागि मरिहत्ते गर्ने फ्यानको जमात अत्यन्तै ठूलो हुन्थ्यो । कलाकारका निजी जीवनबारे थोरै पनि थाहा पाउने दर्शक अरूका अघि वाहवाही हुन्थ्यो । त्यही क्रेजले नै कलाकारलाई स्टार बनाएको थियो । तर, अब समय बदलियो । आजका कलाकारहरू सर्वसुलभ छन्, त्यसैले पनि उनीहरूका लागि नै मरिहत्ते गर्ने हिजोको जस्तो न क्रेज छ, न फ्यान नै हुनेछन् । अबका दर्शक भनेका कलाकारलाई नै हेर्न मरिहत्ते गर्ने नभई तिनका अभिनय हेर्न र मूल्यांकन गर्ने खालका सक्षम र शिक्षित छन् । त्यसैले पनि अब बिना कला र क्षमताको कलाकार जो भए पनि टिक्न गाह्रो छ ।' सायद हो पनि, अहिले बलिउडकै गिनेचुनेका कलाकारका छोराछोरीको डेब्युसमेत फिक्का हुन थालिसक्यो । स्टारका सन्तान भएकैले दर्शकले स्वागत गर्न छोडे, बरु अभिनयमा दम छ भने, राजकुमार जस्ता कलाकारले ठाउँ पाइरहेका छन् र सफलताको सिँढी चढिरहेका छन् । तर, उनी भने यसलाई पनि सफलता मान्दैनन् । उनका लागि के हो त सफलता ? भन्छन्, 'जुन चीज तिमीले गर्न चाहेका छौ र त्यसका लागि तिमीलाई केही सोच्नुपर्दैन, कुनै जोडघटाउ लगाइरहनु पर्दैन, स्वतन्त्र र स्वच्छन्द गर्न सक्छौ, त्यो नै मेरा लागि सफलता हो- घर, गाडी किन्नु वा जग्गा जोड्नु जस्ता भौतिक आर्जनमा म आफ्नो सफलतालाई दाज्दिनँ ।'

# नेपालमा रमाउने बंगलादेशी टिम

**नेपालसँग नेपालमै खेल्दा पनि बंगलादेशी टिमले 'भाग्य' आफ्नो पक्षमा छ भन्ने दाबी कसरी गर्‍यो ?**
**तर इतिहासमा सधैं यस्तो भएको थिएन ।**



फुटबल

हिमेश

हेमन्त श्रेष्ठ



फुटबलमा जित्ने त खेलेर नै हो । तर, 'भाग्य' भन्ने पनि केही कुरा त हुन्छ होला । जस्तो, साफ यू-२० च्याम्पियनसिपकै कुरा । दक्षिण एसियाली उमेर समूहको सबैभन्दा ठूलो प्रतियोगिता हो, यो । बंगलादेशले भर्खरै यसलाई जितेको छ । फाइनलमा बंगलादेश भिडेको थियो, नेपालसँग । नेपालसँग नेपाली भूमिमै खेल्दा बंगलादेशलाई गाह्रो हुनुपर्ने हो, अझ त्यो पनि फाइनल । तर, बंगलादेशी टिम एक प्रकारले खुसी थियो । बंगलादेशी प्रशिक्षक मारुफुल हक भनिरहेका थिए, 'हामीलाई नेपालसँग फाइनलमा नेपालमै खेल्दा भाग्यले साथ दिन्छ ।'

नभन्दै यस्तै भयो । नेपालले फाइनल सजिलै जित्यो । स्कोर थियो, ४-१ । स्कोर मात्रै हेर्ने हो भने यो त एकपक्षीय खेल जस्तै देखिन्छ, भलै मैदानी भिडन्त त्यतिसम्म पनि थिएन । हो, बंगलादेशी टिमको प्रदर्शन व्यावसायिक टिमकै जस्तो थियो । बंगलादेशका युवा खेलाडीले आफूहरू अलिकति भए पनि परिपक्व भएको देखाए, नेपाली खेलाडीको तुलनामा । नेपाली टिमलाई दुःख त हुने नै भयो, फाइनलमा हारेपछि । त्यसैले नेपाली प्रशिक्षक उर्जन श्रेष्ठले ठीकै कुरा गरे ।

उनको भनाइ थियो, 'आफ्नै घरेलु मैदानमा फाइनल खेलेर उपाधि जित्ने अवसर बारम्बार कहाँ आउँछ र ?' त्यस्तो अवसरमा चुकेपछि अपसोच त साह्रै हुन्छ ।

बंगलादेशका लागि यो जितको अर्थ भने धेरै रह्यो । एक त बंगलादेशी टिम त्यहाँ चलेको आरक्षण विरोधी आन्दोलन सकिएको पृष्ठभूमिमा यो प्रतियोगिता खेल्न नेपाल आएको थियो । त्यसैले यो जितलाई त्यही आन्दोलनमा सहिद हुनेलाई समर्पित गर्न बिर्सेन, बंगलादेशी प्रशिक्षक र खेलाडी दुवैले ।

यही आन्दोलनकै कारण टिमले पर्याप्त अभ्यास र प्रशिक्षण पनि गर्न पाएको थिएन । तर, मैदानमा ओर्लिंदा त्यस आन्दोलनले दिएको उत्साह भने खेलाडीमा स्पष्ट देखिन्थ्यो । लिग चरणमा नेपाल र बंगलादेश एकै समूहमा थिए । नेपालले त्यसमा बंगलादेशलाई हराएको पनि थियो । फाइनलमा बंगलादेशले त्यसकै बदला पनि लियो भन्दा हुन्छ । बंगलादेशी टिमले भनिरहेको थियो, फाइनलको खास दिन जुन टिमले राम्रो खेल्छ, जित्ने त्यही हो । लगभग भएको पनि त यही थियो ।

बंगलादेशी टिमले नेपालसँग नेपालमै खेल्दा 'भाग्य' आफ्नो दायाँ हुन्छ भनेर दाबी चाहिँ किन गर्‍यो होला ? त्यसो त इतिहासमा सधैं यस्तो भएको पनि छैन । बंगलादेशी प्रशिक्षक हकले भने जस्तै इतिहासबाट राम्रा राम्रा कुरा झिकेर त्यसबाट प्रेरित हुने त हो । नराम्रो जति सम्झेर उदास हुनुमा के नै अर्थ हुन्छ र ? बंगलादेशी फुटबलले सधैं दोहोर्‍याएर सम्झन चाहने भनेको सन् १९९९ को आठौं दक्षिण एसियाली फुटबलको पुरुष फाइनल पनि हो ।

त्यति बेला स्वर्ण पदकका लागि दशरथ रंगशालामा बंगलादेश नेपालसँग भिडेको थियो । सबै खाले परिस्थिति नेपाल अनुकूल थियो । खेल नेपालले नै जित्छ, यस्तै माहोल तयार भइरहेको थियो । तर, खेलमा त्यस्तो केही भएन । यो खेल बंगलादेशले १-० ले जित्यो । गोल गर्ने खेलाडी थिए, अल्फाज अहमद । गोल भएको थियो, ४४ औं मिनेटमा- पहिलो हाफ सकिनै लागेको बेला । त्यसपछि नेपालले गोल फर्काउन जति प्रयास गरे पनि गरेको गर्‍यै मात्र भयो, खेल अन्ततः बंगलादेशले जित्यो ।

त्यही एक गोलका लागि अल्फाज बंगलादेशी फुटबलमा अमर जस्तै भए । अहिले पनि बंगलादेश र नेपाली फुटबलबीचको 'प्रतिद्वन्द्विता' को कुरा निस्कनुपर्छ, सबैभन्दा पहिले आउने नाममा अल्फाज पनि पर्छ । संयोग हेरौं है, त्यतिबेला पनि बंगलादेशले सेमिफाइनलमा भारतलाई नै हराएको थियो । अहिले यू-२० मा पनि बंगलादेशले भारतलाई नै हराएको थियो । किन हो फेरि, बंगलादेशलाई पनि फुटबलमा भारतलाई हराउनुपर्छ, त्यसले दिने खुसीको सीमा नै हुन्न ।

यसपल्ट भारतलाई हराउँदा पनि बंगलादेशी मिडियाले तीन/चार थोक कुरा सँगसँगै राखेर प्रस्तुत गरे । बंगलादेशको जेन-जेड, तिनै पुस्ताले चलाएको आरक्षण विरोधी आन्दोलन, भारतसँग अलिकति तलमाथि भएको बंगलादेशको सम्बन्ध, अनि फुटबल मैदानमा युवा खेलाडीले प्राप्त गरेको जित । खासमा बंगलादेशले नेपालमाथि प्राप्त गरेको जितको आधार भारतलाई हराएपछि नै तयार भएको थियो । भारतलाई बंगलादेशले के हराएको थियो, बंगलादेशी टिम अर्कै बनेको थियो, जब्बर र जबरजस्त ।

अब सन् २०२२ को वुमेन्स साफ च्याम्पियनसिपको कुरा । बंगलादेशले यो प्रतियोगिता जितेर तहल्का नै मच्चायो । बंगालदेशको समग्र खेल इतिहासमै महिला खेलाडीले हात पारेको यो सफलतालाई अद्वितीय र अरूसँग तुलना पनि गर्न नमिल्ने भनेर व्याख्या गरिन्छ । बंगलादेशले यो सफलता पनि नेपाललाई नेपालमै हराएर जितेको थियो । फाइनल अगाडि पनि सबै परिस्थिति नेपाल अनुकूल थियो, अब चाहिँ नेपालले इतिहास रच्छ भनिएको थियो, तर इतिहासले बंगलादेशको साथ दियो ।

त्यतिबेला फाइनलको स्कोर थियो, ३-१ । त्यस प्रतियोगितको सेमिफाइनलमा बंगलादेशले भुटानलाई हराएको थियो, नेपालले भने भारतलाई । समूह चरणमा भारत र बंगलादेश एकै ठाउँमा परेका थिए, त्यसैले सेमिफाइनलमा एकआपसमा भिड्नु परेन । तर समूह चरणमा बंगलादेशले भारतलाई खेलाई खेलाई तीन गोलले हराएको थियो । त्यतिबेला बंगलादेशी टिमका प्रशिक्षक थिए, गोलाम रोब्बानी छोटन । बंगलादेशी महिला फुटबललाई अहिलेको स्थितिसम्म पुर्‍याउन उनको ठूलो हात छ ।

भारतमाथिको यो जितपछि उनी कति धेरै खुसी थिए भने भनिरहेको थिए, सायद अब हामीलाई उपाधि जित्नबाट रोक्न गाह्रै हुनेछ । नेपाललाई फाइनलमा हराउन सक्ने पृष्ठभूमि पनि सायद भारतविरुद्धको त्यो प्रसिद्ध जित नै थियो । अहिले आएर सोच्दा यस्तै देखिन्छ । अनि भन्न कर लाग्छ, बंगलादेशले नेपाली भूमिमा खेल्नुपर्छ, भाग्यले अलिकति भए पनि साथ यही टिमलाई दिन्छ । भलै सन् १९८४ को पहिलो दक्षिण एसियाली खेलकुदको फाइनलमा नेपालले बंगलादेशलाई नै हराएको थियो ।

कुरा यत्तिकैमा सकिन्न । नेपालका लागि पनि त बंगलादेशी भूमि भाग्यमानी नै छ भन्दा हुन्छ, जस्तो बंगलादेशका लागि नेपाली भूमि । यसका लागि सन् १९९३ को दक्षिण एसियाली खेलकुदको पुरुष फुटबलमा फर्कनुपर्छ । त्यसमा नेपालले ऐतिहासिक स्वर्ण जितेको थियो । फाइनलमा भारतलाई हराएको थियो, टाइब्रेकरमा । नेपाली फुटबलको इतिहासमा यसलाई सबैभन्दा ठूलो सफलता मान्ने हो भने यसले अरूप्रति बिल्कुलै अन्याय गर्दैन । यति महत्त्वको सफलता हो, यो ।

नेपाली फुटबलको इतिहासबारे चर्चा गर्दा सबैभन्दा बढी दोहोरिएर आउने अवसर पनि यही हो । त्यसपछि भने नेपाली फुटबलमा उपाधिको खडेरी नै लाग्यो । जति गरेपछि जित्नै नसक्ने स्थिति बन्यो । तर यो तोडियो, सन् २०१६ मा, २३ वर्षको लामो अन्तरपछि । अवसर थियो, बंगबन्धु गोल्डकप । अब भनिरहनु पर्दैन, यो प्रतियोगिता पनि बंगलादेशमै भएको थियो, प्रतियोगिताको नामैले सबथोक बनाउँछ । यही प्रतियोगिता जितेपछि नेपाली फुटबलमा चलिरहेको खराब समय सकिएको समेत भनिन्छ ।

संयोग के पनि भने सन् १९९३ मा नेपालले स्वर्ण जित्दा पनि आफ्नो पहिलो खेलमा बंगलादेशलाई हराएको थियो । सन् २०१६ मा पनि नेपालले बंगलादेशको सामना गरेको थियो, यो भने बराबरीमा टुंगिएको थियो । कम्तीमा बंगलादेशले नेपाललाई आफ्नै भूमिमा हराउन सकेन । यो इतिहासको क्रमलाई नेपाल र बंगलादेशी फुटबलबीचको 'प्रतिद्वन्द्विता' भने पछि हुन्छ । होइन भने नेपाल र बंगलादेशी फुटबलबीचको 'दोस्ती' भन्दा पनि हुन्छ । यो प्रतिद्वन्द्विता र दोस्ती फुटबलको मैदानमा चर्किएकै राम्रो पनि ।

पृष्ठ क बाट

# बेलायतभन्दा रमाइलो...

भोलिपल्ट तीनशिरको यात्रा तय गर्नुथियो । माछापुच्छ्रे, गन्धर्व चुली र अन्नपूर्ण तेस्रो-चौथो हिमालले बनाएको उपत्यकामा पर्छ, तीनशिर । तीन मुहानबाट आएको पानी मिसिएर सेती गण्डकी बन्छ । आधाभन्दा बढी माछापुच्छ्रे चढेर पुग्नुपर्ने यो ठाउँमा कि त सिकारी पुगेका छन्, कि त धर्मावलम्बी लिएर पुग्ने स्थानीय पथप्रदर्शक । जनैपूर्णिमाका दिन तीनशिर पुग्ने हाम्रो लक्ष्य थियो ।

मौसमको भर थिएन । पानी पर्ने, रोकिने, फेरि पर्ने भइरहेको थियो । दुई दिनदेखि घाम लागेको थिएन । साँझपख भने मौसम हल्का खुलेर सुनौलो माछापुच्छ्रे हेर्ने मौका मिलेको थियो । स्थानीय गाइडका रूपमा तीनशिर पुगेर आइसकेका मिर्साको छिमेकी गाउँ करुवाका मनबहादुर पुन र दिलबहादुर पुन हामीसँग थिए । गाइड र भरियाको टोली दिउँसो माछापुच्छ्रेबाट बग्ने डाङडुङे खोलाको पहिरोमा बाटो बनाएर फर्किएका थिए । उनीहरूले पहिरो पार गरेर तीनशिर पुग्न सकिने बताए ।

तीनशिर पुग्न नैंसा बगरबाट दुई दिन लाग्छ । नैंसा बगरबाट भद्रे देउराली हुँदै माछापुच्छ्रे हिमालको केही भाग छिचोलेर रानीखर्क वा अन्नपूर्ण डाँडा (झन्डै ५ हजार मिटर) मा बास बस्न पुग्नुपर्छ । अर्को दिन तीनशिर पुगेर पुनः अन्नपूर्ण डाँडा वा रानीखर्क बास बस्न आइपुगिन्छ ।

दुई दशकअघि तीर्थयात्री र आरोहण टोलीसँग तीनशिर पुगेका मनबहादुर पहिला डाङडुङे खोला नै नभएको सम्झन्छन् । 'पहिला त्यहाँ बरफ थियो । बरफमाथि हिँडेरै जान्थ्यौं,' उनले भने, 'अहिले बरफ पग्लिएर खोला बनेर पहिरो नै गएछ ।' पृथ्वीको तापक्रम वृद्धिको असर हिमाली क्षेत्रमा कसरी परिरहेको छ भन्ने उदाहरण माछापुच्छ्रे हिमालको हिमनदी डाङडुङे खोलामा देखियो । यसअघि पनि दुई वर्षपहिले नेपाल पर्वतारोहण संघ, गण्डकीको टोलीसमेत तीनशिरको अन्वेषणमा निस्किएको थियो । डाङडुङे खोलाकै पहिरो छिचोल्न नसकेर त्यो टोली फर्किएको थियो । हामी पुग्नुभन्दा दुई दिनअघि माछापुच्छ्रे गाउँपालिकाकै एक टोली डाङडुङे खोलाबाट फर्कियो ।

भेडीगोठमा सुर्जे दाइको रात छटपटीमा बित्यो । तीनशिर पुग्नु पनि थियो, मौसमको खराबीले पुग्न नसकिने हो कि भन्ने चिन्ता अर्कोतर्फ थियो । हामीसँग भएका टेन्ट पुरानो भएर पानी चुहिने भएका थिए । माथि जाँदै गर्दा चल्ने चर्को हावाहुरी टेन्टले नथाम्ने अवस्था आउन सक्थ्यो । बिहान साढे २ बजे सुर्जे दाइले धेरै सोचविचार गरे । त्यस क्षेत्रमा कसैलाई केही भइहाले उद्धारका लागि अप्ठेरो थियो । मौसमको खराबी र सञ्चार सम्पर्कको अभावका कारण हेलिकोप्टर आउन सक्दैनथ्यो । बोकेर पोखरा पुर्‍याउन तीन दिन लाग्थ्यो । आफूले लगेको टिमलाई जोखिममा पार्न चाहेनन् । हिँड्ने भनेको दिन उनले टिमलाई सुनाइदिए, 'यसपालि नजाने भइयो, अर्कोपल्ट प्रयास गरौंला ।'

एक्यापका रामजी सरले उनको निर्णयमा समर्थन जनाए । जोखिम मोल्न नहुने तर्क जायज माने । टिममै रहेका केहीलाई भने त्यो निर्णयले निराश बनायो । त्यस दिन नैंसा बगरमै बास बस्यौं । केही साथी मर्दी हाइक्याम्प (४७०० मि.) सम्म पुगे । मौसम खुल्थ्यो भने माछापुच्छ्रे र हाम्रोबीचमा हावाबाहेक केही हुने थिएन । डाँफे, मुनाल त्यहीं देखिन्थ्यो । थार, घोरल र झारलका बथान दौडिरहेका भेटिन्थे ।

अर्को दिन नौंजे, बुंगा हुँदै पिपर फर्कियौं । पिपरमा करुवाको दुई भैंसी गोठ रहेछन् । हाम्रा गाइड मनबहादुरका छोराले भैंसीगोठ सम्हालेका थिए । पिपरको डाँडामा पिपर ताल छ । यो तालमा रूखको पात झर्नेबित्तिकै चराले टिपेर बाहिर फ्याँक्ने गरेको जनविश्वास छ । चैत, वैशाखको खडेरीमा समेत पिपर तालमा पानी नसुक्ने भएकाले जंगली जनावर र चराचुरुंगी पानी पिउन यो तालमा आउँछन् । कालिज प्रजातिका डाँफे, मुनाल, चिर, चिलिमे, फोकराँस लगायत चराको अवलोकनका लागि विदेशबाट समेत चराप्रेमी, संरक्षणविद् एवं अनुसन्धानकर्मी पिपर पुग्छन् ।

अर्को दिन पिपरबाट पिलिचों, ठूलो खुम, सानो खुम हुँदै ओरालो झरेपछि करुवा गाउँ आइपुग्यो । बुंगाबाट पिपर, पिपरबाट करुवा झर्दा जुत्ता गाडिने हिलोमा जुका फालिसाध्ये थिएन । करुवा आइपुगेपछि बल्ल मानवबस्ती देखियो । करुवाबाट तेर्सै हिँडेर मिर्सा आइपुगियो ।

यात्राको उद्देश्य प्रकृति नियाल्नु मात्रै हुँदैन, मानिस पढ्नु पनि हुन्छ । तीनशिर पुग्ने अभियान सफल भएन । तर, यो पदयात्राले सहयात्री जोड्यो । यात्रीका कथा थाहा पाउने मौका मिल्यो । गाली पनि गर्ने र मनका उस्तै सफा सुर्जे दाइ, हिँडाइमा सँगसँगै भएर साथ दिएका रामजी सर, युवा जोस भएका शक्तिजी, मीठो खाना पकाउने निर्मल दाइ र साथीहरू, भारी बोक्न गाह्रो भएपछि अब पढ्ने प्रतिज्ञा गरेका सन्दीप राई, तर्साउनेको किस्सा सुनाउने गोठमूली, टिममा भएका सबैसबैसँग अझै यात्रामा छु जस्तो लाग्छ ।

समयले साथ दिएछ भने एकफेर भेट्न पक्कै आउनेछौं, प्रिय तीनशिर ।